# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको शिक्षाको इतिहास त्यति लामो छैन । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात मात्र नेपालमा आधुनिक र औपचारिक शिक्षाको विकास र विस्तार भएको पाइन्छ । तत्कालिन समयमा प्राथमिक शिक्षामा उमेरसमूहका (६–१० वर्ष) विद्यार्थी मात्र ०.९% भर्ना र देशकै कूल जनसंख्याको जम्मा साक्षरता दर मात्र २% (शर्मा सन् १९९०)भएको मुलुकमा करिब ६० वर्षको अन्तरालमा शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति गर्दै प्राथमिक उमेर समूहका कूल विद्यार्थी भर्ना दर ९३.७% (युएनडीपी सन् २०१०) र साक्षरता दरले पनि फड्को मार्दै ६५.९४% (सिबिएस सन् २०११) पुगेको छ । त्यसै गरि विद्यालयको संख्यामा पनि ती ताका प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तह क्रमशः ३२१, ११ र २ वटा मात्र थिए (भट्ट सन् २०००) तर सन् २०१० मा आइपुग्दा यो संख्या क्रमशः ३१६५५, ११३४१ र ६९२८ वटा स्थापना भई सकेको छ (सिबिएस सन् २०१०) ।

विगत केहि दशक अगाडिको समय ताका शिक्षामा सहभागिता सम्भ्रान्त वर्गको लागि मात्र पहुँचको विषय थियो भने करिब एक दुई दशक यता विभिन्न वर्ग, लिङ्ग, जातजाति समूहको पनि उल्लेख्य रुपमा सहभागिता बढ्दै आईरहेको छ । प्राथमिक उमेर समूहमा कूल विद्यार्थी भर्नादरको ३८.६% जनजाति विद्यार्थीको सहभागिता रहेको छ । त्यस्तै दलित विद्यार्थीको पनि कूल विद्यार्थी भर्नादरको २०% सहभागिता देखिन्छ (युएनडीपी सन् २०१०) । यसरी नै केहि दशक अगाडि शैक्षिक सहभागितामा लैङ्गिक असमानता व्यापक रहेको मुलुकमा वर्तमान समयमा आइपुग्दा करीब करीब समान २.१% मात्र असमानता देखिन्छ (युएनडीपी सन् २०१०) । यो तथ्याङ्कबाट वि.सं. २००७ पछि शिक्षा विकासको क्षेत्रमा नेपालमा पनि ठूलो फड्को मारीसकेको अनुभूती गर्न सकिन्छ ।

शिक्षाको हरेक क्षेत्रमा महत्व बृद्धि हुँदै जाने क्रममा शिक्षाले नागरिकलाई आर्थिक रुपमा सबल, उद्यमशील, औद्योगीक विश्व बजारमा प्रतिस्पर्धी, राजनैतिक रुपमा सशक्त, सभ्य तथा समावेशी र सामाजिक सांस्कृतिक हस्तान्तरणको महत्वले गर्दा विश्वव्यापी रुपमा शिक्षाको विकास र विस्तार भईरहेको छ । सत्रौं सताब्दी ताका नै युरोपियन मुलुकहरुले शिक्षाको महत्व बुझि आफ्ना नागरिक कम्तीमा पनि साक्षर भई बाइबल तथा क्राइस्टको बारेमा ज्ञान हुनु अनिवार्य ठानि सन् १६४२ मै अनिवार्य विद्यालय उपस्थितिको नियम बनाए (बोलि र रामिरेज सन् १९८६) । विश्व औद्योगीक युगमा आईपुग्दा व्यक्तिले प्राप्त गर्ने ओहदा, अवसर, काम, कर्तव्य, तथा उसको स्तर शिक्षाले निर्धारण गर्न थालियो । औद्योगीक विश्व बजारमा व्यक्तिले प्राप्त गर्ने अवसर र काम व्यक्तिको शैक्षिक दक्षताका

आधारमा मात्र हुने भयो । यसको लागि परिवार, नातेदार र सामाजिक संस्थाहरुले गर्ने सामाजिकीकरण मात्र अपर्याप्त हुन गई स्कूल संस्थाद्वारा सामाजिकृत भई शिक्षित हुनुपर्ने अपरिहार्य भयो । जसले गर्दा मास स्कुलिङलाई संस्थागत गर्न अझ शसक्त भूमिका निभायो (फुलर सन् १९९१, मेयर सन् १९९२) ।

नेपाल सरकारले पनि शिक्षा विकास र विस्तार सम्बन्धि बिबिध योजना तथा नीतिहरु अंगाल्दै अन्तराष्ट्रिय सम्मेलनहरु जस्तो सन् १९९० को जोमटिन अन्तराष्ट्रिय “सबैका लागि शिक्षा” नामक सम्मेलनमा भाग लिई उक्त सम्मेलनको प्रतिबद्धतामा हस्ताक्षर गरे (शर्मा २०६२) । जुन प्रतिबद्धता पालना गर्नका लागि प्राथमिक उमेर समूहका सतप्रतिशत बालबालिकालाई विद्यालय पुऱ्याउन लागी परेको छ । जसको लागि राष्ट्रले मुख्य गरि तीन वटा पक्षलाई प्राथमिकतामा ल्यायो, जसमा पहुँचमा बृद्धि, समतामा जोड र गुणस्तरमा सुधार । त्यस्तै असक्त, पिछडिएका तथा सीमान्तकृत वर्गका बालबच्चाको लागि छात्रवृति तथा शैक्षिक प्रोत्साहन कार्यक्रमहरुले विद्यालयीय शिक्षाको सहभागितामा वृद्धि गराई रहेको छ (युएनडीपी सन् २०१०) ।

तर विश्व लगायत नेपालको साक्षरता दरले र शैक्षिक सहभागिताको दरले राम्रै फड्को मार्न सफल भइरहेको अवस्थामा पनि सबै जात/जाति, भाषाभाषी समुदायको भने साक्षर भन्दा माथि उच्चशिक्षाको सहभागितामा खासै सन्तोषजनक अवस्था अझै छैन । जनसंख्याको हिसाबले मुलुककै तेस्रो स्थान ७.१ प्रतिशत (सिबिएस सन् २०११) ओगटेका मगर समुदायको पनि साक्षरताको प्रतिशत हेर्ने हो भने वर्तमान अवस्थामा सुधारोन्मुख नै देखिन्छ । (२०५८ को जनगणना अनुसार मगर समुदायको साक्षरता दर ५०.२०% थियो भने सन् २००४ को नेपाल मानव विकास प्रतिवेदन अनुसार उक्त प्रतिशत भन्दा सुधार भई ५८.७७% पुगेको देखिन्छ) । मगर समुदायमा लाहुरे परम्पराले गर्दा गोर्खा भर्तीमा जानको निम्ति भए पनि साधारण शिक्षा लिनु पर्ने आवश्यकता हुन्छ । साधारण शिक्षा लिने र भर्ती जानको लागि आधार तयार पार्न तिर बढी ध्यान केन्द्रित गर्छन । जनजाति तथा मगर समुदायमा भर्ती जानु (ब्रिटिस र इन्डियन आर्मी) भनेको उनीहरुको संस्कृति हो, जसले सामाजिक प्रतिष्ठा बढाउने काम गर्दछ । अतः जनजाति युवाहरुमा उच्चशिक्षा आर्जन गर्नु भन्दा पहिलो रोजाई भर्ती जानु अर्थात लाहुरे बन्नुमा पर्छ (भट्ट र अरु सन् २००८, श्रीसमगर २०६७) । तर सीमित संख्यामा मात्र भर्ती लाने प्रवृतिले गर्दा बाँकी हजारौ युवाहरु आफ्नो अध्ययन पुरा गर्न तर्फ भन्दा रोजगारीको शिलशिलामा अन्य देशमा जाने गर्दछन् (भट्ट र अरु सन् २००८) । यस्तो परम्पराले गर्दा हालसम्म विद्यावारिधि तहको शिक्षा आर्जन गर्ने मगरहरुको संख्या करिब २२ जना मात्र पुगेको छ (श्रीसमगर २०६७) ।

विश्व भूमण्डलीकरण र नागरिकमा शिक्षा प्रतिको चेतानाले, त्यस्तै शैक्षिक संस्थाहरुको उपलब्धताले गर्दा सबै वर्ग, जातजाति समुदायको शैक्षिक सहभागितामा वृद्धि

हुँदै आएको हो (भट्ट र अरु सन् २००८) । शैक्षिक संस्थाहरुको उपलब्धता र नागरिकमा आएको चेतना मार्फत शैक्षिक सहभागिताको वृद्धिमा सुनिश्चितता गऱ्यो, जसले साक्षरता दरमा पनि वृद्धि गर्न सहयोग गरेको देखिन्छ । तर साक्षरता दर भन्दा माथि उच्चशिक्षाको सहभागितामा भने खासै सन्तोषजनक देखिदैन । सन् २००४ को नेपाल मानव विकास प्रतिवेदन अनुसार एस. एल. सी. वा सो सरह उत्तीर्ण गरेका मगर जातिका विद्यार्थी संख्या ४२,६८३ (४.५८% ) जना , आई. ए. वा सो सरह उत्तीर्ण गरेका मगर जातिका विद्यार्थी संख्या १६,४१५ (३.०८% ) जना र बि. ए. वा सो भन्दा माथि उत्तीर्ण गरेका मगर जातिका विद्यार्थी संख्या ७,६२४ (२.१४%) जना रहेको छ (युएनडीपी सन् २००४) ।

वर्तमान समयमा आइपुग्दा यस अध्ययन क्षेत्रका मगर समुदायमा पनि विद्यालय शिक्षाको सहभागिता राम्रो हुँदै आएको छ । तर उच्चशिक्षाको सहभागितामा भने अनुपातीक रुपमा राम्रो अवस्था पाइदैन । यस्तो खालको स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्दर्भमा शैक्षिक सहभागितामा आएको परिवर्तन र यो परिवर्तन ल्याउनमा सकरात्मक तथा नकरात्मक भूमिका खेल्ने पक्षहरुको पहिचानका बारेमा यो अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षाको विकासबाट राष्ट्रको सर्वाङ्गीण विकास सम्भव हुन्छ भन्ने कुराको महसुस गरि नेपाल सरकारले विभिन्न समयमा मुलुकको शैक्षिक विकासका लागि विभिन्न योजना तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । तर ऐतिहासिक काल खण्डमा हिन्दु वर्ण व्यवस्था अनुसार मगर जातिलाई वैश्य अन्तर्गत राखि पढ्ने-पढाउने अर्थात शिक्षा सम्बन्धी कार्यमा विमुख गराई खेतीपाती र व्यापार व्यावसाय गर्ने जाति भनि वर्गीकरण गरियो । यो जाति सोझा, इमान्दार र कडा परिश्रमी भएकै कारण राजा पृथ्वी नारायण शाहले नेपाल एकीकरण अभियान सफल पार्न ती ताका मगर युवाहरुलाई आफ्नो फौजी दस्तामा लिएको पाइन्छ (विष्ट सन् १९६७) । त्यसै गरि भारतीय तथा ब्रिटिस सेनामा काम गरी बाहादुर गोर्खाली सेनाको नामले विश्वमा चिनिएका जाति हुन मगर जाति । तर सामान्य दर्जाका फौजिको लागि साधरण लेख्पढ् गर्न सक्ने, साक्षर भएपनि हुने परम्पराले गर्दा विद्यालय तहको शिक्षा भन्दा अगाडि पढ्ने परम्परा भने सन्तोषजनक पाइदैन ।

यस्तै अवस्थाबाट गुज्रदै आएको समुदाय हो मेरो अध्ययन क्षेत्रका मगर समुदाय पनि । केहि दशक अगाडिसम्म यस अध्ययन क्षेत्रका मगर जातिको शिक्षामा विविध कारणले गर्दा पहुँच पुग्न नसकेको अवस्थाले गर्दा हालसम्म निजामती सेवातर्फ एक व्यक्तिको पनि पहुँच पुग्न सकेको छैन । त्यस्तै मगर जातिको रोजाइको पेशा फौजी, त्यो क्षेत्रमा पनि एकाध व्यक्ति मात्र भर्ती भएको अवस्था छ । समय निरन्तर अगाडि बढ्ने क्रममा नागरिकमा शिक्षाको अपरिहार्यताको बुझाई र राष्ट्रले शिक्षा विकासमा लगानी गर्ने कार्यले गर्दा विद्यालय तहसम्मको शैक्षिक सहभागिता प्रायः सबै वर्ग, लिङ्ग, जातजाति समुदायको बृद्धि भइरहेको छ ।

वि.सं. २०५८ सालको जनगणना अनुसार मगर समुदायको साक्षरता दर ५०.२०% रहेको थियो । त्यस्तै सन् २००४ को नेपाल मानव विकास प्रतिवेदन अनुसार उक्त प्रतिशत भन्दा सुधार अर्थात ५८.७७% मा पुगेको छ (युएनडीपी सन् २००४) । यस अध्ययन क्षेत्रका मगर समुदायमा पनि करिब एक दशक अगाडिको समयदेखि विद्यालयीय शिक्षाको सहभागितामा बृद्धि हुँदै आइरहेको अवस्था देखिन्छ । तर विद्यालयीय शिक्षा पूरा गरे पश्चात भने उच्चशिक्षाको सहभागितामा खासै पुग्न सकिरहेको अवस्था देखिदैन (यहाँ प्लस टु तहभन्दा माथिलाई मात्र उच्चशिक्षा भन्न खोजिएको हो) । यसरी विद्यालयीय शिक्षामा राम्रै सहभागिता हुदाहुँदै पनि उच्चशिक्षामा किन सहभागिता राम्रो हुन सकिरहेको छैन ? यस्तो अवस्था सृजना हुनमा कुन कुन पक्षहरुले भूमिका खेलिरहेका छन ? यी प्रश्नहरुको उत्तरको खोजिमा यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

- विद्यालयीय शिक्षामा विद्यार्थी सहभागिता राम्रो गराउन सकरात्मक भूमिका खेल्ने पक्षहरुको पहिचान गर्न ।
- उच्चशिक्षामा आउन योग्य विद्यार्थीहरु बृद्धि हुँदै जादा पनि सोमा सहभागिता राम्रो हुन नसक्नुको कारक तत्वहरु पहिचान गर्न ।

## १.४ अध्ययनको औचित्य

ग्रामीण क्षेत्रको शैक्षिक उन्नतिमा विविध बाधक तत्वहरुले बाधा पुराइरहेका हुन्छन् । ती बाधक तत्वहरु समयमा नै पहिल्याउन सकेको खण्डमा त्यसको सुधार वा विस्तार गर्न सकिन्छ । शिक्षाको विकासमा बाधक तत्वहरुलाई समयमा नै केलाएर पहिचान गर्न सके र तिनको निवारणका निम्ति सामाजिक र व्यवहारिक सुझावहरु प्रस्तुत गर्न सकेको खण्डमा समग्र शैक्षिक अवस्थामा अवस्य पनि सुधार आउनेमा आशा राख्न सकिन्छ ।

मगर लगायत धेरै अन्य आदिवासी जनजातिहरुको जनजातीय वर्णनहरु भएका छन् । उनीहरुको विविध संस्कार लगायत जिविकोपार्जनका बारेमा अध्ययनहरु भएका छन् । तर शैक्षिक अवस्थाको बारेमा खासै अध्ययन भएको पाइदैन । केही संख्यामा भएको सीमित क्षेत्रलाई समेटेर गरिएको अध्ययनले समग्र मुलुकको मगर जातिको शैक्षिक अवस्थाका बारेमा बुझ्न, जानकारी प्राप्त गर्न सम्भव हुदैन । त्यस कारणले पनि यो अध्ययनले यस ठाउँको मगर जातिको वर्तमान शैक्षिक अवस्थाका बारेमा थोरै भए पनि जानकारी दिइ अन्य अनुसन्धान कर्तालाई सहयोगी हुन सक्नेछ । यस अध्ययनबाट यस ठाउँका मगर जातिको वर्तमान शैक्षिक अवस्था बारे जनकारी प्राप्त गर्न सहयोगी हुनेछ ।

# अध्याय दुई

## साहित्यको समिक्षा

### २.१ शैक्षिक सहभागिता कम गर्ने आयामहरु

विश्वमा औद्योगीक मुलकहरुको शिक्षाको इतिहास केहि लामो समय भए पनि नेपाल जस्तो विकासोन्मुख देशहरुको भने खासै त्यति लामो इतिहास छैन । नेपालको शिक्षा विकासको इतिहास करिब ६ दशकसम्म अगाडि जान सकिन्छ । तर यो शिक्षा विकासको क्रममा पनि विविध कारणले गर्दा सबै वर्ग, समुदाय, लिङ्ग तथा भौगोलिक दुरदराजमा बसोबास गर्ने समुदायका लागि पहुँच भन्दा बाहिरको विषय भइरहेको अवस्था छ । यस्तो अवस्था सृजना गर्ने कारक तत्वलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### २.१.१ आर्थिक पक्ष

बालबालिकाको शिक्षामा सहभागिता अभिभावकको आर्थिक अवस्थाले निर्धारण गरिरहेको हुन्छ । विकासोन्मुख राष्ट्रका धेरै जनताहरु आफ्ना आर्थिक दुरावस्थाका कारण आफ्ना छोराछोरीलाई विद्यालय शिक्षा दिनबाट बञ्चित भइरहेको अवस्था देखिन्छ । उनीहरुको प्राथमिकता शिक्षामा होइन खानामा दिनु पर्ने बाध्यता हुन्छ । यस्तो अवस्थाले गर्दा आफ्ना केटाकेटीहरुलाई औपचारिक शिक्षाको लागि विद्यालय पठाउनु भन्दा तत्कालिन आवश्यकता पूरा गर्न सकिने आयआर्जनका बाटो देखाउनु पर्ने बाध्यता छ (सेरिड सन् १९९७, कार्लेकर सन् २०००) । ऐतिहासिक काल खण्डबाटै पिछडिएका धेरै समुदायहरु सामाजिक तथा राजनैतिक रुपमा पछि परेका कारण उनीहरुको कमजोर आर्थिक अवस्था छ । जसको कारणले प्रायः ती ग्रामीण पिछडिएका समुदायहरु निर्वाहमूखी आर्थिक प्रणाली तथा परम्परागत कृषि प्रणालीमा जीविका गुजारी रहेका छन् । यसबाट उत्पादित खाद्यान्नले वर्षभरी खान पुग्ने अवस्था छैन । जसको परिपूर्तिका लागि ऋतुकालिन काम गर्न श्रमिकको रुपमा अन्यत्र गई काम गर्नुपर्ने बाध्यता छ (सेरिड सन् १९९७) ।

आफ्ना अभिभावकहरु यस्ता गुजारामूखी अर्थतन्त्रमा व्यस्त हुनुपर्ने बाध्यताले गर्दा प्रायः विद्यालय जाने उमेर समूहका केटाकेटीहरु प्रत्यक्ष रुपमा आर्थिक उपार्जनका कार्यहरुमा, घरधन्दाको कार्यहरुमा सरिक हुनु पर्ने बाध्यता छ । जसले गर्दा उनीहरुको विद्यालयीय शिक्षाको सहभागिता मै कम र सहभागी भएकाहरुमा पनि अध्ययनको समय अभावले गुणस्तरियता हासिल गर्नबाट बञ्चित हुनु पर्ने अवस्था छ (सेरिड सन् १९८४, १९९०) । त्यसैगरी बाल मजदुरी गर्नुपर्ने बाध्यता, शैक्षिक सामाग्रीको अभावले गर्दा पनि शैक्षिक सहभागितामा असर पुगेको हो (सेरिड सन् १९८७) । त्यस्तै प्राथमिक तह भन्दा माथिको शिक्षा निशुल्क नभएको कारण अविभावकहरुको आर्थिक अवस्था कमजोरीले गर्दा

धेरै संख्यामा प्राथमिक तहको अध्ययन पश्चात विद्यालय छाड्ने अवस्था छ (श्रेष्ठ सन् १९९१) ।

## २.१.२ सामाजिक तथा साँस्कृतिक पक्ष

व्याक्तिको औपचारिक शिक्षामा असर पार्ने अर्को महत्वपूर्ण पक्ष सामाजिक तथा साँस्कृतिक पक्ष पनि हो । जसले व्याक्तिको शैक्षिक सहभागितामा नकरात्मक असर पारिरहेको छ । जस्तो; शेर्पा, तामाङ्ग बौद्ध धर्मिय समुदायमा गुम्बीय शिक्षा प्रणालीले गर्दा बालबच्चाहरुलाई औपचारिक शिक्षा आर्जन गर्न विद्यालय पठाउनु भन्दा गुम्बीय शिक्षा लिन उनीहरुमा सामाजिक दबाब हुन्छ । त्यस्तै मुस्लिम समुदायको हकमा पनि उनीहरुलाई विद्यालयीय शिक्षाको तुलनामा मदरसा शिक्षालाई समाजले जोड दिइरहेको पाइन्छ । विद्यालयीय शिक्षा प्राप्त भएमा आफ्ना परम्परागत मुल्यमान्यता गुम्ने र आफ्नो जीवन प्रणालीमा नै असर पार्ने डरले गर्दा रानाथारु समुदायमा आफ्ना केटाकेटीहरुलाई विद्यालय पठाउन तत्पर हुँदैनन् (सेरिड सन् १९९७) । यस्ता परम्परागत सामाजिक तथा सांस्कृतिक प्रणालीहरुले समाजमा सम्बन्ध विस्तार गर्न महत्वपूर्ण भूमिका निभाएता पनि यसले विद्यमान परिवर्तीत विश्वमा औपचारिक शिक्षाको अपरिहार्यतामा बाधा पुऱ्याइ रहेको अवस्था छ । त्यस्तै गरी छात्राहरुको विद्यालयीय शिक्षामा सहभागिता कम गर्ने अन्य पक्षमा सामाजिकीकरण प्रकृया पनि हो । अभिभावकबाटै सानै उमेर देखि नै छोरीको सामाजिकीकरण घर गृहस्थी गर्ने, घर व्यवहारको कार्य सिकाउने, घरायसी कार्यमा परिवारलाई सघाउन भन्ने अपेक्षा हुन्छ (कार्लेकर सन् २०००) । त्यसै गरी धेरै समुदायमा लैंगिक विभेद गरी छोरालाई मात्र विद्यालय पठाउने र छोरीको सानै उमेरमा विवाह गरी दिने परम्पराले गर्दा छात्राहरुको शैक्षिक सहभागितामा असर परेको देखिन्छ (सेरिड सन् १९८४, १९९०, कार्लेकर सन् २०००) ।

युनिसेफ, सन् २००८ मा उल्लेख भए अनुसार छोरीको शिक्षामा लगानी गर्दा पछि त्यसको प्रतिफल नआउने देखेर पनि धेरै अभिभावक छोरीको शिक्षामा लगानी गर्न आनाकानी गर्दछन् (उदृत-रिजाल २०६८) । अर्को शैक्षिक सहभागिता कम गर्ने महत्वपूर्ण पक्ष परिवार तथा समुदायमा आफ्ना केटाकेटीहरुलाई औपचारिक शिक्षा दिनु पर्छ भन्ने चेतनाको कमी हो । यदि अभिभावक शिक्षित छ भने आफ्ना बालबच्चालाई पढ्नको लागि प्रोत्साहन गर्ने र त्यही अनुरुपको वातावरण सिर्जना गरी दिने हुन्छ । तर शिक्षाको उज्यालोबाट टाढा रहेका अभिभावकहरु आफ्ना बालबच्चालाई पढाईतिर भन्दा आफ्नो दैनिक कामकाजमा सहयोग गरुन् भन्ने सोंच राख्दछन् (सेरिड सन् १९८४, १९९०) । त्यस्तै जातीय सोपान, राष्ट्रले अंगालेको एक राष्ट्र, एक भाषा र एक संस्कृतिको संरचना लगायत अन्य धेरै पक्षहरुले दलित तथा आदिबासी जनजातिहरुको शैक्षिक सहभागितामा असर पारेको छ । धेरै संख्याका दलित तथा जनजाति बालबालिकाहरु विशिष्ट मापदण्डमा तयार

पारिएका पाठ्य सामाग्रीहरु ज्ञान प्राप्तीमा असहयोगी हुने कारण सहभागिता जनाएकाहरु पनि बीचैमा विद्यालय छाड्न बाध्य छन् (कार्लेकर सन् २०००, पराजुली २०६२) । राष्ट्रको शिक्षा प्रणाली एउटा भाषा र संस्कृतिको माध्यम बनाइएकोले केहि भाषिक समुदायहरुका बालबच्चाहरुमा ती भाषा र संस्कृतिमा अपरिचित तथा अनविज्ञ हुने कारण पाठ्य सामाग्री बुभ्न गाह्रो हुने, हिनताबोध गर्ने र परिणाम स्वरुप सधैका लागि विद्यालय नै छाड्ने पनि गर्दछन् (सेरिड सन् २०११) ।

त्यस्तैगरी कुनै पनि समुदायको परम्परागत पेशा कालान्तरमा गएर उसको जातीय चिनारी वा संस्कृति बन्ने गरेको छ । भट्ट र अरु (सन् २००८) जनजाति युवाहरुमा भर्ती जानु भनेको उनीहरुको संस्कृति भयो जसले गर्दा उनीहरुको सामाजिक प्रतिष्ठा बढाउने कार्य गरिरहेको छ । अतः उनीहरुको पहिलो रोजाई उच्चशिक्षा आर्जन गर्नु भन्दा भर्ती गई लाहुरे बन्नुमा रहेको छ । यो भर्ती जाने परम्परा वा संस्कृतिले जनजाति युवाहरुको उच्चशिक्षामा सहभागिता कम गराउन एउटा महत्वपूर्ण भूमिका खेलिरहेको छ । गुरुङ्ग (सन् २०११), वर्तमान समयमा आइपुग्दा भर्ती तयारीको लागि पनि एस.एल.सी सम्मको शैक्षिक योग्यता आवश्यक पर्ने हुन्छ र एस.एल.सी सम्मको पढाईलाई गुरुङ्ग समुदायमा पनि प्राथमिकतामा पर्छ तर उच्चशिक्षा हासिल गर्न तर्फ भने खासै चासो यो समुदायले दिएको पाइदैन । उच्चशिक्षा आर्जन गरि स्वदेशमै बस्ने शिक्षित व्यक्तिलाई भन्दा एउटा लाहुरेलाई सामाजिक मूल्य बढि दिने परम्परा गुरुङ्ग समाजमा छ । यस्तो सामाजिक-सांस्कृतिक घटनाक्रमले गर्दा गुरुङ्ग युवाहरुमा उच्चशिक्षा आर्जन गर्नु भन्दा ब्रिटिस आर्मीमा भर्ती हुन प्रोत्साहन पाइरहेको देखिन्छ । यसको पछाडि उसको मासिक बेतन, जीवन पर्यन्त निवृत्ति भरणको व्यवस्था, बिदामा घर आउदा समाजबाट पाइने स्वागत सत्कार, त्यस्तै बेलायत सरकारबाट परिवर सहित बेलायतमै बसोबास गर्न पाउने सुविधा दिनुले यो समुदायका युवाहरुमा उच्चशिक्षाको मोह भन्दा लाहुरे हुनुमा प्रोत्साहन पाइरहेको छ । अतः गुरुङ्ग युवाहरु उच्चशिक्षामा कमै प्रतिनिधित्व हुनुमा वैदेशिक रोजगारीमा हुने व्यक्तिलाई बढि सामाजिक हैसियत दिने समाज र संस्कृति नै मुख्य कारण हो । पुन (२०६८) केहि जनजाति समुदायको उच्चशिक्षामा न्यून सहभागिता हुनुमा भने विदेशिने मान्यता र केहि हदसम्म असमावेशी राज्य संरचना जिम्मेवार रहेको देखिन्छ । उच्चशिक्षा आर्जन गरेर पनि स्वदेशमा रोजगारीको अवसर कम हुनु तथा विदेशमा गई काम गर्दा तुलनात्मक रुपमा अलि बढि नै कमाई हुने, अग्रजहरु कहि कतै सरकारी कार्यलयमा नभेटिदा हामीले पढेर के हुन्छर, हाम्रो कुनै ठाउँमा मान्छे छैन भन्ने मानसिकताले पनि उनीहरुको चासो उच्चशिक्षामा भन्दा वैदेशिक रोजगारी तर्फ रहने गरेको छ ।

## २.१.३ भौगोलिक तथा भौतिक पक्ष

व्यक्तिको शैक्षिक सहभागितामा असर पार्ने विभिन्न पक्षहरु मध्ये भौगोलिक विकटता अर्थात विद्यालयसम्मको दुरी पनि हो । समुदाय नजिकै शैक्षिक संस्थाहरुको उलव्धता भएको अवस्थामा प्रत्यक्ष रुपमा विद्यार्थी सहभागितामा बृद्धि हुन्छ । अभिभावकमा विद्यालय पठाउनु पर्छ भन्ने ज्ञान हुँदाहुँदै पनि शैक्षिक संस्थाहरुको उपलब्धता नभएको खण्डमा आफ्ना केटाकेटीहरुलाई घर भन्दा टाढाको विद्यालयमा पठाउन मन्जुर हुदैनन् । आफ्ना बालबच्चाहरु असुरक्षित हुन्छन भन्ने डर मनमा पैदा हुन्छ । स्वयम् अभिभावकहरु बालबच्चालाई दैनिक विद्यालय पुऱ्याउन र लिन जाने समय हुदैन । त्यस्तै कम उमेरका केटाकेटीहरु दैनिक टाढाको दुरीमा हिडेर पढ्न जान गाह्रो पर्ने हुन्छ, जव ऊ राम्रो हिडडुल गर्न सक्ने हुन्छ फेरी ऊ आफ्ना भाईबहिनीको हेरचाहमा घरमा बस्नु पर्ने बाध्यता हुन्छ ( सेरिड सन् १९८४, कार्लेकर सन् २०००) । अन्य पक्षहरुमा विद्यालयमा उपलब्ध भौतिक संरचनाहरुले पनि विद्यार्थीको सहभागिता निर्धारण गर्दछ । जस्तो ; कक्षाकोठा, डेक्सबेन्च, पिउने पानी, शौचालय तथा खेल मैदान जस्ता अति आवश्यक भौतिक संरचनाको अभाव भएमा स्वतः विद्यार्थीहरुको सहभागिता कम हुन्छ । त्यसै गरी विद्यालयमा विद्यार्थी मैत्री वातावरण नहुनु, शिक्षक केन्द्रित अध्यापन विधि हुनु, पाठ्य पुस्तकमा आधारित घोकन्ते विधि हुनु, उपयुक्त उमेरमा उपयुक्त कक्षामा अध्ययन गर्नै पर्ने र पूरुष शिक्षकको बाहुल्यता आदि पक्षहरुले पनि विद्यालय शिक्षाको सहभागितामा असर गर्दछ (सेरिड सन् १९८४, कार्लेकर सन् २०००) ।

## २.२ शैक्षिक सहभागिता बृद्धि गर्ने आयामहरु

## २.२.१ शिक्षा विकासमा राष्ट्रको नीति

विश्व भूमण्डलीकरणले गर्दा कनै पनि विकासोन्मुख राष्ट्रले पनि आफूलाई आधुनिकता उन्मुख बनाउनलाई आफ्नो नागरिकको शैक्षिक अवस्था सुधार गर्नु पर्ने अपरिहार्य भयो । मित्र राष्ट्रहरुले शिक्षामा प्रगति गरेर आफूलाई विकसित राष्ट्रको दर्जामा उभ्याउन सफल भएको अवस्थामा हाम्रो जस्तो मुलुकले पनि शिक्षा विकासको लागि विभिन्न नीति तथा कार्यक्रमहरु लागु गरिआएको छ । प्रजातन्त्रको उदय पश्चात शिक्षा विकासको लागि वि. सं. २०१३ मा पहिलो पञ्च वर्षिय योजना लागु गरेको थियो । वि. सं. २०२८–३२ मा “राष्ट्रिय शिक्षा पद्धति योजना” कार्यक्रम लागु गरेर समय सान्दर्भिक पाठ्यक्रम संसोधन गर्ने, प्राथमिक विद्यालयहरुको स्थापनामा बृद्धि गर्ने तथा छात्राहरुको शिक्षामा सहभागिता बढाउने नीति अंगालेको थियो । यसरी नै वि.सं. २०३८ सालमा “ग्रामीण विकासको निमित्त शिक्षा परियोजना” नामक सेती अञ्चलमा लागु गरेको सेती परियोजनाले पनि शिक्षाको माध्यमबाट गाउँ समुदायको सर्वाङ्गीण विकास गरी जीवनस्तर उकास्ने उद्देश्य लिएर कार्य गरेको पाइन्छ । शिक्षा विकास र विस्तारको लागि सन् १९९०

मा थाइलैण्डको जोमटिनमा “सबैका लागि शिक्षा” नामक अन्तराष्ट्रिय सम्मेलनमा नेपाल सरकारले पनि भाग लिइ प्रतिबद्धता जनाएको थियो । सन् २००० सम्ममा प्राथमिक उमेर समूहका सतप्रतिशत बालबालिकाहरुलाई विद्यालय पुऱ्याउने लक्ष्य राखेर वि.सं.२०४९ सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना कार्यक्रम लागु गरी कार्य गर्दै आएको छ (शर्मा २०६२) । जसको लागि राष्ट्रले विशेष गरी तीन वटा कार्यलाई प्राथमिकताका साथ अगाडि ल्यायो, जसमा सबै वर्गको सहभागितामा पहुँच वृद्धि गराउने, समतामा जोड र शैक्षिक गुणस्तर सुधारमा विशेष जोड थियो । त्यस्तै अशक्त, पिछडिएका तथा सीमान्तकृत वर्गका बालबच्चाहरुका निम्ती छात्रवृत्ति कार्यक्रम, विशेष खाद्य सामाग्री सहयोग, निःशुल्क पुस्तक तथा स्टेसनरी सामाग्री वितरण कार्यक्रम, त्यस्तै सीमान्तकृत समुदायका शिक्षक नियुक्त आदि कार्यक्रमहरुले विद्यालयीय शिक्षाको सहभागिता वृद्धि गर्नमा सशक्त भूमिका खेलेको छ (सुब्रहमानियन सन् २००५, युएनडीपी सन् २०१०) ।

नेपाली समाजमा केहि दशक अगाडिसम्म विद्यालयीय शिक्षा सबैका लागि निःशुल्क नभएको कारण आर्थिक रुपमा विपन्न परिवारका केटाकेटीहरुमा प्रत्यक्ष असर परिरहेको अवस्था थियो । विश्वमा औपचारिक शिक्षाको महत्व वृद्धि हुँदै जानेक्रममा नेपाल सरकारद्वारा पनि विद्यालयीय शिक्षा अनिवार्य र निःशुल्क हुनु पर्ने नीतिले वर्तमान अवस्थामा आईपुग्दा प्राथमिक तहमा विद्यार्थी भर्नादर वृद्धि हुदै आएको हो । सुब्रहमानियन (सन् २००५) ले भारतको राजस्थान र मध्य प्रदेशका दलित तथा आदिबासी समुदायका बालबालिकाहरुको विद्यालयीय शिक्षामा सहभागिता बढ्नुमा विद्यालयीय शिक्षा निःशुल्क दिने नीतिले गर्दा ती समुदायका बालबालिकाको विद्यालयीय शिक्षाको सहभागितामा वृद्धि भएको औंल्याएको छ ।

शिक्षा विकास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय विविध गतिविधिहरु सभा-सम्मेलनहरुमा जनाएको प्रतिवद्धता तथा कार्यक्रमले गर्दा सबै वर्ग, समुदाय तथा लिङ्गको शैक्षिक सहभागितामा वृद्धि हुँदै आएको छ ।

### २.२.२ विश्वव्यापी शिक्षाको महत्व र बुझाई

वर्तमान विश्व परिवर्तीत समाजमा औपचारिक शिक्षाको महत्व वृद्धि हुँदै जानु र सीमान्तकृत वा पिछडिएका समुदायका अविभावकहरुमा पनि शिक्षा प्रतिको चेतना वृद्धि हुँदै जानुले आफ्ना बालबच्चाहरुलाई विद्यालय पठाउने संख्यामा वृद्धि भएको हो (सुब्रहमानियन सन् २००५) । आफ्ना बालबच्चाहरु विद्यालय गएर राम्रो शिक्षा आर्जन गरी समय सापेक्ष रोजगार युक्त भई आउदा दिनहरुमा सरल तथा सम्मानका साथ जीउन सक्ने होऊन भन्ने चाहना अविभावकहरुले राख्ने गरेको छ । अतः सहर या गाउँ बस्तीका आदिबासी जनजाति तथा दलित बालबालिकाहरु प्राथमिक तहको विद्यालय जाने संख्यामा वृद्धि भइरहेको छ ।

सुब्रहमानियन (सन् २००५) कै अनुसार आदिबासी जनजाति तथा दलितहरु ऐतिहासिक कालखण्डमा शिक्षासम्बन्धी चेतनाको अभावले गर्दा सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनैतिक रुपमा पहुँच बिहिन हुनु परेको कारण र भोलिका आफ्ना सन्ततीले त्यो अवस्था भोग्न नपरोस् भनी आफ्ना केटाकेटीहरुलाई विद्यालय पठाउने उल्लेख छ । महतो (२०६८) वैदेशिक रोजगारीमा जाने क्रममा अशिक्षित र अर्धशिक्षित मानिसहरुले जुन दुःख तथा भाषिक समस्याहरु झेल्नु परेको छ ती समस्याहरु भोग्नु पर्दा पढ्नु पर्ने रहेछ भन्ने चेतनाले आफूहरु अनपढ भए पनि छोराछोरीलाई पढाउनु पर्छ भन्ने सोंचले गर्दा वैदेशिक रोजगारबाट आएको विप्रेषणको ठूलो अंश थारु समुदायमा पनि शिक्षामा लगानी गर्ने वातावरणले गर्दा उनीहरुको प्राथमिक शिक्षाको सहभागितामा बृद्धि हुँदै गएको उल्लेख छ ।

### २.२.३ विविध

केहि दशक यता शिक्षाको महत्व वृद्धि हुँदै जाने क्रममा स्थानीय समुदायबाटै विद्यालयहरु स्थापना गरी आफ्नै नीजि श्रोत र साधनहरुबाट संचालन गर्दै आएको विद्यालयहरुलाई सरकारद्वारा स्वीकृति प्रदान गर्दै जानु र शिक्षा विकास प्रति सरकारले लगानी गर्ने वातावरणले विद्यालयीय शिक्षाको सहभागितामा वृद्धि भइ आएको छ । अतः स्थानीय तहमै शैक्षिक संस्थाहरुको उपलब्धताले गर्दा कुनै पनि वर्ग तथा समुदायको शिक्षामा सहभागिता राम्रो हुने गरेको छ (भट्ट र अरु सन् २००८) । त्यस्तै सहभागिता बढाउने अर्को पक्षमा सरकारी विद्यालयहरु समुदायमा हस्तान्तरण हुनु, समुदाय कै अभिभावकहरु माझ विद्यालय व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण दिनुले पिछडिएका समुदायका बालबालिकाहरु प्राथमिक शिक्षाको सहभागितामा वृद्धि हुँदै आएको हो (सेरिड सन् २००३, २००४) । पुन (२०६८) कुनै पनि समुदायका बालबालिकाहरु शिक्षामा सहभागी हुनु नहुनुमा विभिन्न तत्व र सम्बन्धले भूमिका खेल्दछन् । म्याग्दी जिल्लाको छन्त्याल समुदायमा गरिएको एक अध्ययनमा छन्त्याल बालबालिकाहरु विद्यालय शिक्षामा सहभागी हुनुमा उनीहरुको जीविकोपार्जन पद्धतिमा आएको परिवर्तन नै हो । बदलिदो समय र परिवर्तित सामाजिक परिवेशमा न्यूनतम लेखापढि गर्न जान्नु अपरिहार्य भयो । अभिभावकको शिक्षा प्रतिको चासो र राजनैतिक सम्पर्कले विद्यालय स्थापना मार्फत शैक्षिक उपलब्धता सुनिश्चित गर्न सघाउ पुऱ्यायो । फलस्वरुप विद्यालय शिक्षामा उनीहरुको पहुँच र सहभागिता राम्रो भएको पाइन्छ ।

## अध्याय तीन

## अनुसन्धान पद्धति

यस शीर्षक खण्डमा अनुसन्धान क्षेत्रको छनौट किन त्यसै ठाउँलाई गरियो । तथ्याङ्क संकलनका विधिहरुमा कुन-कुन विधिहरु अपनाइयो । अनुसन्धानलाई तथ्यपरक बनाउनको लागि कस्तो-कस्तो द्धितीय स्रोतहरु प्रयोगमा ल्याइयो । प्राथमिक तहको जानकारीहरु कुन-कुन पद्धतिबाट लिइयो । प्राप्त जानकारी तथा तथ्याङ्कहरुलाई कसरी व्याख्या विश्लेषण गर्ने । आदि सवालहरुको यो खण्डमा संक्षिप्त व्याख्या गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

धनकुटा जिल्लाको ३५ वटा गा.वि.स. र एउटा नगरपालिका मध्ये भेडेटार गा.वि.स. एउटा हो । यो गा.वि.स. धनकुटा जिल्ला अन्तर्गत पर्ने एउटा भौगोलिक दृष्टिकोणले सुगम गा.वि.स. मानिन्छ । प्रायः यस गा.वि.स.मा जनजाति समुदायको बढी बसोबास रहेको छ । भेडेटार गाउँ पार्श्वचित्र २०६७ अनुसार यहाँको कूल जनसंख्या ३,११६ रहेको छ । विशेष गरि मगर (३८.२३ प्रतिशत), राई (२७. ८६ प्रतिशत), लिम्बु (२०.८६ प्रतिशत), क्षेत्री (८. ६९ प्रतिशत), तामाङ (१.१० प्रतिशत) आदि जाति तथा जनजातिहरुको बसोवासरहेको छ । त्यसै गरी गाउँ पार्श्वचित्र २०६७ कै अनुसार यस गा.वि.स. को जम्मा साक्षरयोग्य मानिस मध्ये ८२.५० प्रतिशत साक्षर छन् (साक्षर योग्य ब्यक्ति भन्नाले ५ वर्ष उमेर समूह भन्दा माथि उमेरकालाई भनिएको हो) । कूल साक्षरयोग्य पुरुष मध्ये ८६.६५ प्रतिशत र कूल साक्षरयोग्य महिला मध्ये ७०.५४ प्रतिशत साक्षर छन् ।

गा.वि.स. भित्र बसोवास गर्ने विविध जातीय समुदाय मध्येमा पनि मगर समुदायसँगको शैक्षिक गतिविधिको वरिपरी केन्द्रित रहेर यो अनुसन्धान गरिएको छ । मगर समुदायको घना बसोबास रहेको भेडेटार गाउँ विकास समितिको वार्ड नं. ६, ७ र ८ लाई अध्ययन क्षेत्र छनौट गरी अनुसन्धान गरिएको हो । गाउँ पार्श्वचित्र २०६७ अनुसार अध्ययन क्षेत्रको जम्मा जनसंख्या ९८८ रहेको छ । त्यस्तै मगर समुदायको जनसंख्या जम्मा ८८१ अर्थात ८९.१७ प्रतिशत जनसंख्या बसोवास गर्दछन् । त्यसै गरी यस अध्ययन क्षेत्रमा बसोवास गर्ने मगर समुदायको साक्षर योग्य जम्मा जनसंख्या ७९२ जना छन् । त्यस्तै जम्मा साक्षर संख्या ६८० जना अर्थात ८५.८५ प्रतिशत रहेको छ भने पुरुष साक्षरता प्रतिशत ८८. ४७ र महिला साक्षरता प्रतिशत ८३.१२ रहेको तथ्याङ्क छ । अध्ययनको लागि यस क्षेत्रलाई नै छनौट गर्नुमा मेरो अनुसन्धानको विषय पछिल्लो समय विद्यालयीय शिक्षाको सहभागितामा उल्लेख्य रुपमा बृद्धि भई आउनुका सकरात्मक पक्षहरुको पहिचान गर्नु र उच्चशिक्षाको सहभागितामा भने के कारणले गर्दा योग्य विद्यार्थीहरु हुँदाहुँदै खासै आउन सकिरहेको छैन भनि हेर्नु रहेको छ । अतः यस्तो अवस्था यसै समुदायमा पनि भएको

देखिन्छ । र, स्वयं म आफै यसै समुदायको एक सदस्य भएकोले समग्र समुदायका सदस्यहरुसँग सह-सम्बन्ध (rapport building) स्थापित गर्न सजिलो हुने र तुलनात्मक रुपमा अन्य क्षेत्रमा गएर अध्ययन गर्नु भन्दा कम खर्चमै प्रभावकारी तरिकाले अध्ययन सम्पन्न गर्न सकिन्छ भन्ने विश्वास राखेर क्षेत्र छनौट गरिएको हो । यो अनुसन्धान वि.स. २०६९ असोज र कार्तिक महिनामा गरिएको हो ।

## ३.२ तथ्याङ्क संकलन विधि

यो अनुसन्धान गुणात्मक अनुसन्धान विधिद्वारा निर्देशित अध्ययन हो । अनुसन्धानको मुख्य सरोकार भनेको संख्यात्मक सामान्यीकरण गर्नु भन्दा गुणात्मक सामान्यीकरण गर्नुमा रहेको छ । जसको लागि सम्बन्धित क्षेत्रका व्यक्तिहरुसँग अनुसन्धान विषयसँग सम्बन्धित रहेर अन्तर्वार्ताको माध्यमबाट उत्तरदाताहरुको भित्री कुराहरुलाई समेटी व्याख्या विश्लेषण गरिएको हुँदा यो गुणात्मक अध्ययन हो । जस अर्न्तगत रहेर तथ्याङ्क संकलन विधिमा मुख्य अन्तर्वार्ता पद्धति अपनाइएको छ । अन्तर्वार्ता दुई तरिकाले सम्पन्न गरिएको छ । जसमा पहिलो–अध्ययनलाई निरन्तरता दिइरहेका (विद्यालय तहदेखि उच्चशिक्षाको तहसम्म) विद्यार्थीहरुको शिक्षाप्रतिको धारणा, अध्ययनलाई निरन्तरता दिइरहनुका कारण बुझ्नको लागि जम्मा १७ जना विद्यार्थीहरुसँग खुला प्रश्नावलीको प्रयोग गरी जानकारी संकलन गरिएको छ । त्यस्तै गरी बीचैमा अध्ययन छाडिसकेका (विद्यालय तहमा पढ्दापढ्दै छाडेका र क्याम्पस तहको अध्ययन गर्दागर्दै छाडेका) विद्यार्थीहरुसँग अध्ययन छाड्नु पर्नाको बाध्यात्मक परिस्थितिहरु के-के थिए भन्ने बुझ्नको लागि जम्मा १८ जनासँग खुला प्रश्नावलीको माध्यम प्रयोग गरी अन्तर्वार्ता विधिद्धारा जानकारी लिइएको छ । अध्ययन क्षेत्रका करिव २ वर्ष भित्रमा विद्यालय तहमै अध्ययन छाडेका विद्यार्थीहरुको पहिचान गरी सो विद्यार्थीहरुका अभिभावकहरुसँग पनि आफ्ना छोराछोरीले विद्यालय जान छाड्नको पछाडि के कारण थियो भनी बुझ्नको लागि खुल्ला प्रश्नावलीको माध्यम नै प्रयोग गरी जम्मा ७ जनासँग अन्तर्वार्ता लिने कार्य गरिएको छ । छोटो समयवधी भित्र अध्ययन सम्पन्न गर्नु परेको हुँदा समग्रबाट उद्देश्यपरक उत्तरदाताहरुसँग कुराकानी गरिएको हुँदा फरक फरक संख्यामा उत्तरदाताहरुको संख्या रहेको हो । अध्ययन क्षेत्रमा रहँदा अध्ययनको उद्देश्य अनुसारको उत्तरदाताहरु जो अगाडि भेटिन्छ उनीहरुसंगै कुराकानी मार्फत जानकारी संकलन गरिएको हो । यसैगरी अनौपचारिक रुपमा समुदायमा रहेका सामुदायिक संस्थाहरुको बैठकहरुमा स्वयम सहभागी भई यस सम्बन्धमा जानकारी लिने कार्य गरिएको छ ।

अन्तर्वार्ताको अर्को खण्डमा भने मुख्य सूचनादाताहरुसँग गहनरुपमा छलफल तथा कुराकानीको माध्यमबाट जानकारी संकलन गर्ने कार्य गरिएको छ । यसमा मुख्य गरी समुदायसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तित्वहरु, समुदायका बारेमा जानकार व्यक्तित्वहरु,

शिक्षासँग सम्बन्धित व्यक्तित्वहरु, विद्यालय प्र.अ., शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु गरी जम्मा १२ जना व्यक्तित्वहरुसँग समुदायमा रहेका वर्तमान शैक्षिक गतिविधिको वरिपरि केन्द्रित रहेर गरिएको छलफल तथा कुराकानीहरुबाट जानकारी तथा तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

यसैगरी विद्यार्थी सहभागिताको दर हेर्नको लागि वर्डा न. ७ नाम्जेमा रहेको ग्रामीण जनता उच्चमाध्यमिक विद्यालयका प्र.अ. र लेखा फाँटका शिक्षक तथा कर्मचारीको सहयोगमा विद्यालयबाट प्रकाशित अभिलेख, फल्यास रिपोर्ट, विद्यार्थी हाजिरी पुस्तिका आदिबाट तथ्याङ्क लिने कार्य गरिएको छ । गा.वि.स. लगायत अध्ययन क्षेत्रको जनसंख्या विवरण, साक्षरताको दर तथा गाविसमा अवस्थित विद्यालय विवरणको लागि गा.वि.स. बाट प्रकाशित गाउँ पार्श्वचित्रको सहयोग लिइएको छ ।

यसरी संकलन गरिएको तथ्य वा घटनाहरुलाई वर्णनात्मक अनुसन्धान ढाँचा अनुरुप विभिन्न विषयगत शीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कहरु संख्यात्मक भन्दा गुणात्मक रहेको छ । अनुसन्धानलाई विश्वसनीय र तथ्यपरक बनाउनको लागि आवश्यकता अनुसार संकलन गरिएको संख्यात्मक तथ्याङ्कहरुलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.३ अध्ययनको सीमा

यो अनुसन्धान विशेष गरी समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तिको लागि हो । यो अनुसन्धान भेडेटार गा.वि.स. मा मगर समुदायको घना बस्ती रहेको वार्ड नं. ६, ७ र ८ लाई मात्र समेटिएको छ । अनुसन्धान क्षेत्रको मगर समुदायको समग्र सामाजिक/साँस्कृतिक पक्षहरुको अवस्था प्रस्तुत नगरी केवल शैक्षिक पक्षलाई मात्र समेटिएको छ । अतः उद्देश्यपरक क्षेत्र छनौट, सानो इकाई र छोटो समय सीमाभित्र गरिएको अनुसन्धान भएकोले प्राप्त तथ्यहरुलाई समग्र मगरहरुमा सामान्यीकरण गर्न मिल्दैन । यद्यपि हालसम्म यस विषयमा भए गरेका अध्ययनहरुबाट उपलब्ध ज्ञानसँग भने सामान्यीकरण गर्न सकिन्छ ।

## अध्याय चार

## विद्यालयीय शिक्षाको सुरुवात

यो अध्यायमा मुख्य रुपमा अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको वर्तमान शैक्षिक अवस्था, उनीहरुको विद्यालय शिक्षामा सहभागिता र यस बारेको धारणा लगायत यो समुदायमा औपचारीक शिक्षाको गोरेटो कहिले-कसरी शुरुवात भयो भन्ने सवालमा व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

प्राचीन समयममा शिक्षा व्यक्तिले परिवार, नातेदार तथा सामाजिक संघ-संस्थाहरुद्धारा प्राप्त गर्ने गर्दथे । तर समय निरन्तर अगाडि बढ्ने क्रममा त्यसरी गरिएको सामाजिकीकरणले मात्र अपर्याप्त हुनगई औपचारिक शिक्षाको लागि व्यक्तिलाई स्कूल संस्थाद्वारा शिक्षित हुनुपर्ने अपरिहार्य भयो । अर्थात परिवार र समुदायले दिने शिक्षाभन्दा भिन्न संस्कृति, मुल्य, मान्यता सिक्ने औपचारीक संस्थानै विद्यालय हुन पुग्यो । यसर्थ नेपालको ग्रामीण इलाकाहरुको सन्दर्भमा पनि शिक्षाको महत्व बुझि स्थानीय शिक्षाप्रेमी, बुद्धिजीबि तथा समाजसेवीहरुको आफ्नै पहल र परिश्रममा विद्यालय स्थापना गर्ने कार्य भएको पाइन्छ ।

विभिन्न अध्ययनहरुका अनुसार ग्रामीण इलाकाहरुमा विद्यालयको स्थापना समुदाय कै पहलमा सुरु भएको पाइन्छ । यस गा.वि.स भित्र जम्मा ६ वटा सामुदायिक विद्यालय छन् । जसमध्ये पाँचवटा प्राथमिक विद्यालय र एउटा मात्र उच्चमाध्यमिक विद्यालय रहेको छ भने हालसम्म एउटा पनि संस्थागत (निजी) विद्यालय छैन । यसैगरी यस गा.वि.स.मा जम्मा ६ वटा बालविकास केन्द्रहरु हाल संचालनमा छन् । यो गा.वि.स.कै पहिलो औपचारीक शिक्षा दिन शुरु गरेको विद्यालय भगवती प्राथमिक विद्यालय हो । जसको स्थापना २०१०/११ साल तिरै हालको वडा नं. ४ कार्कीछाप भन्ने ठाउँमा भएको थियो भन्ने भनाई बुढापाका अभिभाकहरुको रहेतापनि पछि पञ्चायत कालमा उक्त विद्यालयको दरबन्दि खारेजि भएपछि केही समय बन्द रह्यो । पछि स्थानीय समुदायको पहलमा उक्त विद्यालय पुर्नस्थापना गर्ने कार्य भएको हो भन्ने जानकार तथा तात्कालीन समयका प्रधानपञ्च वीर बहादुर थापा मगरको भनाइ छ । हाल उक्त विद्यालय सोही नामले यसै गाविसको वर्डा न. ३ फलामेटारमा रहेको छ । उक्त विद्यालयको पुर्नस्थापना वि.स. २०३४ मा भएको अभिलेख उल्लेखित छ । त्यस्तै महाभारत प्राथमिक विद्यालयको स्थापना बारे पनि दुविधा रहेको देखिन्छ । उक्त विद्यालयको अभिलेख अनुसार वि.स. २०१२ मा स्थापना भएको हो भन्ने बताउछन् उक्त विद्यालयका शिक्षक द्धय मोहन राई र राजेन्द्र राई । यसरी हेर्दा यो विद्यालयलाई गा.वि.स. कै जेठो विद्यालय पनि भन्नु पर्ने हुन्छ ।

अनुसन्धानकर्ताको अध्ययन क्षेत्रमा पर्ने एकमात्र उच्चमाध्यमिक विद्यालय अर्थात गा.वि.स. कै एकमात्र उच्चमाध्यमिक विद्यालयको स्थापनाका बारेमा विद्यालय सुधार योजनामा यस्तो लेखिएको छ– वि.सं. २०१६ सालमा स्थानीय निवासी श्री वीर बहादुर थापा मगर, विष्णु बहादुर मगर, हमकलाल राईको सक्रियतामा वडा नं. ७ आहाल डाँडामा बाँस र सेउलाले एउटा कटेरो निमार्ण गरी विद्यालय सेवा क्षेत्रका ४/५ जना विद्यार्थीबाट शुरु गरिएको भएतापनि यस विद्यालयको औपचारीक रुपमा स्थापना भने २०१९ साल जेठ १९ गते सुश्री लक्ष्मी गुरुङ्गलाई सरकारको तर्फबाट नियुक्ती गरी प्रधानाध्यापकको रुपमा पठाई विद्यालयले स्वीकृति प्राप्त गरेको थियो (ग्रा.ज.मा.वि. २०६१) ।

यसै सन्दर्भमा यस विद्यालयका संस्थापक सदस्यसँग गरिएको प्रत्यक्ष कुराकानीमा विद्यालय स्थापना गर्नुको कारणमा–"म धरानको फुस्रे मिडिल स्कूलबाट कक्षा ७ पास गरेर गाँउमा आएको थिएँ । त्यो समयमा यसै गा.वि.स.को वडा नं.४ मा भगवती प्राथमिक विद्यालय नामको स्कूल स्थापना भई सकेको थियो । स्थानीय अभिभावकहरुले उक्त स्कूलमा पढाइदिन आग्रह गरेपछि मैले करीब २०१३/१४ सालमा महिनाको ४० रुपैँया पाउने सर्तमा नौ महिना पढाएँ । उक्त स्कूलका तत्कालिन सेक्रेटरी र सभापतिले आफूलाई मासिक तलबमा छलकपट गरी ३ महिनाको तलब बुझाई नौ महिनाको भरपाई गरी चलाखहरुले ठगेको कारण उक्त स्कूल छोडी आफ्नै गाउँ फर्की आएँ । र, त्यो स्कूल भन्दा राम्रो ढंगले आफ्नै ठाउँमा विद्यालय चलाएर देखाउन सक्छौं भन्ने एकखालको रिसिवी (इख) र जोस भित्री मनबाटै आएपछि हामी केही साथीहरु तथा अभिभावकहरु शेरबहादुर झाकोटे मगर, विष्णुबहादुर मगर, भक्तबहादुर राना मगर, हमकलाल राई, गुन्जमान थापा मगर आदि व्यक्तिको सहायोग लिई घरघरबाट अन्न र नगद उठाई २०१५/१६ सालदेखि ५/६ जना केटाकेटी भेला गरि पढाउन थालेको हो । पछि सरकारले वि.सं. २०१९ सालमा स्वीकृति प्रदान गरी प्रधानाध्यापकका रुपमा शिक्षक पठाएपछि म सहायक शिक्षकका रुपमा बसेर काम गरें ।"[१]

त्यस्तै कन्या प्राथमिक विद्यालय मुक्तेन को स्थापनाका बारेमा पनि विद्यालय प्रअ. देविलाल चौधरीसँग गरिएको मोवाइलबार्तामा "यो विद्यालय २०२८ बाटै समुदायको पहलमा  पठनपाठन सुरु गरेको भन्ने जानकारी छ" भन्ने जानकारी प्राप्त भएको छ ।[२] यसरी समुदाय कै पहलमा गा.वि.स.मा एक पछि अर्को विद्यालय थपिन्दै जानुमा शिक्षाको माग बढ्दै जानुले हो । पछि २०३० सालमा यस विद्यालयले सरकारी स्वीकृति प्राप्त गरेको देखिन्छ ।

---

१ वीर बहादुर मगरसँग २०६९ असोज  ३ मा गरिएको कुराकानी आधारित ।

२ देवीलाल चौधरीसँग २०६९ कार्तिक २३ मा गरिएको कुराकानीमा आधारित ।(विद्यालय स्थापना बारे थप स्पस्टताको लागि मोबाइल बार्ता गरिएको हो ।)

त्यसपछिका समयहरुमा निरन्तर शिक्षाको मागसँगै समुदायमा विद्यालयहरु हस्तान्तरण हुँदै जाने कार्य २०४६ सम्म यस गा.वि.स. मा जारी रह्यो । हाल यो गा.वि.स.मा जम्मा ६ वटा सामुदायिक विद्यालयहरु छन् । जसलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: भेडेटार गा.वि.स. मा अवस्थित सामुदायिक विद्यालयको विवरण**

| विद्यालयको नाम | स्थापना वि.स. | विद्यालयको किसिम | विद्यालयको तह | विद्यालय रहेको वडा |
|---|---|---|---|---|
| महाभारत प्रा.वि. | २०१२ | सामुदायिक | प्राथमिक | २ |
| भगवती प्रा.वि. | २०३४ | सामुदायिक | प्राथमिक | ३ |
| पशुपती प्रा.वि. | २०४५ | सामुदायिक (समुदायमा हस्तान्तरित) | प्राथमिक | ४ |
| अमर प्रा.वि. | २०४६ | सामुदायिक (समुदायमा हस्तान्तरित) | प्राथमिक | ५ |
| ग्रामीण जनता उ.मा.वि. | २०१९ | सामुदायिक (समुदायमा हस्तान्तरित) | उच्च मा.वि | ७ |
| कन्या प्रा.वि. | २०३० | सामुदायिक (समुदायमा हस्तान्तरित) | प्राथमिक | ९ |

स्रोत : स्थलगत सर्वेक्षण २०६९, भेडेटार गा.वि.स.२०६७ ।

यसरी नेपालको ग्रामीण इलाकाहरुमा पनि प्रजातन्त्र आगमन पश्चात शिक्षाको माग बढ्दै जाने क्रममा समुदाय कै पहल र स्रोतहरुमा स्थानीय युवा, शिक्षाप्रेमी, अभिभावक, राजनैतिक कार्यकर्ताको सक्रियतामा विद्यालयको स्थापना गरी औपचारिक शिक्षा दिने कार्य शुरु गरेको पाइन्छ । विद्यालय स्थापनाको शुरुवाती समयमा सामान्य लेखपढ गर्न जान्ने स्थानीय युवाहरुले शिक्षा दिने कार्य गरेको देखिन्छ । पछि सरकारले तोकेको न्यूनतम औपचारिक योग्यता भएको शिक्षकले पढाउनु पर्ने व्यवस्था भएपछि उनीहरुले त्यो शिक्षण पेशा छोड्नु परेको देखिन्छ । म्याग्दी जिल्लाको गुर्जा र मल्कवाङ्ग गा.वि.स.मा याम बहादुर पुनद्धारा गरिएको एक अध्ययनमा पनि यसरी नै विद्यालय शिक्षाको सुरुवात गरेको र पछि सरकारद्धारा न्यूनतम योग्यता भएको व्यक्तिले मात्र अध्यापन गर्न पाउने नीति कार्यन्वयन गरेपछि स्थानीय साक्षर युवाहरु अध्यापन गर्ने कार्यबाट पछि हट्नु परेको देखाइएको छ (पुन २०६८) ।

### ४.१ विद्यालयीय शिक्षामा मगर समुदायको सहभागिता

यो अध्ययन भेडेटार गा.वि.स.को विशेष घना मगर समुदाय बसोबास रहेको बस्तीहरु वडा नं. ६, ७ र ८ लाई लिइएको हो । गाउँ पार्श्वचित्र २०६७ का अनुसार यस अध्ययन क्षेत्रमा बसोवास गर्ने समुदायको जम्मा घरधुरी संख्या १८८ घर रहेको छ । जसमध्ये मगर समुदायको घरधुरी संख्या १६४ रहेको छ । यसलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: अध्ययन क्षेत्रको घरधुरी संख्या, जातिगत जनसंख्या र साक्षरता विवरण**

| समुदाय | घरधुरी संख्या ( प्रतिशत) | जम्मा जनसंख्या (प्रतिशत) | साक्षर योग्य संख्या (प्रतिशत) | साक्षरता संख्या (प्रतिशत) |
|---|---|---|---|---|
| मगर | १६४ (८६.२३) | ८८१ (८९.१७) | ७९२ (८९.८९) | ६८० (८५.८५) |
| क्षेत्री | १३ (६.१२) | ५४ (५.४६) | ५० (९२.५९) | ४३ (८६.००) |
| भुजेल | ७ (३.८५) | ३४ (३.४४) | ३१(९१.१७) | २६ (८३.८७) |
| दलित | २ (१.०६) | १२ (१.२१) | १२ (१००) | ९ (७५.००) |
| राई | २ (१.०६) | ७ (०.७०) | ७ (१००) | ७ (१००.००) |

स्रोत: भेडेटार गा.वि.स. २०६७ ।

मथि तालिका नं. २ अनुसार यस अध्ययन क्षेत्रमा बसोबास गर्ने समुदायमा सबै भन्दा बदी जनसंख्या मगर समदुायको रहेको छ भने सबै भन्दा कम जनसंख्या राई समुदायको बसोबास रहेको देखिन्छ । त्यस्तै साक्षरता प्रतिशतमा भने राई समुदायको सतप्रतिशत साक्षर रहेको देखिन्छ । यो समुदायका ब्यत्तिहरु बसाइसराई गरी यस ठाँउमा स्थायी बसोबास गर्ने शिक्षित कर्मचारी भएको हुँदा साक्षरता प्रतिशतमा सतप्रतिशत देखिएको हो ।

वर्तमान समयसम्म भेडेटार गा.वि.स. भित्रमा जम्मा ६ वटा सामुदायिक विद्यालय छन् । जसमा पाँचवटा प्राथमिक विद्यालय र एउटा मात्र उच्चमाध्यमिक विद्यालय छन् । यस उच्चमाध्यमिक विद्यालयको प्राथमिक तहको प्रमुख सेवा क्षेत्र भनेको यसै गा.वि.स.को वडा नं. ६, ७ र ८ मा बसोबास गर्ने समुदाय हो । यस विद्यालयको सेवा क्षेत्र भित्र बसोबास गर्ने जनसंख्या ८९.१७ प्रतिशत (गाउँ पार्श्वचित्र २०६७) मगर समुदायको बसोबास रहेको छ । यति धेरै प्रतिशत जनसंख्याको बसोबास रहेको समुदायको विद्यालयीय शिक्षामा उनीहरुको बालबच्चाहरुको सहभागिता तालिकानं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३: ग्रामीण जनता उच्चमाध्यमिक विद्यालयको प्राथमिक तहदेखि माध्यमिक तहसम्मको विद्यार्थी विवरण**

| तह | शैक्षिक शत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६७ | | | २०६८ | | | २०६९ | | |
| | जम्मा वि.सं | मगर विद्यार्थी संख्या | अन्य वि.सं. | जम्मा वि.सं | मगर विद्यार्थी संख्या | अन्य वि.सं. | जम्मा वि.सं | मगर विद्यार्थी संख्या | अन्य वि.सं. |
| प्राथमिक | १७८ | १२८ (७१.९१%) | ५० | १४४ | १०६ (७३.६१%) | ३८ | १२३ | ९४(७६.४२%) | २९ |
| निम्न माध्यमिक | २०८ | ११२ (५३.८४%) | ९६ | २१९ | ११८ (५३.८८%) | १०१ | १८८ | १०५(५५.८५%) | ८३ |
| माध्यमिक | १०२ | ५३ (५१.९६%) | ४९ | ११२ | ६२ (५५.७१%) | ५० | ११९ | ६४ (५३.७८%) | ५५ |
| जम्मा | ४८८ | २९३ (६०.०४%) | १९५ | ४७५ | २८६ (६०.०२%) | १८९ | ४३० | २६३ (६१.१६%) | १६७ |

स्रोत: स्थलगत सर्वेक्षण २०६९, सम्बन्धित विद्यालयको फल्यास रिर्पोट २०६७/२०६८/२०६९, सम्बन्धित विद्यालयका विद्यार्थी हाजिरी पुस्तिका ०६७/२०६८/२०६९ ।

तालिका नं. ३, अनुसार शैक्षिक शत्र २०६७ देखि २०६९ सालमा प्राथमिक तहमा भर्ना भएका विद्यार्थी संख्या घट्दै गएको देखिन्छ । यो संख्या घट्नुमा विभिन्न कारणहरु छन् । जसमध्ये एउटा कारण केहि वर्ष यता जनसंख्या वृद्धिमा नियन्त्रण हुनु हो (सन २००१ को वार्षिक जनसंख्या वृद्धिदर २.२५ थियो भने २०११ मा यो दर १.३५ मा घटेको छ - सिबिएस सन् २०११) । त्यस्तै सरकारी विद्यालयमा भन्दा निजी विद्यालय अर्थात बोर्डिङ्ग स्कूलमा पढाई राम्रो हुन्छ भन्ने मान्यताले गर्दा पनि आशिंक प्रभाव परेको देखिन्छ । अध्ययन भ्रमणका क्रममा पाँचजना प्राथमिक उमेर समूहका विद्यार्थीलाई धरान बजारमा राखी बोर्डिङ्ग स्कूलमा भर्ना गरिएको पाइयो । अर्को तर्फ अहिलेको बच्चाहरुलाई अढाई तीन वर्षबाटै अभिभावकहरु स्थानीय स्तरमा खुलेका बालविकास केन्द्रहरुमा भर्ना गर्ने गरेका बताउछन् थुम्कि बालविकास केन्द्रका अध्यक्ष[३] (थुम्कि बालविकास केन्द्रको स्थापना २०६४ हो भने ग्रामीण जनता उच्चमाविमा रहेको बालविकास केन्द्रको २०५१ मा नै स्थापना भएको हो - फल्यास रिपोर्ट २०६७) । यसले गर्दा पहिला बालविकास केन्द्रहरु नहुदा कक्षा एकमा पनि विभिन्न उमेर समूहका बच्चाहरु पढ्ने अवस्था थियो । त्यसकारण पनि अहिले प्राथमिक तहमा विद्यार्थी संख्या घटेको अवस्था हो । अर्कोतर्फ माध्यमिक तहमा विद्यार्थी भर्ना संख्या थोरै भएपनि बृद्धि हुँदै गएको देखिएको छ । यसको मुख्य कारण विद्यालयको सेवा क्षेत्र ठूलो हुँदै जानु हो । यस विद्यालयको सेवा क्षेत्र भित्र अर्को कुनै माध्यमिक तहको विद्यालय छैन । अर्को पक्ष भनेको तुलनात्मक रुपमा वर्तमान समयको भन्दा करीब ८-१० वर्ष अगाडिको जनसंख्या वृद्धिदर ठूलो थियो । यस्तो खालको तथ्याङ्क भित्र मगर समुदायको

[३] श्याम बहादुर मगरसँग २०६९ असोज १८ मा गरिएको कुराकानीमा आधारित ।

विद्यार्थी भर्नादर पनि राम्रै देखिन्छ । प्रत्येक सालमा प्राथमिक तहमा मगर विद्यार्थीको भर्नादर ७१ प्रतिशत भन्दा माथि रहेको तथ्याङ्क छ । यो तथ्याङ्कले अध्ययन क्षेत्रका मगर समुदायको विद्यार्थीहरुको खास गरि प्राथमिक र निम्नमाध्यमिक तहसम्मको सहभागिता राम्रै भएको संकेत गर्दछ ।

तर माध्यमिक तहतर्फ जाने क्रममा यो संख्या केहि घट्दै ५५ प्रतिशतको हाराहारीमा झरेको देखिन्छ । यस तहमा आईपुग्दा विद्यालयको सेवा क्षेत्र व्यापक हुँदै जानु र आसपासको समुदाय गैह्र मगर हुनु एउटा हो । त्यस्तै प्राथमिक तथा निम्नमाध्यमिक तह पुरा गरे पश्चात केहि विद्यार्थीहरु माध्यमिक तह पढ्दापढ्दै विद्यालय छाड्ने गरेको कारण यस्तो तथ्याङ्क आएको हो । समग्रमा हेर्दा यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये ६० प्रतिशत मगर समुदायका विद्यार्थी अध्ययन गर्दछन् ।

स्थलगत अध्ययन भ्रमणका शिलशिलामा ग्रामीण जनता उच्चमाध्यमिक विद्यालयका प्रधानाध्यापकसँगको छलफलका क्रममा प्राथमिक उमेर समूहका बालबालिकाहरु विद्यालय भर्ना हुन समुदायमा नछुटेको भएता पनि माध्यमिक तहमा केहि विद्यार्थीहरु उमेर बृद्धिसँगसँगै अध्ययन छाड्ने प्रवृति यहाँ देखिन्छ भन्ने तर्क पाइयो ।[४] स्थलगत अध्ययनकै क्रममा पनि शैक्षिक सत्र २०६८/०६९ सालमा जम्मा १.६२ प्रतिशत अर्थात ७ जना विद्यार्थीले माध्यमिक तह पढ्दा-पढ्दै विद्यालय छाडेको पाइयो ।

### ४.२ शैक्षिक सहभागितामा असरका पक्ष

वर्तमान समयमा शिक्षाको अपरिहार्यताको महसुस अभिभावकहरुमा हुँदाहुँदै पनि केहि यस्ता कारणहरु छन् जसले गर्दा विद्यार्थीहरुलाई विद्यालय तहको अध्ययन पुरा गर्न नपाइ अध्ययन छोड्न बाध्य बनाएका छन् । स्थलगत अध्ययनका क्रममा अनौपचारिक कुराकानीहरुमा छोरा र छोरीबीच विद्यालय पठाउने सवालमा विभेद छैन भन्ने अभिभावकहरुको भनाई आएपनि यहाँ जम्मा ७ जना विद्यालय तहमै अध्ययन छाड्ने विद्यार्थी मध्ये ५ जना छात्रा भएको पाइयो । विद्यालय पठाउने सन्दर्भमा विभेद नरहेपनि घरायसी काममा छोराको तुलनामा छोरीलाई बढी चटारो परेको कारण उनीहरुको पढाइ खस्कन गई अन्तत अध्ययन छाडेको अबस्था देखिन्छ । अध्ययनकै क्रममा एक जना छात्राको अभिभावकले घरमा काम सघाउने कोही नभएर हामीले नै अध्ययन छोडाएका हौं भन्ने कुरा गरेका थिए । यहाँ उमेर बढ्दै जाने क्रममा घरायसी जिम्मेवारी थपिन गई औपचारिक शिक्षा लिनबाट बञ्चित हुनुपर्ने देखिन्छ ।

---

[४] टंकबहादुर भुजेलसँग २०६९ असोज ९ मा गरिएको कुराकानीमा आधारित ।

स्थलगत अध्ययनका शिलशिलामा कक्षा ९ मा पढ्दा-पढ्दै विद्यालय छाडेका छात्राको भनाई यस्तो थियो । "आमा जहिले बिरामी, दिदी बिहे गरेर पराईघर जानुभयो, बुबा बिदेश, घरमा कसले हेर्ने, एउटा भाई र एउटा बहिनी पढ्दैछन् । त्यसैले मैले पढ्न छाडेको हो"[५] भन्ने तर्क थियो । त्यस्तै अर्का कक्षा १० मा पढ्दै गर्दा पढाई छाडेका विद्यार्थीको भनाई यस्तो थियो- "मलाई जहिले पढ्नै सक्तिन, पढेको कुरा बुझ्दै बुझिदैन जस्तो लाग्ने, पढ्न सक्छु भन्ने आत्मबल नभएर म आफै पढ्न छोडेको"[६] भन्ने थियो । यस भनाईबाट विद्यार्थीहरुले अध्ययन छाड्ने कारणमा पढ्ने इच्छाशक्ति नदेखाउनु पनि देखिन्छ । अर्का उमेरले १८ वर्ष पूरा गरेका छात्र कक्षा ८ पढ्दा-पढ्दै विद्यालय छाडेको पाइयो । उनको भनाईमा कक्षामा म मात्रै अरु साथीहरु भन्दा ठूलो देखिने, छरछिमेकका मेरो उमेरका साथीहरु विदेश गएर पैसा कमाउन थालेको सम्झिन्थे, पढ्न ध्यानै लाग्न छोड्यो । त्यसैले अब विदेश जाने भनेर पढ्न छाडेको[७] भन्ने उत्तर पाइयो । उमेर बृद्धि सँगसँगै घरायसी र आर्थिक भारको जिम्मेवारी बोध हुनुले पनि अध्ययन छाड्ने गरेको देखिन्छ । यहाँ बीचैमा अध्ययन छाडेका विद्यार्थीहरुको समस्या भनेको ढिलो पढाइ सुरु गर्नु अर्थात सही उमेरमा सही कक्षामा पढाई शुरु नगरेको कारणले पनि विद्यालय छाड्ने गरिएको देखियो ।

विद्यालय व्यवस्थापन समितिका एक बृद्ध (६५) सदस्यको भनाइमा "विद्यालय तहमै केटाकेटीहरुले अध्ययन छाड्नुमा सरासर कक्षा उत्तीर्ण गर्न नसक्नु पनि हो"[८] भन्ने थियो । यसरी उत्तीर्ण हुनुमै समस्या देखिनुमा मुख्य कारण भनेको घरको वातावरण हो । अध्ययन कै क्रममा विद्यालय तहमै अध्ययन छाडेका केटाकेटीहरुका अभिभावकहरुलाई तपाइ छोराछोरी पढेको नपढेकोमा, गृहकार्य गरेको नगरेकोमा कतिको चासो राख्नु हुन्थ्यो/ हुन्छ भन्ने प्रश्न गर्दा तीन जना अभिभावकले आफू निरक्षर रहेको, हाम्रो समयमा एक त विद्यालय थिएन अर्को अहिले जस्तो पढ्नु पर्छ भन्ने चेतना कम थियो भन्ने गुनासो गरेका थिए । त्यस्तै तीन जना अभिभावकले आफू साक्षर भएपनि विद्यालय स्तरको पाठ्य पुस्तकका बारे केही थाहा नहुने बताएका थिए । अर्का एक जना अभिभावकले भने आफू बैदेशिक रोजगारीमा भएको कारण उनीहरुको पढाइमा समय दिने अवसर नै पाइरहेको छैन भन्ने वताए ।

केही वर्ष अगाडिको समयसम्म ६-७ वर्ष उमेर नपुगेसम्म विद्यालय भर्ना गर्ने र लिने चलन थिएन । यसरी उनीहरु ६-७ वर्ष पुगेपछि विद्यालय भर्ना हुनु र घरमा

---

[५] कृष्णमाया थापा मगरसँग २०६९ असोज २२ मा गरिएको कुराकानीमा आधारित ।

[६] फूलमाया राना मगरसँग २०६९ असोज २२ मा गरिएको कुराकानीमा आधारित ।

[७] रविन राना मगरसँग २०६९ असोज २२ मा गरिएको कुराकानीमा आधारित ।

[८] धन बहादुर राना मगरसंग २०६९ असोज १२ मा गरिएको कुराकानीमा आधारित ।

उनीहरुलाई अध्ययनमा सहयोग गर्न अभिभावक असमर्थ भएका कारण उनीहरु प्राथमिक तहदेखि नै पढाइमा केही कमजोर हुँदै जानु र निरन्तर कक्षा उत्तीर्ण गर्न नसक्दा त्यहि कक्षा दोहोऱ्याइ रहनु पर्ने अवस्थाले गर्दा उमेर बृद्धिसँगै कक्षा बृद्धि गर्न नसक्दा अन्ततः उनीहरुको आफैमा पढ्न सक्ने आत्मबल क्षीण भएर अध्ययन नै छाड्ने गरेको देखिन्छ ।

स्थलगत अध्ययन भ्रमणका बेला विद्यालय तहको अध्ययन गर्दागर्दै विद्यालय छाडेका विद्यार्थीका अभिभावकहरुसँग छोराछोरीले अध्ययन छाड्नुको कारण अर्थात किन अध्ययन छाडेको हो भन्ने प्रश्नमा चारजना अभिभावकले छोराछोरी आफै पढ्नै नचाहेर छाडेको बताए । त्यस्तै दुईजना अभिभावकले आफ्नो छोराछोरीको शारिरीक असक्तताका कारण "अपाङ्गमैत्री विद्यालय नभएर" छाडेको बताए भने एकजना अभिभावकले मात्र "घरमा काम गर्ने कोही नभए पछि हामीले नै पढाई छोडाएका हौं "भन्ने बताएका थिए । पढाइ ढिलो सुरु गर्नको साथसाथै निरन्तर कक्षा उत्तीर्ण गर्न नसक्नु र कक्षा दोहोऱ्याउनु पर्ने बाध्यता, सानै कक्षादेखि नै उत्तीर्ण श्रेणीमा कक्षा चढ्दै जानु, घर परिवारमा आफ्नो पढाइको बारेमा हेरबिचार गर्ने अभिभावकहरुको कमीको कारण उनीहरु विद्यालय शिक्षा पुरा नगर्दै विद्यालय छाड्ने अवस्थामा पुगेको देखिन्छ । यहाँ के देखियो भने छोराछोरीको शिक्षाका लागि अभिभावक आफै पनि खासै सचेत छैनन् । पढे-नपढेकोमा खासै चासो राख्ने प्रवृति छैन । विद्यालय भर्ना गर्नुपर्छ भन्ने कुरामा सचेत भएतापनि आफै अनपढ भएका कारण छोराछोरीको पढाईमा खासै ध्यान दिने वातावरणको विकास भएको पाइएन । अध्ययनको मामलामा विद्यार्थीलाई अभिभावकले स्वनिर्णय गर्न दिने वातावरणले गर्दा पनि विद्यार्थीहरु पढाइ छाडेको देखिन्छ ।

### ४.३ विद्यालयीय शिक्षामा सहभागिताका सकरात्मक पक्ष

वर्तमान नेपालको सन्दर्भमा पनि प्रायः सबै वर्ग, लिङ्ग, जात-जाति समुदायको विद्यालयीय शिक्षाको सहभागितामा वृद्धि भईरहेको अवस्था छ । यसमा राष्ट्रले शिक्षा विकासमा लगानी गर्नु, स्थानीय तहमा विद्यालय संचालन गर्न अनुमति पाउनु, सन् २०१५ सम्ममा प्राथमिक उमेर समूहका बालबालिकाको सतप्रतिशत विद्यालय भर्ना गर्ने नीति लिनु एउटा हो भने अर्को पक्षमा ग्रामीण अभिभावकहरुमा पनि शिक्षा सम्बन्धी चेतनाको स्तर बिस्तार हुँदै जानुले हो । यस अध्ययन क्षेत्रका बालबालिकाहरुमा प्राथमिक तहमा विद्यालय भर्ना नहुने र भर्ना भएका पनि प्राथमिक तहमै छाड्ने समस्या भने पाइएन ।

अध्ययन कै क्रममा माध्यमिक तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुसंग गरिएको औपचारिक तथा अनौपचारिक छलफलका क्रममा तपाई किन नियमित विद्यालय जानु हुन्छ अथवा नियमित जानु पर्छ जस्तो लाग्छ भनी प्रश्न गर्दा-अगाडिको पाठ बारे अर्को दिन अन्योल र अनविज्ञ हुने डरले, उच्चशिक्षासम्मको अध्ययन गर्नको लागि, हरेक दिन कुनै न

कुनै नयाँ कुरा सिक्न पाइन्छ भनेर, पढाइमा नराम्रो असर नपरोस जस्तो लागेर भन्ने उत्तरहरु दिएका थिए । त्यस्तै एक जना विद्यार्थीले सबै साथीहरु जाने भएकोले भन्ने उत्तर दिए । त्यसैगरी मातृभाषी समुदाय भएतापनि वर्तमान समयमा आफ्नो मातृभाषासँगसँगै नेपाली भाषा पनि गाउँ समुदायमा मिश्रित रुपमा बोल्ने बानीको विकास हुँदै जानुले नेपाली भाषामा अध्ययनका लागि समस्या नभएको औपचारिक-अनौपचारिक कुराकानीका बेला विद्यार्थीहरुले बताएका थिए ।

आफू अनपढ वा साक्षर मात्र भएको कारण हरेक क्षेत्रमा काम गर्दा अप्ठेरो/समस्या भोग्नु परेकोले गर्दा मैले जस्तो समस्या भोग्नु नपरोस् भनेर सबै (६जना) छोराछोरीलाई एस.एल.सी सम्म पढाएको बताउनुहुन्छ, लामो समयसम्म साउदी अरबीयामा काम गरेर फर्कनुभएका उनै ६५ वर्षीया वृद्ध तथा विद्यालय व्यवस्थापन समितिका एक सदस्य । यहाँ आफूले स्वदेश तथा विदेशमा काम गर्ने शिलशिलामा शिक्षाको अभावमा दुःख - कष्ट भोग्नुपर्दा छोराछोरीको अध्ययनमा चासो जनाएको देखिन्छ । आफूले जीवनमा शिक्षाको अभावमा दुःख-कष्ट पाएपछि धेरै अभिभावकले आफ्ना छोराछोरीको पढाइमा वैदेशिक रोजगारीको ठूलो हिस्सा लगानी गरेको पाइन्छ/देखिन्छ ।

त्यसैगरी थुम्की बालबिकास केन्द्रका अध्यक्ष तथा निवर्तमान वडा अध्यक्ष (वडा नं. ६) को भनाईमा पनि विद्यालय शिक्षाको सहभागिता राम्रो हुनुमा अभिभावकमा आएको शिक्षा प्रतिको चेतना, माध्यमिक तहसम्मको अध्ययन आफ्नै गाँउ-समुदायमा गर्न पाउने अवसरले गर्दा भएको हो भन्ने तर्क छ । स्थलगत अध्ययनकै शिलशिलामा लालीगुराँस सामुदायिक संस्था (वडा नं. ८) मझुवामा समूहको मासिक बैठकका क्रममा यो विषयमा छलफल गर्दा धेरै अभिभावकको मुखबाट "शिक्षाको महत्व भएर" भन्ने आयो । अहिलेको समयमा छोराछोरीलाई विद्यालय पनि पठाइएन भने "छरछिमेकले कुरा काट्छ" भन्ने पनि सुनियो ।[९] यसको अर्थ अबको समयमा छोराछारीलाई विद्यालय पनि पठाइएन भने अरुको नजरमा आफू अबुझ हुनु भन्ने हो ।

यसै सन्दर्भमा ग्रामीण जनता उच्चमाध्यमिक विद्यालयका निवर्तमान प्रधानाध्यापकका अनुसार "सर्वप्रथम आफ्नै करेसाबारीमा उच्चमाध्यमिक तहसम्मको विद्यालय हुनु, दोस्रो अभिभावकमा केटाकेटीहरुलाई विद्यालय पढाउनुपर्छ भन्ने चेतना आउनु, तेस्रो बैदेशिक रोजगारीमा भएकाहरुले पठाएको रेमिटान्स आफ्नो बालबच्चाको पढाइमा लगानी गर्नु, त्यस्तै चौथो नपढेको व्यक्तिलाई भन्दा पढेलेखेको व्यक्तिलाई समाज तथा व्यक्तिहरुले हेर्ने दृष्टिकोणमा फरक आउनु, पढेलेखेको बुहारी घरमा भित्र्याउने चाहाना लगायत विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप तथा छात्रवृत्ति कार्यक्रमहरुले गर्दा

---

[९] समूहको मासिक बैठकका क्रममा २०६९ असोज १५ मा गरिएको समूह छलफलमा आधारित ।

विद्यालय तहमा विद्यार्थी सहभागिता राम्रो भएको हो"[१०] भन्ने तर्क छ । सिंहदेवि सामुदायिक संस्थाका सबै भन्दा पाका (६०) एक महिला सदस्य आफू साक्षर मात्र भएको कारण मुख्य सदस्य पदमा रहेर काम गर्दा अप्ठेरो भोग्नु परेकोले कम्तिमा एस.एल.सि.सम्म पढेको बुहारी भित्र्याउने योजना सुनाउछन् ।[११] अव समुदायमा साक्षर हैन शिक्षित बुहारीहरुको माग बढिरहेको कारणले हुन सक्छ निवर्तमान विद्यालय प्र.अ. पनि समुदायमा पढेलेखेको बुहारी भित्र्याउने चाहाना बढिरहेको छ जसले गर्दा छात्राहरुको शिक्षाको सहभागितामा बृद्धि गर्न सहयोग गरेको बताउछन् । आन्ना रोबिन्सन पन्तद्धारा गरिएको "महिला र साक्षरता" नामक अध्ययनमा पनि बुहारी तथा श्रीमती शिक्षित छ भने सम्पूर्ण परिवारमा नै त्यसको राम्रो असर पर्ने, शिक्षाले योग्य श्रीमान् पाउन सहयोग हुने, आमा र श्रीमतीको सशक्त भूमिका निभाउन सक्षम बनाउने, लैंगिक विभेद कम गर्न सहयोग गर्ने भन्ने नेपाली महिलाहरुको बुझाइ छ भन्ने उल्लेख गरेका छन् (रोबिन्सन पन्त सन् २००९) ।

अभिभावकहरु आफ्ना छोराछोरीलाई पढाउनुपर्छ, शिक्षित बनाउनुपर्छ भन्ने चेतना हुँदाहुँदै पायक पर्ने स्थानमा शिक्षालयहरु नहुँदा धेरै बालबालिकाले औपचारिक शिक्षा लिन ठूलो कष्ट गर्नुपरेको या त बञ्चित नै हुनु परेको पनि पाइन्छ । अतः चेतनासँगै शिक्षालयहरु यहाँ उपलब्ध हुनुले विद्यालय तहमा विद्यार्थीहरुको सहभागिता बृद्धि गरेको पाइन्छ ।

स्थलगत अध्ययनकै शिलशिलामा आफ्ना बालबच्चाहरुलाई नियमित विद्यालय पठाउने सवालमा चासै नराख्ने अभिभावक प्रति संकेत गर्दै अन्य छिमेकी अभिभावकहरुले यस्तो पनि भन्ने गरेको सुनियो- "यसले छोराछोरीलाई पनि आफूजस्तै बनाउने भयो" । यो भनाईमा के भनिएको बुझियो भने आफू अनपढ छन् र छोराछोरी पनि त्यस्तै बनाउने पर्‍यो भन्ने भनाई हो । यसको अर्थ अबको समय पहिलाको जस्तो छैन । सबैले पढ्नुपर्छ भन्ने गाउँ-समुदायमा पनि चेतना आइसकेको देखिन्छ । समय सन्दर्भ अनुसार समाज परिवर्तनशील छ । समय परिवर्तनसँगै शिक्षाको महत्व व्यापक हुँदै गइरहेको छ । शिक्षा अव संस्थाकरण भइसकेको अवस्था छ । शिक्षा मानवको आधारभूत आवश्यकता हो । जसको लागि व्यक्तिले विद्यालय संस्थाद्वारा ज्ञान आर्जन गर्नु पर्ने हुन्छ । समाज तथा समुदायमा स्पष्टरुपमा विद्यालय संस्थाद्धारा दुई खालको व्यक्तिहरुको जन्म गराइ रहेको छ । शिक्षाले व्यक्तिलाई वैकल्पिक परिचय जोडिदिने कार्य गरको देखिन्छ । जो व्यक्ति विद्यालय संस्थाद्धारा दिक्षित हुन्छन ऊ शिक्षित हुने भयो । त्यस्तै जो व्यक्ति विद्यालय नगई स्व अध्ययन वा साक्षरता कक्षा लिएर ऊ जतिकै जानकार हुन्छ भनेपनि ऊ मात्र साक्षर हुने भयो । विद्यालयीय शिक्षाले व्यक्तिलाई शिक्षित व्यक्तिको स्तर निर्धारण गर्ने गरेको छ, मानौं कि

[१०] हर्क प्रसाद लामासँग २०६९ असोज ५ मा गरिएको कुराकानीमा आधारित ।

[११] अम्बिका देवी मगरसँग २०६९ कार्तिक २४ मा गरिएको कुराकानीमा आधारित ।

जसले गर्दा ऊ कुनै पनि रोजगारको लागि योग्य बनाउछ भन्ने बुझाइ छ । अतः यसको व्यापक प्रसारले गर्दा ग्रामीण इलाकाहरुमा पनि आफ्ना बालबच्चाहरुलाई शिक्षित बनाइ रोजगारयोग्य बनाउनको लागि विद्यालय भर्ना गर्नु पर्ने अपरिहार्यताको बुझाइले गर्दा हरेक अभिभावकहरु आफ्ना बालबच्चाहरुलाई विद्यालय पढाउन तत्पर भएको देखिन्छ (स्कीनर र हल्याण्ड सन् २००९) ।

२०५८ सालको एस.एल.सी परीक्षामा आफू असफल भएपछि बैदेशिक रोजगारीको शिलशिलामा मलेसिया बसेर आएका उत्तरदाताको शिक्षाको महत्वको बारेमा यस्तो भनाई थियो-"एस.एल.सी. परीक्षामा असफल हुनेवित्तिकै साथीहरु सजिलै विदेश गएको देखेर आफू पनि उतै लागियो तर त्यहाँ पुगेपछि थाहा भयो शिक्षाको महत्व, न त मसंग कुनै सीप थियो न कुनैपनि भाषा राम्रो आउथ्यो । अंग्रेजी भाषा जान्ने साथीहरुको काम पनि सजिलो र कमाई पनि राम्रो थियो । मैले त्यो दुःख भोगेर आएपछि अहिले म अरु भाई-बहिनीहरुलाई भरसके विदेश नजाऊ, यही दुःख, मेहनत गरेर पढ, जानेनै भएपनि भाषाको ज्ञान लिएर र कुनै सीप सिकेर जाऊ भन्ने गर्दछु" ।[१२] यसरी बैदेशिक रोजगारीबाट फर्किएका युवा तथा अभिभावकहरु आफूले शिक्षाको अभावमा भोगेका दुःखहरुले गर्दा गाउँ समाजमा शिक्षाका बारेमा फैलाएका चेतनाहरुले गर्दा पनि विद्यालयीय शिक्षामा विद्यार्थी सहभागिता राम्रो भएको हो ।

प्रस्तुत छलफल तथा उत्तरदाताहरुको भनाईका आधारमा विद्यालयीय शिक्षाको सहभागिता राम्रो हुनुमा सबैभन्दा पहिलो पक्ष विश्वव्यापी शिक्षाको महत्व बृद्धिसँगै अभिभावकहरुमा आएको शिक्षासम्बन्धी चेतना अर्थात छोराछोरीलाई शिक्षित बनाउने चाहना, दोस्रो पक्ष शिक्षालयको पहुँच र उपलब्धता, त्यस्तै अर्को निशुल्क/ सशुल्क शिक्षा लिने अवसर प्राप्त हुनु, त्यसैगरी वैदेशिक रोजगारीमा भएका अभिभावकहरु शिक्षाको महत्व बुझी आफू दुःख गरेर भएपनि आफ्ना बालबच्चाको पढाइमा लगानी गर्न तत्पर हुने वातावरणले गर्दा वर्तमान समयमा आईपुग्दा यस अध्ययन क्षेत्रका मगर समुदायको विद्यार्थीहरुको पनि विद्यालयीय शिक्षाको सहभागिता तर्फ सकरात्मक प्रभाव पर्दै गएको देखिन्छ । यद्यपि माध्यमिक तह तर्फ जाने क्रममा भने उमेर बृद्धिसँगै केहि संख्यामा विद्यार्थीहरुले अध्ययन पुरा नगर्दै विद्यालय छाडेको अवस्था पनि देखियो ।

---

[१२] महेश राना मगरसँग २०६९ असोज २६ मा गरिएको कुराकानीमा आधारित ।

## अध्याय पाँच

## उच्चशिक्षामा सहभागिता

यस शीर्षक खण्डलाई दुई उपशीर्षक खण्डमा विभाजन गरि अध्ययन गरिएको छ । पहिलो खण्ड अर्न्तगत उच्चशिक्षामा आउन योग्य अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको विद्यार्थी विवरण, उच्चशिक्षा अध्ययन गरिरहेका मगर विद्यार्थीहरुको उच्चशिक्षा प्रतिको धारणा प्रस्तुत गरीएको छ । त्यसैगरि दोस्रो उपशीर्षक खण्डमा उच्चशिक्षामा सहभागिता जनाउन योग्य विद्यार्थीहरुको संख्या बृद्धि हुँदै जाँदा पनि सोमा सहभागिता जनाउन कुन कुन पक्षले छेकथुन गरिरहेको हो त । आदि सवालहरुलाई स्थलगत अध्ययन भ्रमणका शिलशिलामा विभिन्न व्यक्तिहरुसँग गरिएको कुराकानीका आधारमा समस्या कहाँ, के रहेछ भनी खोज गर्ने प्रयत्न गरिएको छ ।

सन् २००४ को नेपाल मानव विकास प्रतिवेदन अनुसार एस.एल.सी. वा सोसरह उत्तीर्ण मगर समुदायको विद्यार्थी संख्या ४२,६८३ (४.५८%) जना, आइ.ए. वा सोसरह उत्तीर्ण संख्या १६,४१५ (३.०८%) जना र बि.ए. वा सोभन्दा माथि उत्तीर्ण संख्या ७,६२४ (२.१४%) जना रहेको तथ्याङ्क छ (युएनडीपी सन् २००४) । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायबाट २०६८ सम्ममा १०८ जनाले एस.एल.सीसम्मको अध्ययन पुरा गरेका छन् । यसैगरि २८ जनाले प्रमाणपत्र तह र ३ जनाले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । यस विवरणलाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ : एस.एल.सी. वा सो भन्दा माथि उत्तीर्ण अध्ययन क्षेत्रका मगर समुदायको विद्यार्थी विवरण**

| उत्तीर्ण तह | जम्मा विद्यार्थी | प्रतिशत(अ.क्षे.को सा.यो.जनसंख्याबाट) | प्रतिशत (एसएलसी उत्तीर्ण मध्यबाट) |
|---|---|---|---|
| एसएलसी वा सो सरह | १०८ | १३.६३% | ................ |
| प्रविणता प्रमाणपत्र तह वा सो सरह | २८ | ३.५३% | २५.९२% |
| स्नातक तह वा सो सरह | ३ | ०.३७% | २.७७% |
| स्नातकोत्तर तह वा सो सरह | ............ | .................. | ................ |

स्रोत: स्थलगत सर्वेक्षण–२०६९

तालिका नं. ४ लाई विश्लेषण गर्दा एस.एल.सी.वा सो सरह उत्तीर्ण प्रतिशत १३.६३ देख्न सकिन्छ । यो प्रतिशत केन्द्रीय तथ्याङ्क विभागले २०६९ सालमा प्रकाशित गरिएको नेपालको सो सरहको उत्तीर्ण प्रतिशत भन्दा राम्रो देखिन्छ । त्यसै गरि प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण प्रतिशत ३.५३ मा झरेको देखिन्छ । यो प्रतिशत भने केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरिएको सो सरहको उत्तीर्ण प्रतिशत भन्दा तल झरेको देखियो । त्यस्तै स्नातक तह वा सो सरह उत्तीर्ण प्रतिशतमा झनै व्यापक गिरावट आएको देखियो । यस तथ्याङ्कबाट यो समुदायमा उच्चशिक्षामा आउने क्रममा व्यापक गिरावट आएको पाइयो अर्थात जति जति शैक्षिक तह माथि हुदै जान्छ उति उति यस अध्ययन क्षेत्रका मगर समुदायका विद्यार्थीहरु सोमा सहभागिता कम जनाइरहेको छ । यस तथ्यलाई तुलनात्मक रुपमा तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : एस.एल.सी. वा सो भन्दा माथि उत्तीर्ण अध्ययन क्षेत्रका मगर समुदायको विद्यार्थीको तुलनात्मक विवरण ।**

| उत्तीर्ण तह | नेपालको (प्रतिशत) | धनकुटा जिल्लाको ( प्रतिशत) | अध्ययन क्षेत्रका साक्षर योग्य मगर समुदायबाट (प्रतिशत) |
|---|---|---|---|
| एसएलसी वा सो सरह | १०.१६% | १०.९५% | १३.६३% |
| प्रमाणपत्र तह वा सो सरह | ७.४३% | ४.१९% | ३.५३% |
| स्नातक वा सो सरह | २.२८% | १.४५% | ०.३७% |
| स्नातकोत्तर वा सो सरह | ०.९८% | ०.४८% | ............ |

स्रोतः स्थलगत सर्वेक्षण–२०६९, सि.वि.एस. सन् २०११ ।

माथि प्रस्तुत गरिएको तालिकाहरुको तथ्याङ्कका आधारमा यो समुदायमा विद्यालयीय शिक्षाको सहभागिता अर्थात एस.एल.सी.सम्मको विद्यार्थी सहभागिता औसतमा राम्रो देखिन्छ । यो तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागले २०६९ मा प्रकाशित गरिएको सो सरह उत्तीर्ण प्रतिशत भन्दा ३ प्रतिशतले बदी देखिन्छ । यसरी नेपालको सो सरह उत्तीर्ण प्रतिशत भन्दा राम्रो तथ्याङ्क आउनुमा समुदायका अभिभावकहरु कम्तीमा आफ्ना छोराछोरीलाई एस.एल.सी.सम्मको अध्ययन गराउनु पर्छ भन्ने कुरामा सचेत छन् र विद्यार्थी स्वयम पनि कम्तीमा एस.एल.सी. सम्म पढ्ने चाहना अनी त्यस्तै माध्यमिक तहसम्मको अध्ययनको लागि विद्यालय समुदायमै उपलब्ध हुनु अर्को पक्ष हो । तर एस.एल.सी. सम्मको विद्यार्थी सहभागिता सन्तोषजनक रहेता पनि उच्चशिक्षामा आउने क्रममा भने व्यापक ठूलो खाडल रहेको यो तथ्याङ्कले स्पष्ट पारेको छ ।

माथिको तालिका नं. ५ मा उच्चशिक्षामा सहभागिता हुने क्रममा राष्ट्रिय प्रतिशत भन्दा धनकुटा जिल्लाको प्रतिशत कम देखिएको छ । त्यस्तै अध्ययन क्षेत्रको एउटा जनजाति समुदायमा पुग्दा त्यो प्रतिशत झनै खस्केको देखिन्छ । यसरी एउटा जनजाति समुदाय उच्चशिक्षामा अध्ययन गर्न योग्य विद्यार्थीहरु हुँदाहुँदै त्यसमा सहभागिता जनाउन केले बाधा पुऱ्याएको छ । उच्चशिक्षामा उनीहरुको पहुँच किन कम छ भन्ने सवाल अर्को खण्डमा गरिएको छ ।

यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने नेपाल जस्तो जातीय विविधता रहेको मुलुकमा धेरै जनजाति समुदायहरु अझै उच्चशिक्षाको पहुँचमा पुग्न सकिरहेको छैन । यस्तो अवस्थामा समानता नआएसम्म राष्ट्रले लिएको कुनै पनि लक्ष्य सफल हुने कुरामा विश्वस्त हुन सकिंदैन ।

स्थलगत अध्ययनका क्रममा प्रविणता प्रमाणपत्र तह अर्थात प्लस टु तह उत्तीर्ण गरेकाहरु मध्ये पनि छ जनाले अध्ययन छोडिसकेको अर्थात २२ जनाले मात्र स्नातक तह वा सो भन्दा माथि अध्ययन गर्दै गरेको पाइयो । त्यस्तै स्नातक तह उत्तीर्ण गरेकाहरु भने तीनै जना स्नातकोत्तर तहमा अध्ययन गर्दै गरेको पाइयो । स्नातकोत्तर तह उत्तीर्ण गरेको संख्या भने यो अध्ययन सम्पन्न भएको समयसम्ममा यो मगर समुदायको एक जना पनि नरहेको स्थलगत भ्रमणका समयमा तथ्य पत्ता लाग्यो ।

त्यस्तै केही उच्चशिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुसँग गरिएको छलफल तथा कुराकानीमा आफू यहाँसम्म पढि रहनुमा अर्थात् तपाई किन पढ्नु भएको भन्ने प्रश्न गर्दा- पढाइको महत्व बुझेर, भविश्यमा पढेर केही राम्रो गर्न सकिन्छ कि भनेर, पढाइले मानवलाई आत्मनिर्भर बनाउने भएकोले, शिक्षित भएर जनचेतना फैलाउन, त्यस्तै जीवनमा आउने हरेक अवसरबाट बन्चित हुन नपरोस भनेर, आफू र आफ्नो ठाउँको विकास गर्नको लागि, भोलिको जीवन सहज र सरल तरिकाले जिउँन सकिन्छ कि भनेर पढेको हो भन्ने अभिव्यक्ति दिए । त्यसैगरी अध्ययनपछिको योजनाका बारेमा प्रश्न गर्दा ४ जना उत्तरदाताले रोजगार गर्ने योजना भएको बताए भने दुई जनाले समाजसेवा गर्ने तर्क गरे । त्यस्तै एक जना होटल म्यानेजमेन्ट अध्ययन गर्दै गरेका विद्यार्थीको भने आफ्नै व्यवसाय गर्ने योजना रहेको वताए । पश्चिम नेपालको पाहाडी समुदायमा गरिएको एक अध्ययनले पनि स्कूले विद्यार्थीहरुको यस्तै धारणा भएको देखाइएको छ (स्किनर र हल्याण्ड सन् २००९) । यसै सन्दर्भमा मानविकी संकाय स्नातक तह तेस्रो वर्षमा महेन्द्र बहुमूखि क्याम्पस धरानमा अध्ययनरत एक विद्यार्थीको भनाईमा “अध्ययनका साथै एउटा स्थानीय गैह्रसरकारी संस्थामा काम पनि गर्छु । काम गर्ने शिलशिलामा कुनै पनि विषयको छलफलमा आफ्नो कुरा कति प्रभावकारी हुने भन्ने कुरा आफ्नो शैक्षिक योग्यताले पनि निर्धारण गर्ने रहेछ भन्ने थाहा

पाएर पढाइलाई निरन्तरता दिएको" बताउँछन ।[१३] त्यसैगरी अर्का व्यवस्थापन संकाय अर्न्तगत प्रथम वर्षमा शारदा बालिका नमूना कलेज धरानमा पढ्दै गरेका छात्रा को भनाइमा "नपढ्दा सानोसानो काममा पनि अरुको साहारा लिनु पर्छ । त्यसैले स्वतन्त्ररुपमा आफ्नो जीवन संचालन गर्न पढेको हो" भनी बताउछन् ।[१४]

केही अध्ययनहरुले लैङ्गिक विभेदका कारण छोरीको पढाइमा लगानी नगर्ने परिपाटीले छात्राहरुको शैक्षिक सहभागितामा कम भएको देखाएका छन् । तर, यस अध्ययन क्षेत्रमा भने खासै यस्तो अवस्था देखिएन । अध्ययन भ्रमणकै क्रममा अभिभावक तथा विद्यार्थीहरुसँगको कुराकानीमा शिक्षा दिने-लिने सवालमा यस समुदायमा लैङ्गिक विभेद छैन भन्ने सुनियो । आफू महिला भएकै कारण शिक्षा लिनबाट अप्ठेरो परेको भन्ने कुनै उत्तरदाताको मुखबाट सुन्नु परेन । बरु छोरा भन्दा छोरी मेहनत गरेर पढ्छन् भन्ने सुनियो । यी तर्क तथा विचारलाई पुष्टी गर्न यो तलको तालिकाले विश्वसनीयता थप्ने कार्य गरेको छ ।

**तालिका नं. ६ : एस.एल.सी. वा सो भन्दा माथि उत्तीर्ण अध्ययन क्षेत्रको विद्यार्थीहरुको लिङ्गगत विवरण ।**

| उत्तीर्ण तह | जम्मा विद्यार्थी | छात्र | छात्रा |
|---|---|---|---|
| एसएलसी वा सो सरह | १०८ | ६३ | ४५ (४१.६६%) |
| प्रविणता प्रमाणपत्र तह वा सो सरह | २८ | १४ | १४ (५०.००%) |
| स्नातक तह वा सो सरह | ३ | १ | २ (६६.६६%) |

स्रोतः स्थलगत सर्वेक्षण–२०६९

माथिको तालिका नं. ६ लाई विश्लेषण गर्दा र उत्तरदाताको तर्कका आधारमा यो समुदायमा छोरीको शिक्षामा लगानी गर्ने सम्बन्धमा विभेद भएको पाइएन । छोराछोरीलाई समान रुपमा उनीहरुको पढ्ने इच्छा, चाहना छ भने पढाउने वातावरण रहेको अध्ययन भ्रमणका क्रममा भेटियो । यसै सन्दर्भमा शारदा बालिका नमूना कलेज धरानमा व्यवस्थापन संकाय अन्तर्गत स्नातक तेस्रो वर्षमा अध्ययनरत छात्राको भनाईमा पनि "घरबाट कहिल्यै शिक्षामा लगानी गर्ने सवालमा विभेद भएको आजसम्म थाहा छैन"[१५] भन्ने थियो । त्यस्तै अर्का स्नातकोत्तर दोस्रो वर्ष शिक्षाशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा अध्ययनरत महिला विद्यार्थीको भनाई पनि यस्तो छ–"हाम्रो घरमा छोरा भन्दा छोरीको संख्या बढी छ, हामी पढ्नमा सानै देखि मेहनत गर्थ्यौं, बुबा विद्यालय व्यवस्थापन समितिमा लामो समयदेखि कार्यरत हुनुहुन्छ, पढ्नमा हामीलाई कहिल्यै खर्चको अभाव देखाएर

[१३] हरी आले मगरसँग २०६९ कार्तिक १९ मा गरिएको कुराकानीमा आधारित ।

[१४] तुलसा राना मगरसँग २०६९ कार्तिक १६ मा गरिएको कुराकानीमा आधारित ।

[१५] योत्सना थापा मगरसँग २०६९ कार्तिक २६ मा गरिएको कुराकानीमा आधारित ।

हतोत्साहित गर्नु भएन, बरु सधैं प्रोत्साहन गरीरहनु हुन्थ्यो"[१६] भन्ने प्रत्यक्ष कुराकानीका क्रममा बताए । स्थलगत भ्रमणकै शिलशिलामा उच्चशिक्षा अध्ययन गरिरहेका जम्मा सात जना छात्राहरुसँगको अन्तर्वार्ताको क्रममा यहाँसम्म ल्याई पुऱ्याउन परिवारको भूमिका कस्तो थियो भन्ने प्रश्न गर्दा सबै उत्तरदाताले परिवारको सहयोग बिना यहाँसम्मको अध्ययन गर्न असमर्थ हुने तर्क गरे ।

तालिका नं. ६ को तथ्याङ्कलाई हेर्ने हो भने पनि एस.एल.सी. वा सो सरह उत्तीर्ण संख्यामा केहि छात्रको तुलनामा छात्राको संख्या कम देखिएता पनि प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण छात्राको संख्यामा बृद्धि भई समान ५० प्रतिशत पुगेको तथ्य छ । त्यसै गरी स्नातक तह उत्तीर्ण तथा स्नातकोत्तर तह अध्ययन गर्दै गर्ने जम्मा विद्यार्थी संख्यामा ६६.६६ प्रतिशत छात्राको संख्या रहेको छ । यी माथिका भनाई तथा तथ्याङ्कबाट यो समुदायमा लैङ्गिक दृष्टिकोणले शिक्षाको लगानी गर्ने कार्यमा विभेद नभएको स्पष्ट हुन्छ ।

## ५.१ उच्चशिक्षामा सहभागिता कम हुनुका कारणहरु

विद्यालय तहको शिक्षा पुरा गरे पश्चात उच्चशिक्षाको सहभागितालाई हेर्ने हो भने प्रायः सबै विकसित मुलुक लगायत हाम्रो जस्तो विकासोन्मुख मुलुकहरुको पनि विद्यार्थी सहभागिता घट्दो नै हुन्छ । यो एउटा विश्वब्यापी प्रवृति पनि हो । अतः यसलाई एउटा प्राकृतिक प्रक्रिया नै हो भन्न सकिन्छ । देशको राष्ट्रिय तथ्याङ्कलाई हेर्ने हो भने पनि एस.एल.सी. वा सो सरह उत्तीर्ण प्रतिशत १०.१६ रहेकोमा स्नातक वा सो सरह उत्तीर्ण दरमा पुग्दा २.२८ प्रतिशतमा झरेको देखिन्छ । यो तथ्याङ्कलाई एउटा प्राकृतिक प्रक्रिया नै हो भनेर मान्न सकिएता पनि यस अध्ययन क्षेत्रको भने मात्र यो प्राकृतिक प्रक्रिया हो भनेर मान्न सकिने अवस्था देखिदैन् । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको एस.एल.सी.वा सो सरह उत्तीर्ण १३.६३ प्रतिशत अर्थात राष्ट्रिय दर भन्दा ३ प्रतिशतले राम्रो रहेको तथ्याङ्क छ भने स्नातक तह उत्तीर्ण दरमा भने ब्यापक गिरावट आई मात्र ०.३७ प्रतिशत रहेको छ । यसर्थ ग्रामीण इलाकाहरुमा बसोवास गर्ने आदिवासी जनजातिहरुको उच्चशिक्षासम्मको पहुँच पुग्न नसक्नुमा भिन्न भिन्न धेरै कारणहरु छन् । जसले गर्दा ती समुदायहरुका विद्यार्थीहरु सोमा सहभागिता जनाउन योग्य हुँदाहुँदै पनि आउन सकिरहेको छैन् ।

### ५.१.१ शैक्षिक संस्थाको अभाब र कमजोर आर्थिक अवस्था

यहाँ बसोबास गर्ने समुदाय अधिक संख्यामा नेपालमा लाहुरे संस्कृति भएको जनजाति भनेर चिनिने मगर समुदायको बसोबास रहेतापनि ऐतिहासिक कालबाट नै

---

[१६] कल्पना मगरसँग २०७० असोज २८ मा गरिएको कुराकानीमा आधारित ।

त्यसतर्फ पनि न्यून संख्यामा मात्र सहभागिता रहेको अवस्था देखिन्छ । यो समुदायको कुनै त्यस्तो राजनैतिक व्यक्तिहरुसँग पनि खासै सम्बन्ध नरहेको कारण उनीहरु आफैमा सीमित भएर बसेको अवस्था देखिन्छ । यस्तो अवस्थाले गर्दा शिक्षा क्षेत्रको विकासमा पनि सुस्त गतिले मात्र अगाडि बढेको अनुमान लगाउन सकिन्छ ।

यो समुदायमा प्राथमिक तहसम्मको विद्यालय स्थापना २०१९ मा नै भएतापनि माध्यमिक तहतर्फको पठनपाठनको लागि लामो समय कुर्नु परेको देखिन्छ । कछुवाको चालमा विस्तारै पाइला चाल्दै २०५३/५४ बाट मात्र माध्यमिक तहसम्मको अध्ययन अध्यापन गर्न पाएको देखिन्छ (ग्रा.ज.उ.मा.वि. २०६९) । यो समुदायको विद्यार्थी तथा व्यक्तिहरुले उच्चशिक्षाको लागि आधार अर्थात् पृष्ठभूमि बनाउन नसक्नु पनि उच्चशिक्षामा विद्यार्थी सहभागिता कम गर्ने एउटा मुख्य कारण हो । कुनैपनि काम सफलतापूर्वक सम्पन्न गर्न व्यक्ति तथा समुदायलाई लामो अभ्यास र पृष्ठभूमिको जरुरत पर्दछ । यस समुदायमा उच्चशिक्षाको सहभागिता तर्फ पर्याप्त पृष्ठभूमि अझै राम्रो तयार भई सकेको देखिदैन । अध्ययनको क्रममा केही उत्तरदाताहरुले आफू भन्दा अगाडिका अग्रजहरु उच्चशिक्षासम्मको अध्ययन गर्ने कोही थिएन, हामीलाई पढ्ने लाइन थाहा नै थिएन भन्ने अभिव्यक्ति दिएका थिए । माध्यमिक तहसम्मको विद्यालय नहुँदा करिव १०-१२ वर्ष अगाडिसम्म यस समुदायका युवाहरुलाई उक्त स्थानसम्म पुग्न अप्ठेरो परेको देखिन्छ ।

सो समय भन्दा अगाडि माध्यमिक तह सम्मको अध्ययन गर्न-गराउन चाहने विद्यार्थी-अभिभावकले छिमेकी गा.वि.स.मा रहेको भानु माध्यमिक विद्यालय (हाल उच्च मा.वि.) डाँडा बजार या त सुनसरी जिल्लाको धरान बजारमा गएर अध्ययन गर्न-गराउन पर्ने बाध्यता थियो । यो दुवै ठाउँमा पुग्नको लागि पैदल यात्रा गर्दा ३/४ घण्टाको यात्रा गर्नु पर्ने बाध्यता थियो । एस.एल.सी.सम्मको शिक्षा व्यक्तिको आधारभूत शिक्षा हो भन्ने कुरा अभिभावकमा चेतना भएता पनि केहि समय अगाडिसम्म यस अध्ययन क्षेत्रमा माध्यमिक तहसम्मको अध्ययनको लागि समुदायमा विद्यालय नहुँदा २०५४ साल भन्दा अगाडि यो मगर समुदायको जम्मा ३ जना विद्यार्थीले मात्र एस.एल.सी. उत्तीर्ण गरेको अध्ययनका क्रममा भेटियो ।

वि.स. २०६७ को गाउँ पार्श्वचित्रलाई आधार मान्ने हो भने यस अध्ययन क्षेत्रमा बसोबास गर्ने समुदायको साक्षरता प्रतिशत सन्तोषजनक नै देखिन्छ । यसै पार्श्वचित्रमा उल्लेख भए अनुसार यो साक्षरता प्रतिशत राम्रो हुनुमा यहाँ विभिन्न समयमा संचालन भएको साक्षरता कार्यक्रमहरुले र उपलब्ध शिक्षालयहरुबाट साक्षरसम्म हुने अध्ययन पुरा गरेकोले भन्ने छ । अर्थात २०१०/११ साल तिरै यस गा.वि.स.मा विद्यालय स्थापना हुनु भनेको त्यो समयमानै त्यहाँ शैक्षिक सुविधा थियो । त्यस कारणले पनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको साक्षरताको अवस्था राम्रो भएको हो भन्न सकिन्छ ।

अध्ययन कै क्रममा पनि विद्यार्थी भाइ-बहिनीहरुसँग तपाईको बुवाआमा कति पढेको भन्ने प्रश्न गर्दा धेरै संख्यामा ४, ५ कक्षा पढेको, साक्षरसम्म भएको उत्तर दिएका थिए । प्राथमिक तहको विद्यालय सुविधाको इतिहास निकै लामो रहेता पनि माध्यमिक तह तर्फको अध्ययनको इतिहास समुदायमा केही छोटो समय भएको पृष्ठभूमिले गर्दा पनि अन्य थप परिस्थितिहरुको जन्म गराइरहेको छ ।

शिक्षामा सहभागिताको लागि शैक्षिक संस्थाहरुको उपलब्धता पनि एउटा महत्वपूर्ण पक्ष रहेछ । माथि उल्लेख गरिएको अर्को खण्डमा विद्यालय शिक्षामा विद्यार्थी सहभागिता बृद्धि हुनुमा समुदाय नजिकै शिक्षालयको उपलब्धताले गर्दा पनि हो भन्ने पहिचान भयो । यसर्थ यस अध्ययन क्षेत्र आसपासमा कुनै क्याम्पस तहको शिक्षालयहरु छैन । घरबाटै धाएर उच्चशिक्षा लिन सक्ने अवस्था छैन । यस अध्ययन क्षेत्रबाट सबैभन्दा नजिकको क्याम्पस करिब २० कि.मि. दुरिमा रहेको महेन्द्र बहुमुखी क्याम्पस धरान मात्र एउटा सर्वसाधरण विद्यार्थीको पहुँचमा भएको सरकारी क्याम्पस हो । यातायातको सुविधा भएतापनि दैनिक त्यति टाढा यात्रा गरेर अध्ययन गर्न सक्ने अवस्था हुदैन । यसको लागि डेरा गरेर नै बस्नु पर्ने बाध्यता छ ।

त्यस्तै अर्को नजिक र पायक पर्ने क्याम्पस भनेको धनकुटा जिल्ला सदरमुकाममा रहेको धनकुटा बहुमुखी क्याम्पस हो । यस अध्ययन क्षेत्रका विद्यार्थीका लागि यो क्याम्पसमा पुग्न करिब ४० कि.मी.को यात्रा गर्नु पर्ने हुन्छ । यस क्षेत्रका विद्यार्थीहरुले उच्चशिक्षा आर्जन गर्नको लागि बाहिर डेरा गरी बस्नु पर्ने बाध्यता छ । यसरी डेरागरी बस्ने क्रममा विद्यार्थीहरुले विभिन्न समस्याहरु जस्तो– सामाजिक, आर्थिक, मानसिक रुपमा तनाव तथा समस्यासँग जुध्नु पर्ने हुन्छ । यस क्रममा सबै भन्दा ठूलो बाधक तत्व वा पक्ष भनेको अभिभावकको सामान्य आर्थिक अवस्था हो । यो आर्थिक अवस्थाले पनि ग्रामीण समुदायका धेरै विद्यार्थीहरुको उच्चशिक्षाको गोरेटोमा पर्खाल बनेर अगाडि आएको छ । नेपालका धेरै ग्रामीण बस्तीहरुमा बसोबास गर्ने समुदायको आर्थिक अवस्था सामान्य, गुजरा मुखी, अर्थतन्त्र परम्परागत कृषिमा आधारित हुन्छ । उनीहरुको सामान्य आर्थिक अवस्थाका कारण आफ्ना छोराछोरी घर भन्दा टाढा डेरामा राखेर क्याम्पस पढाउन समस्या पर्ने गरेको देखिन्छ ।

यसै सन्दर्भमा २०५२/०५३ सालमा प्रथम श्रेणीमा एस.एल.सी.उत्तीर्ण गरि क्याम्पस पढ्दा पढ्दै अध्ययन छाडि बैदेशिक रोजगारीको शिलशिलामा लामो समय साउदी अरेबिया काम गरेर घर बिदामा आएका बेला गरिएको कुराकानीमा एक उत्तरदाताको भनाई यस्तो थियो-"मेरो पढाई नराम्रो भएर, पढन मन नभएर होइन, एउटै घरको हामी तीन जना छोराछोरीले एकै पटक एस.एल.सी.उत्तीर्ण गरेका हौं, क्याम्पस पढ्नलाई बाहिर डेरागरी बस्नु पर्ने बाध्यता थियो । त्यसको लागि त पैसा चाहियो । घरको आर्थिक अवस्थाले धान्न

नसके पछि हामी तीनै जनाले कलेज तहको अध्ययन पुरा गर्न नपाई बाध्य भएर छाडेका हौं"[१७] भन्ने तर्क थियो । यस भनाईबाट उच्चशिक्षामा आउन योग्य यस्तै धेरै विद्यार्थीहरुलाई आफ्नो परिवारको कमजोर आर्थिक अवस्थाले र परिवार संख्या ठूलो हुनुले पनि अवरोध गर्ने गरेको प्रष्ट हुन्छ ।

त्यस्तै स्थलगत भ्रमण कै क्रममा अर्का एक उत्तरदातासँगको कुराकानीमा–"मैले २०५६ सालमा दोस्रो श्रेणीमा एस.एल.सी.उत्तीर्ण गरेको थिएँ । यो गाउँ (थुम्की)मा एस.एल.सी.उत्तीर्ण गर्ने पहिलो व्यक्ति म नै रहेछु । त्यस पछि कलेज पढ्ने ठूलो सपना बुनेर महेन्द्र बहुमुखी क्याम्पस धरानमा व्यवस्थापन संकायमा भर्ना पनि भएँ तर बाध्यता क्याम्पस टाढा, यातायातको सुविधा भए पनि दैनिक धाएर अध्ययन गर्न सम्भव नहुने, डेरागरी बस्ने आधार घरको आर्थिक अवस्थाले दिएन, त्यस पछि मैले पढ्नै छाडें"[१८] भन्ने तर्क थियो । यो भनाईबाट के स्पष्ट हुन्छ भने आफ्नै समुदाय आसपासमा उच्चशिक्षाको सुविधा सहितको शिक्षालयहरु उपलब्ध भएको खण्डमा सामान्य आर्थिक अवस्था भएका परिवारको विद्यार्थीहरुले पनि उच्चशिक्षामा सहभागिता जनाउन सक्ने थियो ।

स्थलगत अध्ययन कै क्रममा प्लस टु तह तथा कलेज पढ्दा पढ्दै अध्ययन छाडि कोही बैदेशिक रोजगारीको शिलशिलामा विदेश गई फर्केका, कोही घर व्यवहार गरी बसेका जम्मा ११ जनासँगको प्रत्यक्ष कुराकानीको क्रममा ५ जनाले घरको कमजोर आर्थिक अवस्थालाई दोष दिए भने २ जनाले विवाह वन्धनमा बाधिए पछि घर व्यवहारमा तालमेल मिलाउन नसक्दा अध्ययन छाडेको बताए । त्यस्तै दुई जनाले आफूसँग पैसा नभएर होइन कि घरबाट पैसा बढी दिएर पढाई बिगारेको हौं भन्ने कुरा गरे । यसै गरि दुई जना उत्तरदाताले पढेर पनि देशमा रोजगार पाउने होइन, त्यसैले पढ्न मनै नलागेर छाडेको बताए । यी केही युवाहरुको प्रतिनिधि उत्तरले अहिलेको समसामयिक देशको बेरोजगार समस्यालाई प्रतिनिधित्व गरेको देखिन्छ । जसले गर्दा युवा पिढिमा उच्चशिक्षासम्मको अध्ययन गर्ने इच्छाशक्तिमा नकरात्मक प्रभाव परेको देखिन्छ । यहाँ अध्ययन छाड्नुमा एउटै कारण मात्र नभएर फरक फरक कारण र परिस्थितिले गर्दा अध्ययनलाई बीचैमा छाडेको देखियो ।

त्यस्तै एक शिक्षक–अभिभावक संघका सदस्य तथा अभिभावकको विचारमा पनि नजिक क्याम्पस नहुनु र बाहिर डेरागरी बस्नलाई घरपरिवारबाट आर्थिक सहयोग जुटाउन नसक्नु नै हो भन्ने विचार छ ।

---

[१७] नगेन्द्र थापा मगरसँग २०६९ कार्तिक २७ मा गरिएको कुराकानीमा आधारित ।

[१८] धनबहादुर मगरसँग २०६९ कार्तिक २४ मा गरिएको कुराकानीमा आधारित ।

माथि गरिएको छलफल तथा उत्तरदाताहरुको भनाईहरुलाई विश्लेषण गर्दा उच्चशिक्षाको सहभागितामा असर गर्ने एउटा दरिलो पक्ष शिक्षालयको अभाव, समुदायको शैक्षिक पृष्ठभूमि पर्याप्त नहुनु र परिवारको कमजोर आर्थिक अवस्था त्यस्तै अर्को अध्ययन प्रतिको विद्यार्थीको आन्तरिक इच्छाशक्ति कम हुनु मुख्य हो ।

### ५.१.२ वैदेशिक रोजगार तर्फको आकर्षण

शैक्षिक सहभागितामा नकरात्मक असर पार्ने अर्को पक्ष भनेको युवा पिढिको विदेश तर्फको आकर्षण पनि एउटा हो । यस अध्ययन क्षेत्रमा पनि ठूलो संख्यामा युवा पिढि वैदेशिक रोजगारीको शिलशिलामा विदेशिएका देखिन्छन् । स्थलगत भ्रमणका बेलामा आफ्नो जीवनकाल भरीमा एक पटक पनि विदेश नगएको घरधुरी जम्मा २३ घर मात्र रहेको तथ्याङ्क संकलन भयो । अर्थात कम्तिमा एक घरधुरीको एक जना वैदेशिक रोजगारीमा गएको घर संख्या १४१ (८६%) रहेको पाइयो । यस अर्थमा यो अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको जनसंख्याको ठूलो हिस्सा वैदेशिक रोजगारीको नाउँमा विदेशिएका छन् । उक्त संख्याको ठूलो हिस्सा उच्चशिक्षामा आउन योग्य उमेर समूहका पर्ने सम्भावना बढी छ । स्थलगत अध्ययन कै क्रममा एस.एल.सी.उत्तीर्ण मध्ये २४ प्रतिशत युवा वैदेशिक रोजगारीको शिलशिलामा खाडी मुलुक लगायत मलेसिया र पछिल्लो चरणमा दक्षिण कोरिया पुगेका छन् । (यो संख्यामा १.८५% अर्थात २ जना महिला कामदार बाहेक सबै पुरुषको संख्या हो ।)

नेपालको सन्दर्भमा समग्र मगर समुदायलाई हेर्दा लाहुरे संस्कृतिले ठूलो प्रभाव पारेको देखिन्छ तर यस अध्ययन क्षेत्रका मगर युवाहरुमा भने खासै प्रभाव पारेको देखिएन । केही संख्यामा भर्ती तर्फ आकर्षित युवाहरु पनि खासै सफल भएको अवस्था देखिएन । जम्मा १.८५ प्रतिशत उच्चशिक्षामा आउन योग्य युवा मात्र भर्ती लागेको स्थलगत अध्ययनका क्रममा पाइयो । यो तथ्याङ्कलाई तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : प्रकृतिका आधारमा अध्ययन छाड्नेको विवरण**

| अध्ययन छाड्नुको प्रकृति | संख्या | प्रतिशत |
|---|---|---|
| अध्ययन छाडि वैदेशिक रोजगारीमा गएको संख्या | २६ | २४.०७% |
| विवाह पश्चात अध्ययन छाड्नेको संख्या | १८ | १६.६६% |
| भर्ती गएको संख्या | २ | १.८५% |
| अन्य रोजगार गर्ने संख्या | ३ | २.७७% |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

उक्त तालिका नं. ७ को तथ्याङ्कलाई अध्ययन छाड्ने प्रकृतिका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी संख्या २६ जना वैदेशिक रोजगारीमा गएको कारण अध्ययन छाडेको देखियो । त्यस्तै अर्को ठूलो संख्या विवाह बन्धनमा बाधिएपछि अध्ययन छाड्ने प्रवृतिले गर्दा उच्चशिक्षामा आउन योग्य १८ जना युवायुवतीले अध्ययन छाडेको पाइयो । त्यस्तै भर्ती जाने र अन्य अस्थायी रोजगार गरि अध्ययन छाड्नेको संख्या क्रमशः २ र ३ जना छन् । यहाँ सबैभन्दा बढी संख्यामा वैदेशिक रोजगारीमा जाने कारणले अध्ययन छाडेको पाइयो ।

करिब २४-२५ प्रतिशत उच्चशिक्षामा आउन योग्य यस अध्ययन क्षेत्रका युवाहरु वैदेशिक रोजगारीको नाउँमा विदेशिएको तथ्याङ्क छ । यतिका संख्यामा युवाहरु बाध्यात्मक परिस्थितिले नै विदेशिएका हुन त भन्ने जिज्ञासालाई घर बिदामा आएका जम्मा आठ जनासँगको व्यक्तिगत अन्तर्वार्ताका क्रममा तीन जनाले मात्र घरको आर्थिक अवस्था कमजोर भएकोले विदेशिएको तर्क गरे भने बाँकी पाँच जनाले छरछिमेक र साथीभाईको देखासिकीमा र उच्चशिक्षालाई भन्दा पैसालाई प्राथमिकता दिने समाज लगायत अन्य कारणले विदेशिएको बताए । स्थलगत अध्ययनका क्रममा करिब तीन वर्षको इराक बसाई पछि हालै मात्र घर फर्किएका एक युवाको भनाई यस्तो थियो-"एस.एल.सी.उत्तीर्ण गरे पश्चात महेन्द्र बहुमुखी क्याम्पस धरानमा पढ्दै थिएँ । त्यही समयमा आमा पक्षघात भई बिरामी पर्नु भयो । आमाको उपचार प्रयासमा हाम्रो परिवारलाई ठूलो आर्थिक समस्या परि सकेको थियो । लामो समयको उपचार प्रयास पछि पनि राम्रो नभई अन्तत आमा बित्नु भयो । पढाई तर्फ ध्यान दिनै सकिएन । त्यस पछि नेपालमा कुनै रोजगारको अवसर नदेखे पछि विदेशिएको हो ।"[१९] यो भनाईबाट यस्तै धेरै युवाहरु बाध्यात्मक परिस्थितिमा परेर विदेशिनु परेकोले उच्चशिक्षामा आउन सकिरहेका छैन ।

त्यस्तै ग्रामीण जनता उच्चमाध्यमिक विद्यालयका सहायक प्रधानाध्यापकका अनुसार– "विद्यार्थीहरुको शिक्षामा भन्दा पनि कसरी आम्दानी गर्ने भन्ने तर्फ ध्यान तानिरहेको छ । केही वैदेशिक रोजगारमा जानेहरुको तडक भडक देखियो र त्यो तडक भडक गर्ने भनेको त आम्दानी भएकाहरुले हो । अनि त्यो तडक भडक गर्नको लागि यहाँ धेरै वर्ष पढेर, नेपालमै नोकरी खाएर, पैसा संकलन गरेर, त्यो चाहना त पुरा गर्न नसकिने भयो । त्यस कारण यहाँ चाडै पैसा कमाउने धुनमा पढाई छाडेर विद्यार्थीहरु विदेशिएका छन्"[२०] भन्ने तर्क छ ।

यसै प्रसंगमा करिब दश वर्ष वैदेशिक रोजगारीको शिलशिलामा विदेश काम गरी फर्किएका एक युवा (हाल रमिते डाँडा वन उपभोक्त समितिका सचिव) आफू विदेश तिर

---

[१९] तुलबहादुर मगरसँग २०६९ कार्तिक २६ मा गरिएको कुराकानीमा आधारित ।

[२०] नरबहादुर चेम्जोङ्गसँग २०६९ असोज १८ मा गरिएको कुराकानीमा आधारित ।

आकर्षण हुनुमा –"विदेश गएर आएका साथीहरुको तडक भडक देख्दा, पैसा खर्च गरेको देख्दा र सँगै एस.एल.सी.पास गरि कलेज पढ्दै गरेका साथीहरु केलज छाड्दै भकाभक विदेश जान थाल्यो । यो देख्दा मलाई पनि भित्रैबाट पढ्नु पर्छ जस्तो लागेन । त्यस पछि म पनि अध्ययन छाडि उतै तिर लागें"[२१] भन्ने भनाई थियो । यी भनाईहरुमा यहाँ आफ्नो सुझबुझ बिनै अरुको देखासिकी, अरुले गरेको तडक भडकको पछाडि दौडिने प्रवृतिले गर्दा यस समुदायका युवाहरु विदेशिएको देखिन्छ । यस प्रकारको प्रवृतिले शैक्षिक सहभागितामा प्रत्यक्ष असर गर्ने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रमा बसेर अभिभावक तथा युवा विद्यार्थीहरुसँग यस बारेमा छलफल, कुराकानी गर्दा नेपालको वर्तमान बेरोजगारी समस्या, धेरै पढेर पनि रोजगार पाइन्छ भन्ने सुनिश्चितता नहुनु, त्यस्तै यो समुदायको मानिसले पढेर यहाँ कसैले आफ्नो जीवन सहज बनाएको देख्न पाएको छैन । बरु उनीहरुले पढ्दै नपढेकाहरु पनि विदेश गएर पैसा त कमाएर आएका छन्, त्यो उनीहरुले देखेका छन्–भन्ने भनाई यसै विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रहेको छ ।[२२] यहाँका युवाहरुमा धेरै पढ्ने, पढेर नेपालमै केहि गर्ने भन्दा पनि पैसामुखि भएर गएको देखिन्छ । नेपालको वर्तमान वेरोजगारी समस्याले गर्दा रोजगार पाउने राम्रो ठाउँ युवाहरु विदेश देखिरहेका छन् । धेरै संख्यामा युवाहरु साथीभाई, छरछिमेकको देखासिकीमा उतै तिर लाग्ने सोंच र प्रवृतिले गर्दा यहाँका धेरै युवाहरु उच्चशिक्षाको सहभागितामा आउन सकिरहेका छैन् ।

यसै प्रसंगमा फेरि उनै थुम्की बालविकास केन्द्रका अध्यक्ष–"धेरै पढ्नलाई धेरै नै खर्चको लगानी गर्नु पर्छ तर त्यो खर्च उठाउन पछि रोजगार नपाउने सम्भावना बढी रहेको हुँदा ठिक्क पढेर बरु सानोतिनो सिप सिकेर व्यवहार चलाउनु पर्छ भन्ने सोंच राख्ने तथा विदेश गएको देखिन्छ ।"[२३] यस भनाईबाट आर्थिक अभावको कारण मात्र नभइ अहिलेको नेपालको उच्चशिक्षा प्रति खासै महत्व नदिने युवाहरुको प्रवृति र चाडै पैसा कमाउने सोंचले यस समुदायका युवा पिढीलाई उच्चशिक्षाको गोरेटोसम्म डोऱ्याउन समस्या परेको देखिन्छ । यो भनाईमा सिपमुलक शिक्षा भईदिएको खण्डमा उच्चशिक्षाको सहभागिता बढ्ने तर्फ संकेत गरेको पाइन्छ । वर्तमान नेपालको शैक्षिक बेरोजगार समस्याले गर्दा हुनसक्छ एक युवा (२१) प्लस टु उत्तीर्ण पश्चात मोवाइल तथा कम्प्युटर मर्मतको तालिम लिइसकेको अव यस सम्बन्धी पसल संचालन गर्ने योजना सुनाउछन् ।[२४] सिपमुलक र व्यवहारिक, जीवन उपयोगि उच्चशिक्षा सर्वसाधरण सवैको पहुँचमा पुग्न सक्ने व्यवस्था

---

[२१] मदन थापा मगरसँग २०६९ कार्तिक २५ मा गरिएको कुराकानीमा आधारित ।

[२२] गुञ्जमान झाकोटे मगरसँग २०६९ कार्तिक २४ मा गरिएको कुराकानीमा आधारित ।

[२३] श्याम बहादुर मगरसँग २०६९ असोज १८ मा गरिएको कुराकानीमा आधारित ।

[२४] नविन राना मगरसँग २०६९ कार्तिक १८ मा गरिएको कुराकानीमा आधारित ।

सरकारबाट भएको खण्डमा अहिलेको शैक्षिक बेरोजगार समस्यामा सुधार हुने र युवा पिढिमा पनि उच्चशिक्षा तर्फको आकर्षण बढ्ने संभावना देखिन्छ । जसले गर्दा यो भारी संख्यामा विदेशिने युवा पिढिको संख्यामा कम हुने आशा गर्न सकिने ठाउँ देखिन्छ ।

अर्को पक्ष जनजाति समुदायमा भर्ती जाने परम्पराले पनि उच्चशिक्षामा असर गरेको देखिन्छ । स्नातक तह प्रथम वर्षमा अध्ययन गर्दा गर्दै भारतीय सेनामा भर्ती भएका युवकको अभिभावको भनाई यस्तो थियो–"नेपालमा जति पढे पनि रोजगार पाउनै गाऱ्हो छ, बरु भर्ती भयो भने त आफ्नो (उसको) भविश्य त बन्छ । त्यसैले उसलाई भर्ती जानलाई हामीले नै प्रोत्साहन गरेका हौं ।"[२५] यहाँ आर्थिक रुपमा सबल हुनु भनेको आफ्नो भविश्य बन्नु हो भन्ने बुझिन्छ । यसर्थ यस अध्ययन क्षेत्रका मगर समुदायमा शिक्षालाई भन्दा पैसालाई प्राथमिकता दिने प्रवृति हावी हुँदै गएको देखिन्छ । यस्तो खालको सोंचको विकास समाज तथा समुदायमा हुनुले युवा पिढीमा उच्चशिक्षा प्रतिको चासो बढ्न सकेको देखिदैन । यसै प्रसंगमा ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय नाम्जेका एक शिक्षकका भनाईमा– "यो मगर समुदायमा अभिभावकहरु आफै धेरै संख्यामा साक्षर मात्र छन्, शिक्षित छैनन् । त्यसकारण छोराछोरीलाई थुप्रै पढाउँला भन्ने संस्कारको विकास भएको छैन । पहिलो कुरा यस बारे विद्यार्थी-अभिभावक सचेत हुनु पऱ्यो । यो समुदायमा के देखिन्छ भने, सकिन्छ भने पैसा ठूलो हो पैसा कमाउनु पर्छ, पैसा कमाउनलाई सामान्य जागिर खाएर फाइदा छैन, बरु सकिन्छ लाहुर जाने नभए विदेश गएर पैसा कमाउनु पर्छ, भन्ने संस्कृतिले गाँजेको हुँदा वर्तमान समयसम्म पनि यो समुदायका विद्यार्थीहरु उच्चशिक्षामा खासै आउन सकिरहेको छैन" भन्ने छ ।[२६]

एउटा प्राथमिक तहको विद्यार्थीलाई घर परिवार र समाजबाट विद्यालय गए नगएकोमा जति चासो राख्छ, विद्यार्थीको उमेर र तह बृद्धि सँगसँगै त्यो चासो कम हुँदै जाने गर्दछ । उमेर बृद्धि सँगसँगै उसलाई स्व निर्णय गर्ने स्वतन्त्रताको अवसर प्राप्त हुँदै जान्छ । स्वतन्त्रताले व्यक्तिलाई राम्रो नराम्रो दुबै कार्य गर्न अवसर प्राप्त हुन्छ । व्यक्ति आफू उमेर र शिक्षाले परिपक्क नभइ बढि स्वतन्त्रता पाएमा पनि भोलिका बारेमा ऊ सोच्न तिर ध्यान दिइरहेको देखिन्दैन । यहाँ एस.एल.सी. पछि पाएको स्वतन्त्रता अध्ययन तर्फ कम प्रयोग गर्ने कार्यले र अभिभावकहरु पनि त्यस पश्चात आफ्ना छोराछोरीको अध्ययनमा वास्ता नगर्ने परिपाटिले प्लस टु तहमा नै विषय लागिरहेको हुन्छ, त्यस पश्चात उनीहरु त्यहाँ बरालिएर रहनु भन्दा बरु विदेश गइयो भने पैसा कमाइछ भन्ने सोचले गर्दा पुरुष विद्यार्थीहरु विदेशिएको देखिन्छ ।

---

[२५] तिर्थ कुमारी मगरसँग २०६९ कार्तिक १६ मा गरिएको कुराकानीमा आधारित ।

[२६] लोक बहादुर कटुवालसँग २०६९ असोज २५ मा गरिएको कुराकानीमा आधारित ।

वैदेशिक रोजगार तर्फ युवा पिढीको आकर्षणले गर्दा पनि धेरै संख्यामा उच्चशिक्षामा आउन योग्य विद्यार्थीहरु सोमा सहभागिता जनाइ राखेको छैन । यस्तो परिस्थिति सृजना हुनुमा एक त विद्यार्थी स्वयममा धेरै पढ्छु, नेपालमै बसेर केही गर्छु भन्ने मानसिकताको कमि देखिन्छ भने अर्को पक्ष अभिभावकमा पनि छोराछोरीलाई थुप्रै पढाउँछु भन्ने सोंचको विकास त्यति हुन सकिरहेको देखिदैन । छरछिमेकको देखासिकी, वैदेशिक रोजगारमा भएका साथीसंगीको तडक भडकले युवाहरुलाई नेपालमा लामो समय पढाईमा मेहनत गरेर, नेपालमै रोजगार गर्ने भन्दा पनि चाँडै पैसा कमाउने धुनमा, पैसामुखी सोंचको हावीले गर्दा धेरै युवाहरु पढ्दा पढ्दै विदेशिएको पाइयो ।

उमेर तथा शैक्षिक तह वृद्धि सँगसँगै उनीहरुमा अन्य पक्षहरुको जीम्मेवारी पनि थपिदै जाने गर्दछ । घर व्यवहार संचालन गर्नको लागि हुर्कदै गरेको छोराछोरीमा आर्थिक जीम्मेवारी पनि थपिदै जाने कार्यले गर्दा विद्यार्थीहरु अध्ययनका साथै केही आय आर्जनका कार्य तर्फ पनि लाग्नु परेको देखिन्छ । यसको लागि कुनै रोजगार गर्नु पर्ने यात बैदेशिक रोजगारीमा जानु पर्ने अवस्था देखिन्छ । यस्तो अवस्थाले गर्दा पनि उच्चशिक्षाको सहभागिता कम गर्न भूमिका खेलिरहेको देखिन्छ । वैदेशिक रोजगारीमा गएर आएका केही युवाहरुले यहाँ भन्दा विदेशमा नै रमाइलो छ भन्ने खालका हल्लाले गर्दा युवाहरुमा त्यसको प्रभावले गर्दा विदेशतर्फ नै आकर्षित भइरहेको देखिन्छ । अर्को पक्ष सम्बन्धले गर्दा उनीहरु त्यता आकर्षित भइरहेको देखिन्छ । कम्तीमा एक घर एक सदस्य वैदेशिक रोजगारीमा गएको घरधुरी संख्या यो समुदायमा अधिक देखिन्छ । अर्को युवायुवतीहरु अध्ययन गर्दै जाने क्रममा निरन्तर कक्षा उत्तीर्ण गर्न नसक्दा पढ्न नसकिने रहेछ भन्ने सोंच राख्न थालेपछि युवाहरु यहाँ त्यतिकै बेरोजगार भएर वस्नु भन्दा विदेश गइयो भने देश पनि घुम्न पाइने, थोरै भएपनि पैसा कमाउन सकिने, विदेश गएर आएपछि समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ भन्ने मान्यताले पनि युवाहरु विदेशिएको देखिन्छ ।

### ५.१.३ समाज, संस्कृति र विवाह

अध्ययन क्षेत्रका अभिभावक तथा शिक्षकहरुसँग गरिएको छलफल तथा कुराकानीमा उच्चशिक्षाको सहभागितामा असर पार्ने अर्को महत्वपूर्ण पक्ष यस समुदायको सांस्कृतिक रीतिरिवाज, चालचलन हो भन्ने भनाइहरु आए । सामान्य भन्दा सामान्य चाडपर्व तथा भोज भतेरमा पनि धेरै रमाइलो मै भुल्ने यो समुदायको संस्कृति बनिरहेको छ । ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय नाम्जेका प्रधानाध्यापकका अनुसार–“स्कूल तथा कलेज पढ्ने युवायुवतीले नै यस्तो कार्यक्रमहरुमा मुख्य भूमिका खेलिरहेको हुन्छ । यस्तो खालको प्रवृतिले उनीहरुको पढाइमा प्रतक्ष्य असर गर्ने गरेको छ ।”[२७] अध्ययनमा भन्दा मनोरञ्जन तर्फ बढी

---

[२७] टंकबहादुर भुजेलसँग २०६९ असोज ९ मा गरिएको कुराकानीमा आधारित ।

चाख दिने प्रवृतिले गर्दा उनीहरुको पढाई खस्कन गई पढाइमा असफल हुँदै जान्छन् । त्यस पछि एउटै कक्षामा दोहोऱ्याउनु यात अध्ययन छोड्नु भन्दा अर्को विकल्प देख्दैनन् उनिहरु ।

सामान्य भोजभतेर, चाड-पर्वलाई पनि ठूलो उत्सवका साथ युवायुवती रमाइलो गर्न चाहन्छन् । तिहारको अवसरमा नाचिने एक प्रकारको यो समुदायको सांस्कृतिक नृत्य "हुर्रा नाँच" नाँच्नमा युवायुवती हुरुक्कै हुन्छन् । यो नृत्य तिहारको औंसी देखि पूर्णिमा सम्म करिब १५ दिन लामो नाच्ने चलन छ । अझ पछिल्लो समयमा आएर यो नाँचलाई कुनै विवाह उत्सवहरुमा, स्वागत सत्कारका कार्यक्रमहरुमा समेत नाँच्ने चलन बढ्दै गएको छ । यो नृत्यमा लगभग सबै युवा पिढीकै सहभागिता रहन्छ । यस्तो कार्यक्रमहरुले पनि यहाँका युवायुवतीहरुको शिक्षा आर्जनमा असर गरेको देखिन्छ ।

यसै प्रसंगमा भेडेटार गाउँ विकास समितिका निवर्तमान गा.वि.स. अध्यक्षको भनाईमा–"हाम्रो यो रीतिरिवाज, चालचलन नै उच्चशिक्षाका लागि प्रमुख बाधक भएको छ । हामी अध्ययनमा भन्दा खान्तेपिन्ते, रमाइलो कार्यक्रममा धेरै चाख राख्छौं । राम्रो पढेर आफू र आफ्नो गाउँ, समुदायको लागि केही गर्नु पर्छ भन्ने होइन कि रमाइलो गर्ने उमेर यही हो, पाएसम्म रमाइलो गर्नु पर्छ भन्ने युवाहरुको सोचाइमा विकास हुँदै जानुले यो समुदायका युवाहरु उच्चशिक्षासम्म आउन सकिरहेको छैन"[२८] भन्ने तर्क छ । त्यस्तै गरी थुम्की बौद्धविहार समाजका अध्यक्ष पनि उच्चशिक्षामा विद्यार्थी सहभागिता राम्रो नहुनुमा यो मतवाली समाज र संस्कृतिलाई दोष लगाउछन् ।[२९] कुनै पनि समाज तथा समुदायको आ-आफ्नै विशिष्ट गुणयुक्त संस्कृति हुन्छ । तर कहिले काही त्यही संस्कृति आफ्नो समुदायलाई अगाडि बढाउने क्रममा बाधक पनि भई दिन्छ ।

यसैगरि यो समुदायका अभिभावक आफैमा थोरै संख्यामा मात्र शिक्षित छन् । धेरै संख्यामा साक्षर मात्र रहेको अध्ययन भ्रमणका बेला पाइयो । अभिभावक आफै साक्षर मात्र भएको कारण आफ्ना छोराछोरीलाई थुप्रै पढाउँला, पढाएर ठूलो मान्छे बनाउँला भन्ने भावना पनि छैन । धेरै अभिभावकहरु आफैमा साक्षर मात्र भएको कारण पढ्न चाहने छोराछोरीले पनि कहाँ पढ्ने, कुन विषय पढ्दा के हुन्छ, त्यसको लागि कसरी अगाडि बढ्ने भन्ने "रोड म्याप" पाउन पनि सकिरहेको छैन । यहाँ स्थलगत भ्रमणका बेला धेरै विद्यार्थी तथा अभिभावकले पढ्ने लाइनका बारेमा अनविज्ञ भएको बताए । कस्को अनुकरण गर्ने, कोही त अग्रजहरु पढेर समाजमा प्रतिष्ठित भएको देख्न पाइएको छैनन् भन्ने भनाइहरु छलफलका क्रममा आयो । त्यस्तै यस समुदायका युवाहरु पढ्नु भनेको ठूलो दुःख गर्नु हो सम्झिन्छन् । पढेता पनि कुनै लक्ष्य राखेर पढ्दैनन् । यसै सन्दर्भमा पुनः निवर्तमान

---

[२८] अनिल कुमार राना मगरसँग २०६९ कार्तिक २१ मा गरिएको कुराकानीमा आधारित ।

[२९] कर्ण बहादुर थापा मगरसँग २०६९ कार्तिक २१ मा गरिएको कुराकानीमा आधारित ।

गा.वि.स. अध्यक्ष "एस.एल.सी.पास गरेका युवाहरु पनि कुनै उद्देश्य राखेर पढ्दैनन् । ढुलमुले पढाई गर्छन् । आफ्नो योग्यता बढाउनु, लक्ष्य लिएर पढ्नु, सरकारी रोजगारीको लागि कोशिस गर्नुको साटो एस..एल.सी. पछि धेरै पढें, ठूलो भएँ भन्ने सोंचले यहाँका युवाहरु उच्चशिक्षामा आउन सकिरहेको छैन" भन्ने भनाइ छ ।

कुनै पनि काम राम्रोसँग सम्पन्न गर्नका लागि योजना, लक्ष्य, त्यसको उद्देश्य चाहिन्छ । तर यहाँ त्यो योजना, उद्देश्य र लक्ष्य नै नराखी पढ्ने पढाई आफ्नो लागि नभएर बुबा-आमाको लागि, दाई-दिदीको लागि पढिदिने अधिकांश युवाहरुको सोंचले गर्दा उच्चशिक्षसम्म पुग्न सकि रहेको छैन । ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय नाम्जेका एक महिला शिक्षकका विचारमा पनि–"एस.एल.सी.राम्रो श्रेणीमा उत्तीर्ण भयो भन्दैमा पछि अभिभावकबाट छोराछोरी के गर्दैछन् भन्ने वास्तै नगर्ने वातावरणले पनि उच्चशिक्षामा आउन योग्य विद्यार्थीहरु आउन सकिरहेको छैन"[३०] भन्ने भनाई छ । औपचारिक तथा अनौपचारिक रुपमा ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय नाम्जेका शिक्षकहरुसँग गरिएको छलफलमा यहाँका विद्यार्थीहरुले आवश्यकता भन्दा बढी स्वतन्त्रता पाएको, आफ्ना अभिभावकले छोराछोरीलाई निर्देशन गर्नु पर्नेमा छोराछोरीद्वारा अभिभावक निर्देशित हुनु परेको छ भन्ने भनाईहरु आए । यस्तो वातावरण सृजना हुनमा प्रायः बुबाहरु वैदेशिक रोजगारीको शिलशिलामा विदेशमा हुनु, आमाहरु धेरै संख्यामा अशिक्षित वा साक्षर मात्र हुनु, आफ्ना छोराछोरीको पढाईमा समय तथा चासो राख्नु नसक्नु प्रमुख हो । यसै सन्दर्भमा पुनः उच्चमाध्यमिक विद्यालयका शिक्षक "अलिकति छोराछोरीलाई कठोर अनुशासनमा पठन-पाठन गराउने भन्दा पनि उमेर बढ्दै गए पछि स्वतन्त्रता बढि दिएको पाइन्छ । बढी स्वतन्त्रता पाएको कारण छोराछोरीले अभिभावकलाई गाइड गरेको अवस्था पनि छ"[३१] भन्ने भनाई छ । यसरी उनीहरुले पाएको स्वतन्त्रता र सुविधा अध्ययन तर्फ प्रयोग गर्नुभन्दा रमाइलो पक्ष तर्फ बढि खर्च गर्ने प्रवृत्तिले यहाँका अधिकांश विद्यार्थीहरु उच्चशिक्षा पूरा नगर्दै बीचैमा अध्ययन छाड्ने गरेको पाइयो ।

विवाह समाजलाई निरन्तरता दिनको लागि आवश्यक एउटा सामाजिक संस्था हो । तर कतिपय अवस्थामा आवश्यकता भइकन पनि समय र परिस्थितिसँग मिलाउन नसक्दा यसले अर्को पक्षमा असर पुऱ्याउने गर्दछ । स्थलगत अध्ययनका शिलशिलामा उच्चशिक्षामा आउन योग्य विद्यार्थी मध्ये १८ जना अर्थात १६.६६ प्रतिशत विद्यार्थीहरु प्लस टु तथा स्नातक तह अध्ययन गर्दा गर्दै विवाह बन्धनमा बाधिए पछि अध्ययन छाडेको तथ्य पत्ता लाग्यो । यो संख्यामा १५ जना छात्राको संख्या रहेको छ । यो समुदायका धेरै छात्रहरु वैदेशिक रोजगारीको शिलशिलामा विदेशिएर उच्चशिक्षामा आउन सकिरहेको छैन भने

[३०] तिर्थकुमारी मगरसँग २०६९ असोज २८ मा गरिएको कुराकानीमा आधारित ।

[३१] लोकबहादुर कटुवालसँग २०६९ असोज २५ मा गरिएको कुराकानीमा आधारित ।

छात्राहरु विवाह बन्धनमा बाधिए पछि अध्ययन छाड्ने प्रवृत्ति देखिन्छ । वैवाहिक सम्बन्ध पछि अध्ययनको लागि घरमा वातावरण मिलाउन नसक्दा १२ कक्षामा अध्ययन छाडेका बताउछन् एक अध्ययन क्षेत्रका २२ वर्षिया महिला ।[३२] सामान्यतया विवाहलाई प्राथमिकता राख्ने चलन समाजमा देखियो । त्यही समाजको उपज विवाह गरिए पछि आफ्नो भविश्य सुरक्षित हुने महिलाहरु तथा अभिभावक ठान्दछन् । यस अध्ययन क्षेत्रका छात्राहरु केही संख्यामा विवाह पश्चात पनि अध्ययन जारी राखेको देखियो । तर खासै सफल भएको भने अध्ययनका क्रममा पाइएन । देख्नको लागि मात्र पढाइलाई निरन्तरता दिएको जस्तो भइरहेको छ । अध्ययन पूरा नै नगरी विवाह बन्धनमा बाधिने परम्परा वा संस्कारले गर्दा पनि यस समुदायको युवायुवतीहरु उच्चशिक्षासम्मको अध्ययनमा आउन सकिरहेको देखिदैन ।

### ५.१.४ इच्छाशक्ति

व्यक्तिको आफ्नो इच्छाशक्ति बिना अरुको दबाबमा मात्र कुनै पनि काम सफल र प्रभावकारी तरिकाले सम्पन्न हुन सक्दैन । यहाँ के देखिन्छ भने विद्यार्थीहरुमा हृदयदेखि नै आफ्नै लागि पढ्नु पर्छ भनेर लागेका थोरै विद्यर्थी मात्रै छन् । यसै सन्दर्भमा समाजसेवा केन्द्र, नाम्जेका अध्यक्षको विचारमा–"पहिलो कुरा विद्यर्थीको मन भित्रैबाट पढ्ने इच्छाशक्ति हुनु पर्‍यो, दोस्रो, पढ्ने लाइन (वातावरण) हुनु पर्‍यो । त्यस्तै अभिभावकमा पनि स्पष्ट रुपमा पढाउनु पर्छ भन्ने भावना नजागेको कारण यस्तो अवस्था भएको हो"[३३] भन्ने तर्क छ । यहाँका अधिकांश विद्यर्थीहरु पढ्नको लागि भन्दा पनि देख्नको लागि पढेको भान हुन्छ । आफ्नो भविश्यको लागि भन्दा पनि अभिभावकलाई छोराछोरी क्याम्पस पढ्दैछन् भन्नको लागि पढे झैं लाग्छ । स्थलगत अध्ययनका क्रममा अध्ययन छाडि बसेका युवाहरुले पढ्ने कार्य भनेको ज्यादै गाह्रो काम भएको बताए । यहाँ उनीहरुको भनाई अनुसार मानसिक परिश्रम गर्ने कार्य ज्यादै गाह्रो कार्य हो भन्ने बुभाउँछ । अनौपचारिक कुराकानीका क्रममा पनि अधिकांश अभिभावक तथा शिक्षकहरुले आत्मै देखि, भित्री इच्छाशक्ति जगाएर अध्ययन गर्दैनन्, विद्यार्थीहरु कुनै लक्ष्य तथा उद्देश्य राखेर पढ्दैनन्, ढुलमुले खालको पढाई गदर्छन भन्ने भनाइहरु आयो । अभिभावकहरु आफै पनि धेरै संख्यामा शिक्षित नभएको अवस्थाले गर्दा एस.एल.सी.सम्म छोराछोरीले पढे पछि धेरै पढेको सम्भन्छन् । अभिभावक आफैमा छोराछोरीलाई धेरै पढाउला भन्ने भावनाको विकास हुन पनि नसक्दा यो अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको युवायुवतीहरु उच्चशिक्षासम्मको अध्ययनमा पुग्न कठीनाइ परिरहेको देखिन्छ । यहाँका अधिकांश युवाहरुमा धेरै पढेर, आफ्नो र आफ्नो समुदायको लागि केही गर्ने महत्वकांक्षाको अभाव देखिन्छ ।

---

[३२] गीता मगरसँग २०६९ असोज २८ मा गरिएको कुराकानीमा आधारित ।

[३३] दिलिप राना मगरसँग २०६९ कार्तिक २३ मा गरिएको कुराकानीमा आधारित ।

कुनैपनि क्षेत्रमा बसोबास गर्ने समुदाय, जातजातिहरुको शैक्षिक सहभागिताको क्षेत्रमा विभिन्न पक्षहरुले असर गरिरहेको हुन्छ । भौगोलिक अवस्था, समुदायको वातावरण, समुदायले शिक्षालाई हेर्ने दृष्टिकोण, विविध व्यक्तिहरुसँगको सम्बन्ध आदि पक्षहरुले सकरात्मक तथा नकरात्मक दुवै पक्षमा प्रभाव पारिरहेको हुन्छ ।

माथि छलफलमा अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको उच्चशिक्षाको सहभागितामा नकरात्मक असर पार्ने पक्षहरु पहिचान गर्ने प्रयत्न गरियो । सर्वप्रथम समुदायमा उच्चशिक्षामा आउनको लागि समुदायमा माध्यमिक तह सम्मको विद्यालय केही समय अगाडिसम्म नहुँदा सोमा सहभागिता जनाउन पर्याप्त पृष्ठभूमि नै बनिनसकेको अवस्था देखिन्छ । यसका साथसाथै समुदायको अभिभावकहरुमा आफू साक्षर मात्र भएको तथा कमै शिक्षित भएको कारण छोराछोरीलाई धेरै पढाउने र युवायुवतीहरुमा पनि धेरै पढ्छु भन्ने इच्छाशक्ति कम देखिन्छ । जनजाति समुदायलाई अन्य समुदायद्धारा बढी रमाइलो गर्नु पर्ने समुदाय भनेर चिनिरहँदा यो अवस्था यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायमा पनि देखिन्छ । अर्को पक्ष विद्यालय शिक्षा पूरा गरे पश्चात उच्चशिक्षाको लागि शिक्षालयहरु समुदाय नजिक नहुँदा घर भन्दा बाहिर गइ डेरागरी बस्नु पर्ने समस्या देखिन्छ । जसले गर्दा सामान्य आर्थिक अवस्था भएको परिवारको लागि ठूलो चुनौति वा बाधक भइरहेको छ । समाजलाई निरन्तरता दिनको लागि विवाह संस्था आवश्यक सामाजिक संस्था भएता पनि उमेर र पढाइले परिपक्क नभइ विवाह गर्ने परिपाटिले गर्दा उनीहरुको उच्चशिक्षा तर्फको गोरेटोमा असर गरिरहेको देखिन्छ । त्यस्तै वर्तमान देशको शैक्षिक वेरोजगार समस्याले गर्दा यस समुदायका युवाहरुमा पनि भविश्यमा रोजगारको सुनिश्चितता नहुदा उच्चशिक्षा तर्फको आकर्षण भन्दा पनि एस.एल.सी. तथा प्लस टु पश्चात अध्ययन छाडि वैदेशिक रोजगारीतर्फ लाग्ने गरेको कारण यो समुदायका युवा युवतीहरु उच्चशिक्षाको सहभागिता तर्फ थोरै संख्यामा मात्र सहभागिता जनाइरहेको देखिन्छ ।

# अध्याय छ

## छलफल तथा निष्कर्ष

यो अनुसन्धान मगर समुदायको समग्र सामाजिक तथा सांस्कृतिक पक्षहरुलाई नसमेटी केबल शैक्षिक गतिविधिको मात्र दृष्टिगोचर गर्ने प्रयत्न गरिएको छ। त्यस्तै गरि समग्र मगर समुदायलाई नसमेटी मात्र भेडेटार गा.वि.स.को घना मगर समुदाय बसोबास गर्ने गरेको वडाहरु वडा नं. ६, ७ र ८ का मगर समुदायमा केन्द्रित छ। यस अध्ययन क्षेत्रको मगर समुदायको जम्मा जनसंख्या ८८१ जना अर्थात ८९.१७ प्रतिशत बसोबास रहेको छ। त्यसैगरि जम्मा १६४ घरधुरी मगर समुदायको रहेको छ।

अनुसन्धानको शिलशिलामा कार्यक्षेत्रमा प्रत्यक्ष पुगेर फरक फरक विषय वस्तुमा जम्मा ४२ जनासँग खुला प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता विधि अपनाई तथ्याङ्क तथा जानकारी संकलन गरिएको हो। त्यसैगरी जम्मा १२ जना मुख्य उत्तरदातासँग गहन छलफल गरी जानकारी लिइएको हो। त्यस्तै अध्ययनका क्रममा अनौपचारिक तवरले अन्य धेरै उत्तरदातासँग पनि छलफल गरि जानकारी लिने कार्य गरिएको हो। आवश्यक तथ्याङ्कहरुको लागि सरकारी प्रतिवेदनहरु, अप्रकाशित विद्यालयका प्रतिवेदनहरु, विद्यालयको फल्यास रिपोर्ट, गाउँ पार्श्वचित्र आदिको सहयोग लिइएको छ। संकलित तथ्याङ्कहरुलाई आवश्यकता अनुसार संख्यात्मक तथ्याङ्कहरुलाई तालिकीकरण गरि प्रस्तुत गरिएको छ भने गुणात्मक जानकारीहरुलाई वर्णनात्मक ढाँचा अनुरुप विभिन्न विषयगत शिर्षकहरुद्धारा व्याख्या विश्लेषण गरिएको छ।

गाउँ पार्श्वचित्र २०६७ अनुसार यो अध्ययन क्षेत्रको साक्षरता प्रतिशत ८५.८५ रहको तथ्याङ्क छ। त्यसै गरि पुरुष साक्षरता दर ८८.४७ प्रतिशत र महिला साक्षरता दर ८३.१२ प्रतिशत रहेको देखिन्छ। यस अध्ययन क्षेत्रका अधिकांश जनसंख्या शिक्षित नभएता पनि साक्षरसम्म रहेको देखिन्छ। यसरी यहाँका समुदायलाई साक्षर बनाउनलाई विभिन्न समयमा संचालित साक्षरता कार्यक्रमहरुले ठूलो भूमिका खेलेको देखिन्छ। त्यस्तै उपलब्ध शैक्षिक संस्थाहरुबाट साक्षरसम्म हुने अध्ययन पूरा गरेको अध्ययनका क्रममा तथ्याङ्क प्राप्त भएको छ।

यस अध्ययन तथा शोधको पहिलो उद्देश्य भनेको वर्तमान समयमा विद्यालयीय शिक्षामा विद्यार्थी सहभागिता राम्रो गराउन सकरात्मक भूमिका खेल्ने पक्षहरुको पहिचान गर्न राखिएको थियो भने दोस्रो उद्देश्यमा माध्यमिक तहसम्मको विद्यार्थी सहभागिता वृद्धि हुदै जाँदा पनि उच्चशिक्षाको सहभागितामा भने के कारणले गर्दा खासै आउन सकिरहेको छैन भनि उद्देश्य लिएर यो अनुसनधान गरेको थिएँ।

वर्तमान विश्व परिवेशमा औपचारिक शिक्षाको महत्व व्यापक हुँदै जाने क्रममा शिक्षा व्यक्तिको नैसर्गिक अधिकारको रुपमा स्थापित भई सकेको छ । विश्वव्यापी शिक्षाको महत्व सँगसँगै ग्रामीण अभिभावकहरुमा पनि शिक्षा सम्बन्धी चेतना आइ सकेको देखिन्छ । शिक्षा वर्तमान समयमा संस्थाकरण भईसकेको अवस्था छ । शिक्षा मानवको आधारभूत आवश्यकताको रुपमा स्थापित भई सकेको छ । जसको लागि व्यक्तिले विद्यालय संस्थाद्धारा दिक्षित हुनु पर्ने हुन्छ । जो व्यक्ति विद्यालय संस्थाद्धारा दिक्षित हुन्छ ऊ शिक्षित हुने भयो भने जो व्यक्ति विद्यालय नगई स्व-अध्ययनद्धारा ऊ जतिकै जानकार छ भने पनि मात्र ऊ साक्षर हुने भयो । जसले गर्दा अध्ययन क्षेत्रका अभिभावकहरुमा पनि आफ्ना छोराछोरीलाई कम्तिमा आधारभूत शिक्षा दिनको लागि स्कूल पठाउनु पर्छ भन्ने मान्यतामा पुगेको पाइयो । यस अध्ययन क्षेत्रका अधिकांश अभिभावकहरु वैदेशिक रोजगारीको शिलशिलामा विदेश गई काम गर्ने क्रममा आफू साक्षर मात्र भएको कारण विविध समस्या भेल्नु पर्दा आफ्ना बालबच्चाको पढाईमा चासो देखाएको पाइयो ।

त्यस्तै शिक्षा विकासमा राष्ट्रले लिएको नीति, माध्यमिक तहसम्मको शिक्षा निशुल्क तथा पिछडिएका समुदायको बालबालिकाको लागि छात्रवृत्ति कार्यक्रम, शैक्षिक प्रोत्साहन कार्यक्रम लगायत समुदाय आसपासमा विद्यालयहरुको उपलब्धता जस्ता कार्यहरुले यस अध्ययन क्षेत्रका बालबालिकाको विद्यालयीय शिक्षाको सहभागितामा सुनिश्चितता भएको देखिन्छ । जसको फलस्वरुप विद्यालयको विद्यार्थी भर्ना विवरण अनुसार प्राथमिक तहमा मगर समुदायको विद्यार्थी सहभागिता ७५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ भने समग्र यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्ये ६० प्रतिशत मगर समुदायका विद्यार्थीहरु अध्ययन गर्ने गरेको देखियो । यो समुदायमा विद्यालय तहसम्मको विद्यार्थी सहभागिता उच्च नै रहेको देखिन्छ । विशेष गरी आधारभूत तहसम्म उनीहरुको सहभागिता अभ्क राम्रो छ । तर माध्यमिक तह तर्फ जाने क्रममा केही संख्यामा घट्न गएको देखियो । केही विद्यार्थीहरु माध्यमिक तहमै अध्ययन छाड्ने गरेको कारण यो संख्यामा घट्न गएको देखिएको हो । यस अध्ययन क्षेत्रमा केही अगाडिको समयलाई हेर्ने हो भने विद्यार्थीहरु ढिलो पढाई शुरु गर्नु र प्राय अभिभावकहरु साक्षर मात्र भएका कारण आफ्ना छोराछोरीको अध्ययनमा सहयोग गर्न असमर्थ हुँदा उनीहरु प्राथमिक तहदेखि नै केही कमजोर हुँदै गई माध्यमिक तहमा पुग्दा उत्तीर्ण हुनुमै समस्या पर्ने हुँदा कक्षा दोहोऱ्याउनु पर्ने गरेको देखिन्छ । यसरी कक्षा दोहोऱ्याई रहनु पर्दा उमेर वृद्धि सँगसँगै उनीहरुमा घरव्यवहारका अन्य धेरै जिम्मेवारीहरु थपिँदै जाने गरेको पाइन्छ । यसरी घरव्यवहारका अन्य जिम्मेवारीहरु थपिँदै जाने क्रममा अध्ययनलाई निरन्तरता दिन नसक्दा अन्ततः उनीहरु आफैमा पढ्नु भनेको गाह्रो कार्य रहेछ भनी आत्मबल क्षिण गरी अध्ययन नै छाड्ने गरेको पाइयो ।

अभिभावकहरुमा आफ्ना छोराछोरीलाई प्राथमिक तहमा विद्यालय भर्ना गर्नुपर्छ भन्ने चेतना आई सकेता पनि धेरै संख्यामा अभिभावकहरु आफै सामान्य साक्षर मात्र भएको

अवस्थाले गर्दा छोराछोरीको अध्ययन तर्फ भने खासै चासो राख्न नसक्दा केही संख्यामा विद्यार्थीहरु विद्यालय तहमै अध्ययन छाड्ने गरेको देखिन्छ । त्यस्तै विद्यालयमा 'अपाङ्ग मैत्री' वातावरणको अभावमा पनि केही विद्यार्थीहरुले विद्यालय तहमै अध्ययन छाड्ने गरेको अध्ययनका क्रममा पाइयो ।

अध्ययन क्षेत्रको मगर समुदायको बालबालिकाहरुको आधारभूत तहको शैक्षिक सहभागिता राम्रै रहेता पनि माध्यमिक तह तर्फ जाने क्रममा केही संख्यामा उनीहरुको सहभागिता घट्न गएको देखियो । यो संख्या झनै उच्चशिक्षा तर्फ जाने क्रममा व्यापक गिरावट हुँदै आएको पाइयो ।

यद्यपि केही विद्यार्थीहरु भने उच्चशिक्षासम्मको शिक्षालाई निरन्तरता दिइरहेको पनि देखियो । यसरी उच्चशिक्षासम्मको अध्ययनलाई निरन्तरता दिइ रहनुका धेरै कारणहरु मध्ये एउटा प्रमुख कारण भनेको अहिलेको प्रतिस्पर्धात्मक समाजमा आफू शिक्षित भई रोजगार योग्य नागरिक बन्नु देखियो । शिक्षाले जीवनमा प्राप्त अवसरहरुलाई सदुपयोग गर्न सहयोग गर्दछ भन्ने उनीहरुको बुझाई देखिन्छ । त्यस्तै शिक्षाले व्यक्तिलाई आत्मनिर्भर बनाई स्वतन्त्र जीवन जीउन सिकाउँछ भन्ने बुझाइले गर्दा उनीहरु अध्ययनलाई निरन्तरता दिइरहेको पाइयो । यसका साथै घर परिवारबाट पनि यदि उनीहरु अध्ययन तर्फ चासो राख्छन् भने स्वर्स्फूत रुपमा सहयोग गर्ने वातावरणले गर्दा उच्चशिक्षासम्मको अध्ययनलाई निरन्तरता दिइ रहेको देखिन्छ । हरेक क्षेत्रमा शिक्षाको महत्व व्यापक हुँदै जानेक्रममा अभिभावकहरु छोरा र छोरी बीचमा कुनै विभेद नगरी अध्ययनमा लगानी गर्न तत्पर देखिनुले छात्राहरुको उच्चशिक्षासम्मको सहभागिताले निरन्तरता पाइरहेको देखिन्छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायका अभिभावक तथा विद्यार्थीहरुमा पनि शिक्षा व्यक्तिको नैसर्गिक अधिकार हो । यसको विश्वव्यापी महत्व व्यापक हुँदैछ । मानव जीवनको हर क्षेत्रमा शिक्षाको ठूलो महत्व छ भन्ने कुराको चेतना समुदायमा विस्तार भएको कारण यस अध्ययन क्षेत्रका विद्यार्थीहरुको एस.एल.सी.सम्मको शैक्षिक सहभागिता समग्र राष्ट्रको सो सरहको उत्तीर्ण प्रतिशत भन्दा ३ प्रतिशतले बदी रहेको छ । यो तथ्याङ्कलाई मात्र विश्लेषण गर्ने हो भने पनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरुको माध्यमिक तहसम्मको शैक्षिक सहभागिता राम्रो रहेको देखिन्छ । एस.एल.सी.सम्मको शैक्षिक सहभागिता राष्ट्रिय तथ्याङ्क भन्दा उत्कृष्ट गराउनमा समुदायमा उपलब्ध शैक्षिक संस्थाको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

विद्यालय तहको शिक्षा पुरा गरे पश्चात उच्चशिक्षाको सहभागितालाई हेर्ने हो भने प्रायः सबै विकसित मुलुक लगायत हाम्रो जस्तो विकासोन्मुख मुलुकहरुको पनि विद्यार्थी सहभागिता घट्दो नै हुन्छ । यो एउटा विश्वब्यापी प्रवृति पनि हो । अतः यसलाई एउटा

प्राकृतिक प्रक्रिया नै हो भन्न सकिन्छ । देशको राष्ट्रिय तथ्याङ्कलाई हेर्ने हो भने पनि एस.एल.सी.वा सो सरह उत्तीर्ण प्रतिशत १०.१६ रहेकोमा स्नातक वा सो सरह उत्तीर्ण प्रतिशत २.२८ मा झरेको देखिनछ । यो तथ्याङ्कलाई एउटा प्राकृतिक प्रक्रिया नै हो भनेर मान्न सकिएता पनि यस अध्ययन क्षेत्रमा भने मात्र यो प्राकृतिक प्रक्रिया हो भनेर मान्न सकिने अवस्था देखिदैन् । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको एस.एल.सी.वा सो सरह उत्तीर्ण प्रतिशत १३.६३ अर्थात राष्ट्रिय दर भन्दा ३ प्रतिशतले राम्रो रहेको तथ्याङ्क छ तर स्नातक तह उत्तीर्ण प्रतिशतमा भने व्यापक गिरावट आई मात्र ०.३७ प्रतिशत रहेको छ ।

अत : एस.एल.सी. सम्मको शैक्षिक सहभागिता राष्ट्रिय तथ्याङ्क भन्दा उत्कृष्ट रहेता पनि अन्य विभिन्न परिस्थितिले गर्दा यो समुदायको विद्यार्थीहरु उच्चशिक्षासम्मको सहभागितामा खासै आउन सकिरहेको देखिएन् । सर्वप्रथम व्यक्ति तथा समुदायले उच्चशिक्षालाई कसरी लिने गरेको छ, उसको उच्चशिक्षा प्रतिको धारणा कस्तो छ आदि कुराहरुले उनीहरुको सहभागिता निर्धारण गर्ने गर्दछ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको विद्यार्थीहरु उच्चशिक्षालाई त्यति धेरै प्राथमिकता दिने गरेको पाइएन । यसको पछाडि समुदायमा शिक्षित अग्रज व्यक्तित्वहरुको अभावले गर्दा कसको अनुकरण गर्ने भन्ने मानसिकता विद्यार्थीहरुमा पाइयो । यहाँ उच्चशिक्षासम्मको अध्ययन पूरा गरेर समुदायमा शिक्षित र प्रतिस्थित व्यक्तिहरु ज्यादै न्यून मात्र भएको कारण उच्चशिक्षासम्मको अध्ययन गर्नुपर्छ भन्नेमा त्यति धेरै चासो दिएको पाइएन ।

यसैगरी यो समुदायका व्यक्तिहरुलाई उच्चशिक्षासम्म आउनको लागि शैक्षिक पृष्ठभूमिमा पनि केही कम भएको देखियो । यो समुदायको व्यक्तिहरुलाई २०५४ सालभन्दा अगाडि माध्यमिक तहसम्मको अध्ययनको लागि समुदायमा विद्यालय नहुँदा अध्ययनमा समस्या रहेको देखिन्छ । सामान्यतया यस अध्ययन क्षेत्रमा बसोबास गर्ने अभिभावकहरुको साक्षरताको दर राम्रै भएता पनि शिक्षित व्यक्तिहरुको भने कमि रहेको अध्ययनका क्रममा पाइयो । अभिभावक प्रायः साक्षर मात्र भएको कारण आफ्ना छोराछोरहिरुलाई उच्च शिक्षासम्म पढाउला भन्ने स्पष्ट सोचको अभाव देखिन्छ । त्यस्तै छोराछोरीको उमेर र शैक्षिक तह वृद्धि सँगसँगै स्वनिर्णय गर्न दिने वातावरणले उनीहरु अध्ययन तर्फभन्दा अन्य रमाइलो पक्ष तिर चाख राख्ने कार्यले यहाँ उच्चशिक्षासम्मको ज्ञान आर्जन गर्नमा समस्या परेको देखिन्छ । त्यसैगरी विद्यार्थीहरु स्वयम स्पष्ट आफ्नो उद्देश्य र लक्ष्य विना ढुलमुले पाराको पढाइ गर्नाले प्लस टु तहमै धेरै विद्यार्थीहरु असफल भई अध्ययन छाडेको अवस्था देखियो । विद्यार्थीहरु आफै पनि धेरै पढ्छु भन्ने इच्छा शक्तिको अभाव तथा मानसिक परिश्रम गर्नु भनेको ज्यादै दुःख गर्नु हो भन्ने ठानेको पाइन्छ ।

त्यस्तै अर्को पक्ष भनेको माध्यमिक तहको अध्ययन पश्चात घर परिवार तथा समुदायबाट आर्थिक उत्पादन कार्यसँग तुलना गरेर हेर्न थाल्दछ । त्यसकारण उच्चशिक्षा आर्जन गर्न तर्फ मात्र नलागि विद्यार्थीहरु अन्य आयआर्जनको बाटो खोज्न थाल्दछन् । आयआर्जनको बाटो खोज्ने क्रममा धेरै युवायुवती देशको वर्तमान बेरोजगारी समस्याले गर्दा वैदेशिक रोजगारको नाउँमा अध्ययन छाडि विभिन्न देशमा गएको पाइयो । त्यस तर्फको आकर्षण हुनुमा साथीभाइ तथा छरछिमेकको देखासिकी र केही वैदेशिक रोजगारमा गएर आएकाहरुको तडकभडक नै मुख्य देखिन्छ । जसको फलस्वरुप उच्चशिक्षाको सहभागिता मै असर गरेको देखियो ।

जनजाति समुदायलाई बढी रमाइलो गर्नुपर्ने समुदाय भनेर अर्को समुदायद्वारा चिनीरहेको अवस्थामा यहाँका मगर समुदायले पनि अध्ययनलाई भन्दा मनोरञ्जनलाई बढी महत्व दिइरहेको देखियो । सामान्य चाडवाड तथा भोजभतेरमा पनि धेरै रमाइलो गर्न रुचाउने संस्कृतिको विकासले प्रत्यक्ष विद्यार्थीहरुमा असर गरिरहेको पाइन्छ ।

विवाह समाजलाई निरन्तरता दिनको लागि आवश्यक एक सामाजिक संस्था भएता पनि उमेर र पढाइले परिपक्क नभई विवाह गर्ने परिपाटीले गर्दा यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको युवायुवतीहरुको लागि उच्चशिक्षाको सहभागितामा बाधक भई रहेको देखिन्छ ।

कुनै पनि समुदायका बलाबालिकाहरु शिक्षमा सहभागिता जनाउँनु/नजनाउँनुमा आन्तरिक र बाह्य तत्वहरु तथा समाजिक सम्बन्धहरुले भूमिका खेल्ने गर्छ (पुन २०६८) । यस अध्ययन क्षेत्रको मगर समुदायको बालबालिकाहरुको पनि विद्यालयीय शिक्षासम्मको सहभागिता राम्रै भएको देखिन्छ । यसो हुनुमा विश्वव्यापी शिक्षाको महत्व बढ्दै जाँदा ग्रामीण अभिभावकहरुमा शिक्षा सम्बन्धि चेतनाको अभिबृद्धि हुनु, विद्यालय तहसम्मको शिक्षा निशुल्क र विद्यालय समुदायमा उपलब्ध हुनु हो । त्यसका साथै वैदेशिक रोजगारीबाट आएको विप्रेषण आफ्नै छोराछोरीको शिक्षामा लगानी गर्न तत्पर हुनुले पनि हो । त्यस्तै विभिन्न संघ-संस्था र सरकारको तर्फबाट उपलब्ध छात्रवृति कार्यक्रमहरु लगायत अहिलेको समयमा हर-क्षेत्रमा शिक्षाको महत्व व्यापक बृद्धि सँगसँगै अभिभावकमा छोराछोरीलाई कम्तीमा एस.एल.सी.सम्मको अध्ययन गराउनु पर्छ भन्ने सोंचमा आएको विकासको फलस्वरुप विद्यालय तहको शिक्षामा विद्यार्थी सहभागिता राम्रो भएको हो ।

यद्यपि विद्यालय तहसम्मको शैक्षिक सहभागिताले सकरात्मक दिशा लिदालिदै पनि उच्चशिक्षामा भने त्यसको अनुपातमा थोरै संख्यामा मात्र सहभागिता जनाएका छन । यस्तो परिस्थितिको सृजना हुनुमा सर्वप्रथम समुदायमा उच्चशिक्षासम्मको सहभागिता जनाउन केही समय अगाडिसम्म माध्यमिक तहसम्मको विद्यालय समुदायमा नहुँदा सोमा सहभागिता

जनाउनको लागि पर्याप्त पृष्ठभूमिको अभाव देखिन्छ । त्यसका साथै बर्तमान देशको समसामयिक समस्याले गर्दा धेरै पढेर पनि नेपालमा रोजगारीको सुनिश्चितताको संभावना कम हुनुले अध्ययन गर्दागर्दै धेरै विद्यार्थी विदेशिएका छन् । समुदायका अभिभावक आफैमा धेरै संख्यामा साक्षर मात्र भएको कारण छोराछोरीलाई धेरै पढाउँला भन्ने स्पष्ट सोंचको अभाव छ । त्यस्तै धेरै संख्यामा विद्यार्थी स्वयमले नै आत्मै देखि पढ्ने इच्छाशक्ति नजगाउनु, उद्देश्य र लक्ष्य बिना अध्ययन गर्नु, पढ्नु भनेको दुःख गर्नु हो भन्ने सम्झिनु, रमाइलो कार्यक्रम प्रति बढि चाख राख्नु मुख्य हो । त्यस्तै समुदाय आसपासमा उच्चशिक्षासम्मको क्याम्पस नहुनु पनि उच्चशिक्षाको सहभागिता जनाउँन यो मगर समुदायको लागि बाधक भएको छ । त्यस्तै अर्को पक्ष छात्राहरुको सन्दर्भमा विवाह गरे पछि आफ्नो भविष्य सुरक्षित हुन्छ भन्ने नकरात्मक सोंच राखि उमेर तथा शिक्षाले परिपक्क नभई विवाह गर्नुले पनि यहाँका मगर समुदायलाई उच्चशिक्षा आर्जन गर्नमा बाधक भएको हो ।

## सन्दर्भ सामाग्री

गाउँ विकास समिति । २०६७ । *गाउँ पार्श्वचित्र* । गाउँ विकास समिति, भेडेटार, धनकुटा ।

ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय । २०६७, २०६८ र २०६९ । *फल्यास रिपोर्ट* । ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय भेडेटार-७ नाम्जे, धनकुटा ।

ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय । २०६७, २०६८ र २०६९ । *विद्यार्थी हाजिरी पुस्तिका* । ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय भेडेटार-७ नाम्जे, धनकुटा ।

ग्रामीण जनता माध्यमिक विद्यालय । २०६१ । विद्यालय सुधार योजना । अप्रकाशित प्रतिवेदन । ग्रामीण जनता माध्यामिक विद्यालय भेडेटर-७ नाम्जे, धनकुटा ।

ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय । २०६९ । *स्वर्ण महोत्सव विशेष स्मारिका* । ग्रामीण जनता उच्चमाध्यमिक विद्यालय भेडेटार-७ नाम्जे, धनकुटा ।

पराजुली, महेशनाथ । २०६२ । नेपाली स्कूलमा दलित वहिष्कार र विभेदका कुरा । *राज्य पूर्नसंरचनामा दलित सहभागिता* । विद्यानाथ कोइराला, राजन खड्का र राजकुमार बराल, सं., पृ. १३५–१४०, काठमाडौं ।

पुन, याम बहादुर । २०६८ । शिक्षामा छन्त्याल समुदायको सहभागिता । *उच्चशिक्षामा सहभागिता । असमानताका सामाजिक आयाम* । प्रमोद भट्ट सं., पृ. ७८, काठमाडौं : मार्टिन चौतारी ।

महतो, पवित्रा । २०६८ । थारुहरुको शिक्षामा विप्रेषणको भूमिका । *उच्चशिक्षामा सहभागिता । असमानताका सामाजिक आयाम* । प्रमोद भट्ट सं., पृ. २७३, काठमाडौं : मार्टिन चौतारी ।

रिजाल, शारदा । २०६८ । उच्चशिक्षामा दलित महिलाको पहुँचका आधार । *उच्चशिक्षामा सहभागिता । असमानताका सामाजिक आयाम,* प्रमोद भट्ट सं., पृ. २३०, काठमाडौं : मार्टिन चौतारी ।

शर्मा, गोपिनाथ । २०६२ । *नेपालमा शिक्षाको इतिहास* । भाग-दुई । पृ. २३०-२६५ । काठमाडौंः मकालु प्रकाशन गृह ।

श्रीसमगर, मीन । २०६७ । *मगर जातिको चिनारी* । पृ. १९४ । काठमाडौं : नेपाल आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान तथा नेपाल मगर संघ ।

Bhatta, Pramod, Lila Adhikari, Manu Thada and Ramesh Rai. 2008. *Structures of Denial: Social Exclusion in Nepal's Higher Education*. Studies in Nepali History and Society, 13(2) : 235-263.

Bhatta, Pramod. 2000. *Community Mobilization in Primary Education*. Unpublished Master Thesis, T.U. CDSA.

Bista, Dor Bahadur. 1967. *Peoples of Nepal*. Pp. 64-69. Kathamandu : Ratna Pustak Bhandar.

Boli, John and Francisco O. Ramirez. 1986. World Culture and the Institutional Development of Mass Education. *In Handbook of Theory and Research for the Sociology of Education*. John G. Richardson, ed. 65-82. New York : Green Wood Press.

CBS. 2001, 2011. *National Population and Housing Census*. Kathmandu : CBS.

CBS. 2010. *Nepal in Figure*. Kathmandu : CBS.

CBS. 2010/11. *Nepal Living Standards Survey*. 1 : 84. Kathmandu : CBS.

CERID. 1987. An Inquiry In to the Causes of Primary School Dropout in Rural Nepal: *A Study Report*. Kathmandu : CERID.

CERID. 1990. Educational Disadvantaged Population Groups: *A Study Report*. Kathmandu : CERID.

CERID. 1997. Social Assessment of Educationally Disadvantaged Groups: Factors Affecting Educational Participation of Disadvantaged Groups. *A Study Report*. pp. 39-48. Kathmandu : CERID.

CERID. 2011. *Mutilingual Education Newsletter*. Kathmandu : CERID.

Fuller, Bruce. 1991. What Drives the Expansion and Deepening of Mass Schooling? *In Growing up Modern: The Western State Builds 3$^{rd}$ World Schools*. pp. 25-62. London: Routledge.

Gurung, Shibaji. 2011. British Gorkha Recruitment and Higher Education of Gurung Youngmen. *Dhaulagiri Journal of Sociology and Anthropology*. 5:143-169.

Karlekar, Malvika. 2000. Girls' Access to Schooling: An Assessment. *In the Gender Gap in Primary Education: In NGOs as Change Agents*. Rekha Wazir, ed. pp. 80-114. New Delhi, Sage Publication.

Meyer, John W. 1992. The Social Construction of Motives for Educational Expansion. *In the Political Construction of Education: The State, School Expansion and Economic Change*. Bruce Fuller and Richard Rubinsion, eds. pp. 225-238. New York : Praeger Publishers.

Robinson-Pant, Anna. 2009. Woman and Literacy: A Nepal perspective. *In Education in Nepal : Problems, Reforms and Social Change.* Pramod Bhatta, ed. pp 333-357. Kathmandu : Martin Chautari.

Sharma, Gopi Nath. 1990. The Impact of Education During the Rana Period in Nepal. *Himalayan Research Bulletin*. 10 : 3-7.

Shrestha, Mona. 1991. Parental Attitude Towards Education: Gender Analysis in The Contest of Urban Fringe Community. Kathmandu : CNAS.

Skinner, Debra and Dorothy Holland. 2009. Schools and Cultural Production of Educated Person in a Nepalese Hill Community. *In Education in Nepal : Problems, Reforms and Social Change*. Pramod Bhatta, ed. pp. 295-332. Kathmandu : Martin Chautari.

Subrahmanian, Ramya. 2005. Education Exclusion and Developmental State. In *Educational Regimes in Contemporary India*. Radhika Chopra, Patricia Jeffery in Collaboration with Helmut Reifeld, eds. pp. 62-82, New Delhi : Sage Publication.

UNDP. 2004. *Nepal Human Development Report 2004. Empowerment and Poverty Reducation.* Kathmandu : UNDP.

UNDP. 2010. *Nepal Millennum Development Goals Progress Report 2010*. Kathmandu : UNDP.

## परिशिष्ट - क

**समुदायका अगुवा,शिक्षा सम्बन्धि चासो राख्ने व्यक्तित्व, विद्यालय प्र.अ., शिक्षक/शिक्षिका तथा विद्यालय व्यवस्थापन समितिका सदस्य लगायतका उत्तरदाताहरुको लागि तयार पारिएको प्रश्नावली**

१. यो गाउँमा स्कूल नजाने/छाडेका केटाकेटिहरु छ, छैन होला ?

२. यदि भए कति जना छ जस्तो लाग्छ ?

३. कस्तो खालको सामाजिक, आर्थिक अवस्था भएको घरको केटाकेटी हो ?

४. उसको शारीरिक अवस्था कस्तो छ ?

५. के कारणले गर्दा स्कूल नगएको/छाडेको हुनसक्छ ?

६. स्कूल पठाउने सवालमा छोराछोरी बीच विभेद छ, छैन ?

७. यदि विभेद छ भने कस्तो खालको विभेद गर्दछन् ? छोरीको शिक्षामा लगानी गर्न विभेद गर्छन कि गर्दैनन् ?

८. यदि विभेद गर्छन भने किन गर्छन होला ?

९. माथिल्लो कक्षा चढ्ने कममा विद्यार्थीहरुको नियमितता कस्तो छ ?

१०. यदि उनीहरुको नियमितता घट्दो र अध्ययन छाड्ने प्रवृति बढ्दो छ भने कुन तहबाट बढी पाइएको छ ?

११. यो समुदायको विद्यार्थीहरुको एस.एल.सी. परीक्षामा सहभागिता कस्तो छ ?

१२. सहभागिता जनाएकाहरुमा पहिला र अहिलेमा उत्तीर्ण गर्ने संख्यामा कस्तो फरक रहेको छ ?

१३. उत्तीर्ण हुनेहरु कुन श्रेणीमा बढी उत्तीर्ण हुन्छन् ?

१४. यदि एस.एल.सी उत्तीर्ण प्रतिशत न्यून हो भने यसको पछाडी कस्को कमजोरी हो ?

१५. एस.एल.सी. तथा दश जोड दुई उत्तीर्ण विद्यार्थिहरु के गर्छन, कहाँ जान्छन् ?

१६. उनीहरुको उच्चशिक्षामा सहभागिता कस्तो छ ?

१७. पढाई छाडेर बस्नेहरु के गर्छन् ?

१८. वैदेशिक रोजगारीमा नगएको कुनै घर छ, छैन ?

## परिशिष्ट - ख

### अध्ययन छाडि बसेका युवायुवतिहरुका लागि तयार पारिएको प्रश्नावली

१. नाम.....................................................................उमेर.....................

लिङ्ग...........................

४. तपाईको वुवा–आमा शिक्षित/साक्षर/निरक्षर कस्तो हुनुहुन्छ ?

५. तपाई स्कूल पढ्दा बुबा आमाले तपाई स्कूल गएको नगएकोमा चासो राख्नु हुन्थ्यो ?

६. स्कूल जान कतिको मन पर्थ्यो ?

७. स्कूल पढ्दा घरको काम गर्नु पर्थ्यो ?

८. यदि घरको काम गर्नु पर्थ्यो भने पढ्नलाई चाहि समय हुन्थ्यो त ?

९. बुबा आमाले पढ्न, गृहकायृ गर्नमा सहयोग गर्नुहुन्थ्यो ?

१०. तपाई स्कूल पढ्दा तपाईको position कस्तो आउथ्यो ? कुन श्रेणीमा उत्तीर्ण गर्नु हुन्थ्यो ?

११. तपाईहरु कति जना छोराछोरी हुनुहुन्छ ?

१२. अरु दाजुभाइ दिदीबहिनीहरु के गर्छन ?

१३. पढ्दैछन् कि कुनै काम गर्छन ?

१४. पढ्दैछन् भने स्कूल/कलेज कहाँ पढ्छन् ?

१५. तपाई चाहि किन पढ्न छाड्नु भएको हो ?

१६. तपाईलाई पढ्न मन भएन हो ?

१७. तपाईलाई पढाइ छाड्न केले बाध्य पाऱ्यो ?

१८. (यदि महिला भए) तपाईको घरमा छोरीमाथि लगानी गर्नमा विभेद भएको हो ?

१९. स्कूल/कलेज कति टाढा थियो ? कति समय लाग्थ्यो ?

२०. अहिले तपाई के गर्नु हुन्छ ?

२१. साथीहरु स्कूल/कलेज पढ्न जाँदा तपाईलाई कस्तो लाग्छ ?

२२. तपाईलाई पढ्न नपाएकोमा/पाढाई छाडेकोमा पछुतो छ कि छैन ?

## परिशिष्ट - ग

## अभिभावकका लागि तयार पारिएका प्रश्नावली :-

१. नाम......................................उमेर............ लिङ्ग.................

शैक्षिक योग्यता................ परिवार संख्या....................पेशा.................

२. तपाई आफ्नो पालामा स्कूल पढ्नु हुन्थ्यो ?

३. यदि पढ्नु हुन्थ्यो भने कति कक्षासम्म पढ्नु भयो ?

४. पढ्नु भएन भने के कारणले पढिनछु जस्तो लाग्छ ?

५. स्कूल कति टाढा थियो या स्कूलै थिएन ?

६. तपाईको छोराछोरी कति जना छन् ?

छोरा................ छोरी.......................

७. उनीहरु कति कति उमेरका छन् ?

८. सबै छोराछोरीहरुलाई स्कूल पठाउनु हुन्छ ?

९. छोरा र छोरीलाई एउटै स्कूल पाठाउनु हुन्छ कि फरक फरकमा ?

१०. यदि फरक फरक स्कूलमा पठाउनु हुन्छ भने किन ?

११. कहाँ पठाउनु हुन्छ ? कस्तो स्कूलमा पठाउनु हुन्छ ?

१२. स्कूल कति टाढा छ ? स्कूल पुग्न कति समय लाग्छ ?

१३. छोराछोरीलाई नियमित स्कूल पठाउने गर्नुहुन्छ ?

१४. यदि पाठाउनु हुन्न भने किन पठाउनु हुन्न ?

१५. केटाकेटीहरु नियमित स्कूल जान मन गर्छन कि गर्दैनन् ?

१६. नियमित स्कूल पठाउनलाई के के गर्नुभएको छ ?

१७. उनीहरुलाई घरको काम लगाउनु हुन्छ ? खास गरि कस्तो काम लगाउनु हुन्छ ? घरमा कुन समयमा उनीहरु पढ्छन ?

१८. तपाईको कुनै छोराछोरीले बिचैमा स्कूल/कलेज छाडेका छन् ?

१९. यदि छ भने किन छाडेको हो ?

२०. स्कूल छाड्दा ऊ कति उमेरको थियो ? कतिमा पढ्दै थियो ?

२१. ऊ अहिले के गर्छ ?

२२. तपाई छोराछोरीले गृहकार्य गरेको नगरेकोमा चासो राख्नु हुन्छ ?

२३. छोराछोरीको पढाईको बारेमा कहिल्यै विद्यालय गएर बुझ्ने गर्नुहुन्छ ?

२४. शिक्षकहरुको नियमितताको बारेमा, कक्षा नियमित भएको नभएको बारेमा स्कूलमा गएर बुझ्ने गर्नु हुन्छ ?

२५. स्कूलमा केटाकेटीको पढाइकै लागि भनेर कुनै शुल्क तिर्नु भएको छ ? यदि तिर्नु हुन्छ भने कस्तो शिर्षकमा कति तिर्नु हुन्छ ?

२६. तपाईको परिवारको लागि यो शुल्क सान्दर्भिक छ ?

## परिशिष्ट -घ

## स्कूलमा अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि तयार पारिएको प्रश्नावली

१. नाम...................................उमेर.................लिङ्ग..................

कक्षा ........................... स्कूलको नाम.......................

ठेगाना..................................................

२. तपाईको घर परिवारमा कति जना हुनुन्छ ?

३. तपाईहरु कति जना छोराछोरी हो ?

४. तपाईहरु सबै जना स्कूल पढ्दै हुनुहुन्छ ?

५. एउटै स्कूल पढ्नु हुन्छ कि अलग अलग स्कूलमा पढ्नु हुन्छ ?

६. तपाईको घरबाट स्कूल कति टाढा छ ? कति समय लाग्छ ?

७. समयमै स्कूल पुग्न सकिन्छ ?

८. यदि स्कूल ढिलो पुगियो भने सर मिसहरुले कुनै खालको गाली, सजाय दिने गर्नु भएको छ ?

९. ढिलो आइपुग्नुको कारण कहिल्यै सोध्नु हुन्छ ?

१०. तपाईलाई नियमित स्कूल आउन/जान मन पर्छ ?

११. सानै उमेर देखि नै नियमित स्कूल जानुहुन्थ्यो ?

१२. यदि नियमित जानुहुन्थ्यो भने किन नियमित जानु पर्छ जस्तो लाग्थ्यो ?

१३. तपाई घरको काम गर्नु हुन्छ ? खास गरि कस्तो काम गर्नु हुन्छ ?

१४. सधै गर्नु हुन्छ कि फुर्सदमा मात्र गर्नु हुन्छ ?

१५. घरमा काम गर्नु पर्दा पढ्नलाई पर्याप्त समय हुन्छ ? कुन समयमा पढ्नु हुन्छ ?

१६. तपाई कुन श्रेणीमा उत्तीर्ण हुनुहुन्छ ? तपाईको कक्षाको position कति हो ?

१७. तपाईको पहिला भन्दा कक्षाको position र उत्तीर्ण श्रेणीमा कुनै फरक आएको छ ?

१८. छ भने कस्तो फरक र किन फरक आएको होला ?

१९. घरमा तपाई आफ्नो मातृभाषा बोल्नु हुन्छ ?

२०. स्कूलमा तपाईको मातृभाषामा पढाइ हुन्छ कि हुदैन ?

२१. घरमा मातृभाषा बोल्ने अभ्यासले गर्दा स्कूलमा नेपाली भाषामा पढ्नु पर्दा पढाइएको कुरा बुझ्नलाई समस्या छ, छैन ?

२२. सर मिसहरुले कसरी पढाउनु हुन्छ ? दोभाषे पनि प्रयोग गर्नु हुन्छ ?

२३. अन्य शैक्षिक सामाग्रीहरुको प्रयोग गर्नु हुन्छ, हुन्न ?

२४. नियमित गृहकार्य दिने र त्यसको जाँच गर्ने कार्य हुन्छ कि हुदैन ?

२५. स्कूलमा अन्य अतिरिक्त क्रियाकलापहरु पनि हुन्छ ? तपाई ति क्रियाकलापहरुमा सहभागिता जनाउनु हुन्छ ?

२६. (यदि छात्रा भए) तपाई छोरी मान्छे भएकै कारण घरपरिवारबाट “पढेर के हुन्छर अर्काको घर जाने जात” भन्ने खालको शब्द सुन्नु परेको छ, छैन ?

२७. तपाई पढिसके पछि के बन्न चाहानुहुन्छ ?

## परिशिष्ट - ङ

## उच्चशिक्षा अध्ययन गरिरहेका उत्तरदाताको लागि तयार पारिएको प्रश्नावली

१. नाम..............................उमेर..........................लिङ्ग..........................
कलेज............................शैक्षिक योग्यता.............परिवार संख्या.................

२. तपाईको वुवा के गर्नुहुन्छ ?

३. तपाईको आमा के गर्नुहुन्छ ?

४. तपाईको वुवाआमा शिक्षित/साक्षर/निरक्षर के हुनुहुन्छ ?

५. तपाई अहिले कतिमा, कहाँ पढ्दै हुनुन्छ ?

६. स्कूल पढ्दा तपाईले घरमा काम गर्नु पर्थ्यो ?

७. यदि पर्थ्यो भने कस्तो काम गर्नु पर्थ्यो ?

८. घरको काम गर्नु पर्दा पढ्ने समय पर्याप्त हुन्थ्यो त ?

९. बुबा आमाले पढेको नपढेकोमा कतिको चासो राख्नु हुन्थ्यो ?

१०. तपाईको वुवाआमाले तपाई स्कूल पढ्दा गृहकार्य गरेको–नगरेकोमा चासो राख्नुहुन्थ्यो

११. स्कूल नियमित जानुहुन्थ्यो ? सधै स्कूल जानु मन पर्थ्यो ?

१२. यदि नियमित जानु हुन्थ्यो भने को बाट प्रेरणा र हौसला पाउनु भएको थियो ?

१३. तपाई घरमा आफ्नो मातृभाषा बोल्नु हुन्छ ?

१४. तपाईको स्कूलमा तपाई पढ्ने बेलामा तपाईको मातृभाषामा पढाई हुन्थ्यो ?

१५. यदि हुदैनथ्यो भने घरमा मातृभाषा बोल्ने अभ्यासले गर्दा स्कूलमा नेपाली भाषामा पढ्नु पर्दा बुझ्नु हुन्थ्यो ?

१६. सर मिसहरुले कसरी पढाउनु हुन्थ्यो ? दोभाषे प्रयोग गर्नु हुन्थ्यो ?

१७. नियमित गृहकार्य दिने र त्यसको जाँच गर्ने गर्नु हुन्थ्यो ?

१८. स्कूल पढ्दा तपाईको position कस्तो आउथ्यो ?

१९. तपाई कुन श्रेणीमा उत्तीर्ण हुनुहुन्थ्यो ?

२०. साथीभाइ र तपाई बीच स्कूल पढ्दा कुनै फरक थियो ?

२१. तपाईको साथीहरु अहिले के गर्छन, कहाँ छन् ?

२२. तपाईको घर परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

२३. तपाईहरु कति जना छोराछोरी हो ?

२४. सबै जना स्कूल/कलेज पढ्दै हुनुहुन्छ ?

२५. घरबाटै कलेज धाउन सकिन्छ कि बाहिर बसेर पढ्नु पर्छ ?

२६. यदि घर बाहिर बसेर पढ्नु पर्छ भने घर भन्दा टाढा बसेर पढ्नु पर्दा कुनै समस्या भोग्नु परेको छ, छैन ?

२७. तपाईलाई यहाँसम्म (उच्चशिक्षा) ल्याई पुऱ्याउन परिवारको भुमिका कस्तो थियो ?

२८. साथीभाइ लगायत शिक्षक वर्गको भूमिका कस्तो रह्यो ?

२९. तपाई किन पढ्नु भएको ?नपढ्दा के हुन्छ जस्तो लाग्छ ?

३०. अध्ययन पुरा भएपछि तपाई के गर्ने योजनामा हुनुहुन्छ ?